# राष्ट्रिय साक्षरता अभियानको कार्यान्वयन अवस्था

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय शिक्षा योजना तथा

व्यवस्थापन विभाग स्नातकोत्तर तह (एम.एड.) को

आंशिक आवश्यकता परिपूर्तिको निम्ति प्रस्तुत

शोधपत्र


शोधकर्ता

**शान्ता सुवेदी**

त्रि.वि.वि दर्ता नं. : ५४४२९०

परीक्षा रोल नं. : २४०००४७/द्वितीय वर्ष

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय

शिक्षा योजना तथा व्यवस्थापन विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस


भरतपुर, चितवन

**फागुन, २०६७**

# शिक्षा योजना तथा व्यवस्थापन विभाग

## सिफारिस- पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह एम्. एड्. दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्नका निमित्त शोधकर्ता शान्ता सुवेदीद्वारा तयार पारिएको **"राष्ट्रिय साक्षरता अभियानको कार्यान्वयन अवस्था"** विषयक शोधपत्र मेरो प्रत्यक्ष निर्देशनमा तयार पारिएको हुनाले आवश्यक मूल्याङ्कनको निमित्त सिफारिस गर्दछु ।

..................................

उप. प्रा. रमाकान्त सापकोटा

(शोध निर्देशक)

शिक्षा योजना तथा व्यवस्थापन विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

मिति : २०६७/१०/१२

## शिक्षा योजना तथा व्यवस्थापन विभाग

## स्वीकृति- पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह एम्. एड्. दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि विद्यार्थी शान्ता सुवेदीद्वारा तयार पारिएको **"साक्षरता अभियान र कार्यान्वयन अवस्था"** विषयमा शोधकार्य पूरा गरी स्वीकृतिका लागि प्रस्तुत गर्नु भएको हुनाले मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

## शोध मूल्याङ्कन समिति

1. उप. प्रा.
कुवेरनाथ शर्मा    शोध विभागीय प्रमुख    ..........................

2. उप. प्रा.
रमाकान्त सापकोटा    शोध निर्देशक    ...........................

३ प्रा. ............................    वाह्य परीक्षक    .............................

मिति : २०६७.....................

# कृतज्ञता

प्रस्तुत साक्षरता अभियान र कार्यान्वयन अवस्था अध्ययन शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह, द्वितीय वर्षको पाठ्यभार पूरा गर्नका लागि तयार पारिएको हो । प्रस्तुत शोधपत्र तयारिका क्रममा आफ्नो अमूल्य समय लगानी गरेर आवश्यक सल्लाह तथा सुझाव प्रदान गर्नुहुने शोध निर्देशक आदरणीय गुरु रमाकान्त सापकोटाप्रति हृदय देखि नै आभार प्रकट गर्दछु । त्यसै गरी त्रि.वि. सप्तगण्डकी बहुमुखी क्याम्पस शिक्षा योजना तथा व्यवस्थापन विभागका विभागीय प्रमुख आदरणीय गुरु कुवेरनाथ शर्माप्रति पनि आभार व्यक्त गर्दछु । साथै शोधपत्र तयारीका क्रममा आफ्नो अमूल्य सहयोग पुर्‍याउनु हुने आदरणीय गुरुहरु देनप्रसाद लामिछाने तथा जयकृष्ण शर्मा लगायत सम्पूर्ण सप्तगण्डकी परिवार प्रति पनि कृतज्ञता व्यक्त गर्दछु ।

यस शोधपत्रको तयारीका क्रममा आवश्यक सामग्री संकलन गर्ने कार्यदेखि लिएर सोधपुछका लागि आफ्नो व्यस्त समय दिएर पूर्ण रुपमा सहयोग गर्नुहुने छनौटमा परेका सम्पूर्ण उत्तरदाताहरु तथा आवश्यक तथ्यांक उपलब्ध गराउन सहयोग गर्नुहुने वडा सचिव ज्यूहरु प्रति कृतज्ञ छु । यस शोधपत्र तयारिकै क्रममा शुरु देखि अन्तिम सम्म सामग्री संकलन गर्न तथा शोधपत्र तयार गर्नका लागि आवश्यक सल्लाह, सुझाव र परामर्श प्रदान गर्नुहुने वीरेन्द्र वहुमुखी क्याम्पस भरतपुरका रसायन शास्त्र विभागका विभागीय प्रमुख उप.प्राध्यापक श्री गंगाराज पोखेल ज्यू प्रति पनि आभार व्यक्त नगरिरहन सक्दिन ।

यस शोधपत्रको तयारीकै क्रममा अमूल्य सहयोग तथा सुझाव प्रदान गर्नुहुने साथिहरु हिरादेवी पौडेल, इन्दिरा पौडल, लगायत सम्पूर्ण सहपाठी मित्र एवम् यस अध्ययनका क्रममा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पूर्‍याउनु हुने सम्पूर्ण मित्र, बुद्धिजीवी तथा सुभचिन्तकज्यूहरु प्रति कृतज्ञ छु । साथै यस शोधपत्रलाई कम्प्युटर टाइप तथा व्यान्डिङ्ग गरी अन्तिम रुप प्रदान गर्नुहुने न्यू सौरभ फोटो स्टुडियो एण्ड कम्युनिकेशन परिवारप्रति कृतज्ञता व्यक्त गर्दछु ।

शोधकर्ता

शान्ता सुवेदी

# शोध सार

निरक्षरता उन्मुलनका लागि सञ्चालन गरिएको राष्ट्रिय साक्षरता अभियानको कार्यान्वयन अवस्था शीर्षक राखेर गरिएको यो शोध अध्ययनमा तीनवटा उद्देश्यहरु राखिएको छ । पहिलो उद्देश्य अनौपचारिक शिक्षा केन्द्रद्वारा सञ्चालित राष्ट्रिय साक्षरता अभियानको कार्यान्वयन अवस्थाको लेखाजोखा गर्ने रहेको छ । दोस्रो उद्देश्यमा साक्षरता अभियान सञ्चालन गर्दा देखिएका समस्याहरु पहिचान गर्ने रहेको छ । त्यसै गरी तेस्रो उद्देश्यमा राष्ट्रिय साक्षरता अभियान सञ्चालनमा देखिएका समस्याहरुको समाधानका उपायहरु सुझाउने रहेको छ ।

यस अध्ययनलाई सरल सहज र उद्देश्यपूर्ण बनाउनका लागि उद्देश्य मूलक नमूना छनौट विधि अन्तर्गत यो अध्ययन गुणात्मक विधिमा आधारित छ । अवलोकन, अन्तर्वाता, छलफल विधि अन्तर्गत यो अध्ययन पूरा गरिएको छ । चितवन जिल्ला भरतपुर नगरपालिका  अन्तरगतका ४० वटा वडाहरु मध्ये ४ वटा वडा का २,२ वटा साक्षरता कक्षा केन्द्रका १,१ वटा साक्षरता स्वयम्सेवक, सहभागी, स्थानीय निरीक्षक र संयोजक गरी जम्मा २० जनालई यस अध्ययनको नमूनाको रुपमा समेटिएको छ ।

प्रारम्भिक तथ्यांक संकलनका लागि छनौटमा परेको जनसंख्यालाई म आफै उपस्थित भई संयोजक, निरीक्षक र स्वमय्सेवको सहयोग र सहभागिताबाट प्रश्नावली भरी तथ्यांक संकलन गर्ने कार्य गरिएको छ । द्वितीय तथ्यांक अन्तर्गत विभिन्न पत्र पत्रिका, सम्बन्धित विषयका शोधपत्रहरु लेख रचनाहरुलाई आधार मानिएको छ । प्राप्त तथ्यांकहरुलाई व्याख्या विश्लेषण गर्ने क्रममा साक्षरतासँग सम्बन्धित ज्ञान सीपलाई आधारभूत आवश्यकता मानि विश्लेषण गर्ने कार्य मास्लोको अभिप्रेरणा र आवश्यकताको श्रेणी सम्बन्धी सिद्धान्तको व्याख्यासँग सम्बन्धित गराई अध्ययन गरिएको छ  ।

यस अध्ययनको नमूना छनौटमा परेका ४०वडा वडाहरु मध्ये ४ वटा वडाहरुमा सञ्चालन भएको साक्षरता अभियानको कार्यान्वयन अवस्थालाई हेर्दा सहभागीहरुको उपस्थिति राम्रो भएको पाइयो । कुनै कुनै कक्षाकेन्द्रहरुमा सहभागीहरुको चाप अत्यन्त बढी भएकोले पाठ्यपुस्तकहरु अपुग भएको पाइयो । अध्ययनका लागि धेरैजसो विद्यालयको कक्षाकोठा र घरको वरण्डा प्रयोग गरेको पाइयो । प्रत्येक महिनाको अन्तिममा स्थानीय निरीक्षकबाट गरिनुपर्ने अनुगमन निरीक्षण नभएको पाइयो । सहभागीहरु र स्वयम्सेवक बीचको सम्बन्ध राम्रो भएको पाइयो ।

अध्ययनका क्रममा निरक्षरता उन्मूलनका लागि चालिएको साक्षरता अभियानको कार्यान्वयनको अवस्थाका बारेमा सम्बन्धित व्यक्तिहरुको भनाईबाट पनि प्रष्ट पारिएको छ । यसका लागि साक्षरता अभियानसँग सम्बन्धित पक्षहरुले सक्रिय भूमिका निर्वाह गर्नु पर्ने देखिन्छ । निरक्षरता उन्मूलन गर्ने सम्पूर्ण निकाय तथा सर्वपक्षीय सदासयताले महत्वपूर्ण भूमिका खेल्न सक्छ भन्ने यथार्थ जानकारी हुँदा

हुँदै पनि सम्पूर्ण निकायहरुमा अनुगमन र निरीक्षणको कमी, अभियानमा दलीय स्वार्थको भावना, सेवा सुविधामा कमी, तालिमको अभाव, पूरानै परिपाटीमा कार्यक्रम, वास्तविक तथ्यांक पाउन गाह्रो, लक्षित वर्गको पहुँचमा कमी, अव्यवहारिक कार्यक्रम कार्यान्वयन, समयमा कार्यक्रम नै प्राप्त नहुनु, जस्ता समस्या रहेको पाइयो ।

राष्ट्रिय साक्षरता अभियानको सफल कार्यान्वनका लागि साक्षरता अभियानलाई दलीय स्वार्थबाट टाढा राखिनु पर्दछ, शिक्षामा रानीतीकरण गरिनु हुँदैन । हुन त साक्षरता अभियानमा सम्पूर्ण रानीतिक दलको सहभागिता हुनुपर्दछ भनिएतापनि वैधानिक प्रावधान अनुसार सञ्चालन हुन सकेको भने पाइएन । केन्द्रिय स्तरको अनौपचारिक केन्द्र देखि लिएर स्थानीय स्तरको गा.वि.स. र नगरपालिका सम्मका निकाय बीच अभियानका बारेमा स्पष्ट र दोहोरो सञ्चार हनुपर्ने देखियो । कार्यक्रमको पारदर्शीता समबन्ध र समन्य हुनु जरुरी छ । अभियान कार्यान्वयन गर्न खटिएका व्यक्तिहरु संयोजक, निरीक्षक र स्वयम् सेवकलाई तालिमको व्यवस्था हुनुपर्ने । साक्षरता स्वयम्सेवक घरघरमा गएर तथ्यांक संकलन गनुपर्ने, केन्द्रिय स्तरबाट कार्यक्रम समयमा पठाउनु पर्ने, सहभागीहरुलाई प्रत्यक्ष लाभ हुने खालका जीवनोपयोगी जस्तै : सिलाई, बुनाई, स-साना घरेलु सीप सम्बन्धी कार्यक्रम सञ्चालन गरिनु पर्ने जस्ता कुराहरु सुझावको रुपमा पेश गरिएको छ ।

# विषय सूची


| | |
|---|---|
| **सिफारिस- पत्र** | **I** |
| **स्वीकृति-पत्र** | **II** |
| **कृतज्ञता** | **III** |
| **शोधसार** | **IV** |
| **विषय सूची** | **VI** |
| **तालिका सूची** | **VIII** |
| **संक्षिप्त शब्दावली सूची** | **IX** |

**परिच्छेद एक : परिचय**

| | |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | 1 |
| १.२ समस्याको कथन | 14 |
| १.३ अध्ययनको औचित्य | 15 |
| १.४ अध्ययनको उद्देश्य | 16 |
| १.५ अनुसन्धानात्मक प्रश्नहरू | 16 |
| १.६ अध्ययनको परिसीमा | 17 |

**परिच्छेद दुई :सम्बन्धित साहित्यको पुनरावलोकन तथा अध्ययनको सैद्धान्तिक खाका**

| | |
|---|---|
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | 18 |
| २.२ अध्ययनको सैद्धान्तिक खाका | 27 |
| २.३ शैक्षिक उपादेयता | 29 |

**परिच्छेद तीन : अध्ययन विधि**

| | |
|---|---|
| ३.१ अनुसन्धानको ढाँचा | 31 |
| ३.२ जनसंख्या र नमूना छनोट | 31 |
| ३.३ तथ्याङ्कका स्रोतहरू | 32 |

३.४ अध्ययन साधनको छनोट र परीक्षण 32

३.५ तथ्याङ्क संकलन प्रक्रिया 33

३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया 34

**परिच्छेद चार : तथ्यांकको व्याख्या तथा विश्लेषण**

४.१ राष्ट्रिय साक्षरता अभियानको कार्यान्वयन अवस्था 35

४.१.१ साक्षरता अभियान कार्यान्वयनको लागि विभिन्न निकायहरुको भूमिका 38

४.१.२ साक्षरता अभियानले जनसमुदायमा पारेको प्रभाव 40

४.१. ३ सहभागीहरुको जातिय लैङ्गिक र वर्गीय उपस्थिति 42

४.१.४ साक्षरता अभियानको सफल कार्यान्वयनका लागि अभियुक्त धारणा र स्वयम्सेवकको धारणा 44

४.१.५ अध्ययन क्षेत्रका वडाहरुको साक्षरता स्थिति 46

४.२ साक्षरता अभियान कार्यान्वयनमा देखिएका समस्याहरु 48

४.३ साक्षरता अभियानको कार्यान्वयनको सफलताका लागि सुझावहरु 53

**परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरु**

५.१ प्राप्ति 57

५.२ निष्कर्ष 59

५.३ सुझावहरु 60

**सन्दर्भग्रन्थ**

**अनुसूचीहरु**

# तालिका सूची

तालिका नं. १ सहभागीहरुको उपस्थिति 43

तालिका नं. २ अध्ययन क्षेत्रका वडाहरुको साक्षरता स्थिति 47

# संक्षिप्त सब्दावली सूची

| | |
|---|---|
| गा.वि.स | : गाउँविकास समिति |
| जि.शि.का | : जिल्ला शिक्षा कार्यलय |
| न.पा. | : नगरपालिका |
| ATLP | : Appeal Training Materials for Literacy Personnel |
| CLC | : Community Learning Center |
| DDC | : District Development Committee |
| DEO | : District Education Officer |
| DNEC | : District Non formal Education Committee |
| DED | : Decaded of Education Development |
| EFA | Education for all |
| LGB | : Local Government Bodies |
| MOE | : Ministry of Education |
| NFE | : Non Formal Education |
| NFEC | : Non Formal Education Center |
| NGO | : Non Governmental Organization |
| NEC | : National Education Commission |
| RED | : Regional Education Director |
| UNESCO | : United Nation Education Scientific and Cultural Organization |
| UNLD | : United Nation Literacy Decided |
| UNICEF | : United Nation International Child Emergency Fund |

# परिच्छेद एक :
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव सभ्यताको विकास संगसंगै शिक्षाको पनि विकास भएको हो । मानव सभ्यताको विकासक्रमलाई काल खण्डका आधारमा ढुङ्गे युग, प्राचिन युग, मध्य युग र आधुनिक युग भनी विभाजन गरिएको पाइन्छ । ढुङ्गे युगका मानिसहरुको रहन-सहन, बसाइ, उठाइ र काम गराइको तरिका एक प्रकारको थियो भने प्राचिन, मध्य र आधुनिक युगमा यी सम्पूर्ण कुराहरुमा परिवर्तन आयो । मानिस समाजमा बस्न थाले, सिक्ने र सिकाउने प्रक्रिया ठूलाबाट सानालाई र जान्नेबाट नजान्नेलाई गर्दै निरन्तर रुपमा अघि बढ्दै गयो । यी सम्पूर्ण परिवेशहरुलाई आधार मान्दा अनौपचारिक शिक्षा सबैभन्दा जेठो शिक्षा मानिन्छ, ( शर्मा एण्ड शर्मा २०६३) ।

आज अनौपचारिक शिक्षाले विश्वव्यापि रुपमा निकै मान्यता प्राप्त गर्दै आएको छ । विज्ञान र प्रविधिले गरेको विकास र समाजले गरेको असंख्य मागहरुलाई औपचारिक शिक्षाले मात्र पूरा गर्न सकेन । मानिसहरुमा भएको वर्ग विभाजनलाई साँगुरो बनाउन सकेन । धनी झन् झन् धनी र गरीव तथा सुविधा विहिन तल्लो वर्ग झन् झन् गरीव बन्दै गए । १९६० को दशकमा आएर फिलिप कुम्बसले अनौपचारिक शिक्षालाई संरचना प्रदान गर्ने काम गरे । इभान इलिचको को विद्यालय मरिसक्यो, पाउलो फ्रेरेको Pedagogy of the Oppressed, रेमर को विद्यालय विहीन समाजको चिन्तनहरु अगाडि आए । जुलियस नेरेरेले उजामा मोडल को विकास गरे । हाल आएर अनौपचारिक शिक्षा औपचारिक शिक्षाको विकल्पका रुपमा उभिने अवसर पाएको छ, ( शर्मा एण्ड शर्मा, २०६३) ।

नेपालमा अनौपचारिक शिक्षाको एतिहासिक पृष्ठभूमि केलाउँदा गुरुकूल शिक्षा, २००४ को आधार शिक्षा, ३ महिने प्रौढ शिक्षा हुँदै योजनाबद्ध रुपमा २०१३ सालको प्रथम पञ्चवर्षीय योजनाबाट थालनी भएको हो । २०२८ सालमा प्रौढ साक्षरता र कार्यमूलक शिक्षा बनाउन जोड दिइयो , २०३७ सालमा अनौपचारिक शिक्षामा मुख्य शब्द पद्धति अवलम्बन गरियो । वि.सं. २०३९ सालमा परियोजनागत रुपमा ग्रामिण विकासका लागि सेती परियोजना अन्तर्गत

कार्यमूलक चेलिवेटी शिक्षा कार्यक्रम, २०४७ सालमा साक्षरताका लागि प्रौढ चेलिबेटी तथा बाल शिक्षाका कार्यक्रम, २०५३ मा राष्ट्रिय अनौपचारिक शिक्षा परिषद् गठन गरी प्रौढ साक्षरता, साक्षरता र बालशिक्षा कार्यक्रम सञ्चालन भए । २०५६ मा विभागीय स्तरको अनौपचारिक शिक्षाकेन्द्र नामको केन्द्रिय कार्यालय स्थापना भयो । २०५७ देखि बैकल्पिक विद्यालय कार्यक्रम थालनी गर्दै २०६२।०६३ मा बीचैमा कक्षा छाडेका बालबालिकाका लागि कार्यक्रम परीक्षण र २०६५ देखि साक्षरता अभियान सञ्चालन गरी "साक्षर बनौं क्षमता बढाऔं" भन्ने नाराका साथ आगामी २ बर्षमा सबै नागरिकलाई साक्षर बनाइ निरक्षरता उन्मूलन गर्ने कार्यक्रम सञ्चालन भइरहेका छन्, (साक्षरता विशेषाङ्क, २०६६) ।

**के हो अनौपचारिक शिक्षा ?**

औपचारिक शिक्षाको ४ दिवाल बाहिर अर्थात अनौपचारिक पद्धति बाहिर लचिलो ढंगबाट दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागीहरु आफ्नो जीवनमा आइपर्ने समस्याहरुका बारेमा छलफल समस्याको समाधान र निर्णय कार्यान्वयन गरी आफ्नो जीवनको इतिहास आँफै लेख्छन्, ( पाउलो फ्रेरे १८९०,का अनुसार)

आफ्नो मातृ भाषा वा राष्ट्र भाषामा लेखिएका दैनिक जीवनसँग सम्बन्धित छोटो र साधरण वाक्यहरु लेखपढ गर्न सक्ने र बुझेका कुरा एक आपसमा राम्ररी सञ्चार गर्न सक्ने सीप प्रदान गराउने पद्धति नै अनौपचारिक शिक्षा हो, ( साक्षरता अभियान, २०६५) ।

अनौपचारिक शिक्षा औपचारिक शिक्षाको प्रतिस्पर्धि होइन पूरक भएर जन्मिएको हो । यस क्षेत्रका ज्ञाताहरुले यसलाई Umbrella term को रुपमा पाएका छन् । किन भने यसले सबै उमेर र सबै रुचि भएको सबैखाले सहभागीहरुको शैक्षिक आवश्यकता पूरा गरेको हुन्छ । अनौपचारिक शिक्षा विद्यालय शिक्षा जस्तो Rigid हुँदैन बरु लचिलो हुन्छ । यो Globel nature को नभइ Local nature को हुन्छ । अनौपचारिक शिक्षाले विकासका मानवीय सूचकसँग सिधै सम्पर्क राखेको हुन्छ, ( काफ्ले, २०६१) ।

अनौपचारिक शिक्षाका विभिन्न प्रकारहरु मध्ये साक्षरता शिक्षा पनि एक हो । विभिन्न सामाजिक, आर्थिक कारणले गर्दा शिक्षा अवसरबाट वञ्चित हुन पुगेका प्रौढ महिला र बालबालिकाहरुका लागि उनीहरुको अनुकूल वातावरण तथा समय मिलाइ गुणात्मक रुपमा साक्षर हुने अवसर दिलाउन राष्ट्र व्यापि रुपमा अनौपचारिक शिक्षा केन्द्रले विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । यसरी सञ्चालित विभिन्न कार्यक्रमहरु मध्ये राष्ट्रिय साक्षरता अभियान कार्यक्रम पनि एक हो, (अनौपचारिक शिक्षा केन्द्र एक चिनारी, २०६६) । साक्षरता विकासको महत्वपूर्ण सूचक हो । साक्षरताको विकासले विकास सूचकमा वढोत्तरी मात्र गर्दैन साक्षर  बनाएर नागरिकलाई आफ्नो अधिकार र कर्तव्य प्रति सचेत वनाउँछ भने सीप सिकेर स्तरीय जीवन यापनका लागि पनि आधार प्रदान गर्दछ । साक्षर बन्न पाउनु मानिसको आधारभूत अधिकार पनि हो, ( साक्षरता विशेषङ्क, २०६६) ।

साक्षरता कार्यक्रम के हो र नेपालमा यो कहिलेदेखि शुरुभयो भन्ने सन्दर्भमा सामान्य रुपमा पढ्न लेख्न गणितीय सीप व्यवहारमा प्रयोग गर्न सक्ने व्यक्तिलाई साक्षर भनिन्छ । तर के कति पढ्न र हरहिसाब गर्न सक्ने व्यक्तिलाई साक्षर भन्ने हो यसबारे मत मतान्तर देखिन्छ । तापनि शिक्षकको लगातार मद्दत विना आफैले अध्ययन जारी गर्न सक्ने व्यक्तिलाई साक्षर भनिन्छ । निरक्षर तथा अशिक्षित व्यक्तिहरुलाई साक्षर तथा शिक्षित बनाउन चलाईने कार्यक्रम नै साक्षरता कार्यक्रम हो । नेपालमा साक्षरता कार्यक्रमको शुरुवात गुरुकूल शिक्षा  प्रणालीबाट भएको अड्कल गर्न सकिन्छ । राणाकालमा समेत यो क्रम जोडिन पुग्छ । वि.सं. २००९ सालमा संयुक्त राष्ट्र कार्यमण्डलको सहयोगमा शिक्षामन्त्रालयले डब्लु एफ.एफ. का डाक्टर फ्र्याङ्क लोव्याकको नेतृत्वमा प्रौढ साक्षरता शिक्षाका प्रारम्भिक सामग्री तयार गर्न लगायो यसलाई साक्षरताको विकास र प्रचारको पहिलो कडीको रुपमा लिइएको छ । नेपाल राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन ( सरदार रुद्रराज पाण्डे अध्यक्ष रहेको सन् १९५५) ले प्रौढहरुलाई साक्षरतासँग कृषि र गृहोन्नती शिक्षा आदि दिनुपर्ने सिफारिस गऱ्यो । यस ताकासम्म साक्षरता कार्यक्रमको उद्देश्य कार्यमूलक नभई साक्षरतामैं सिमित थियो । वि.सं. २०२२ सालदेखि भने साक्षरतालाई कार्यमूलक बनाउने प्रयास भयो । रा.शि.प.यो (२०२८-२०३२) ले प्रौढ साक्षरतालाई वृद्धि गर्ने र कार्यमूलक बनाउनु पर्ने कुरामा जोड दियो । वि.सं. २०३५ साल पछि कार्यमूलक साक्षरता र सीप प्रदान गर्ने उद्देश्यले राष्ट्रिय साक्षरता कार्यक्रम शुरु गरी प्रौढहरुका लागि बहुसन्देशनात्मक पाठ्य सामग्रीहरुको विकास गरी शिक्षण

विधिमा समेत सुधार गरियो । वि.सं. २०३९-२०४०साल पछि शुरुभएको ग्रामिण विकासका निम्ति सेती शिक्षा परियोजना, प्राथमिक शिक्षा विकास परियोजना र आधारभूत शिक्षा परियोजनाहरुबाट प्रौढ शिक्षा कार्यक्रमका अतिरिक्त अन्य थप कार्यक्रमहरु समेत सञ्चालन गरेको पाइन्छ, (पाण्डे, २०५९) ।

शुरुका बर्षमा अनौपचारिक शिक्षा कार्यक्रम शिक्षामन्त्रालय अन्तर्गतका सरकारी निकायहरुमा पनि खासगरी पाठ्यक्रम विकास केन्द्रको अनौपचारिक शिक्षा महाशाखा, शिक्षामन्त्रालयको अनौपचारिक शिक्षा शाखा, आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाको अनौपचारिक शिक्षा एकाइ र राष्ट्रिय अनौपचारिक परिषद्को सचिवालयबाट भिन्न भिन्न रुपमा सञ्चालन हुँदै आएकोमा उक्त कार्यक्रम एकिकृत गरी एउटै छातामा ल्याइ सञ्चालन गर्न शिक्षामन्त्रालयको नीति २०५६ को निर्णय अनुसार अनौपचारिक शिक्षा केन्द्रको स्थापना भयो र सो पश्चात अनौपचारिक शिक्षा सम्बन्धी सम्पूर्ण काम यस केन्द्रले गर्दै आएको छ । नेपाल राष्ट्रिय र अन्तराष्ट्रिय मञ्चहरुमा व्यक्त गरेका प्रतिवद्धताहरु पूरा गर्न अग्रसर छ । सबैका लागि शिक्षा डाकार घोषणा अनुसार सन् २०१५ अर्थात् १२ औं योजनाको मध्यसम्ममा सबै वयस्क नेपालीहरुलाई साक्षर गराउनु पर्ने देखिन्छ । यसै सन्दर्भमा अनौपचारिक शिक्षा कार्यक्रमलाई विकेन्द्रित शैक्षिक व्यवस्थापनका अवधारणा अुनसार स्थानीय निकायलाई जिम्मेवारी सुम्पने प्रयास समेत भइरहेको छ, (पाण्डे, २०५९) ।

नेपालमा वि.सं. २००७ सालमा प्रजातन्त्रको उदय हुँदा साक्षरता प्रतिशत २ रहेकोमा क्रमशः वृद्धि भइ २०३८ सालमा २३ प्रतिशत र २०४८ सालमा ३९.६ प्रतिशत पुगेको देखिन्छ । वि.सं. २०४८ सालको जनगणना अनुसार पुरुष साक्षरता ५५ प्रतिशत र महिला साक्षरता २२ प्रतिशत देखिन्छ । वि.सं. २०५८ सालको जनगणना अनुसार नेपालको कूल जनसंख्या २३१५१४२३ रहेको मा पुरुषको कूल संख्या ११५६३९२१ ( ४९.९६ प्रतिशत) र महिलाको कूल संख्या ११५८७५०२ ( ५०.०४) प्रतिशत रहेको देखिन्छ । विश्वमा अहिले पनि झण्डै ८६.२ करोड प्रौढहरु निरक्षर छन् । तिमध्ये २ तिहाई अर्थाथ झण्डै ५९ करोड महिलाहरु निरक्षर छन् । नेपालको सन्दर्भमा वि.सं. २०५८को जनगणना अनुसार ६ वर्ष माथिका १९२५०००० जनसंख्या मध्ये ७०६५००० नेपालीहरु निरक्षर

छन् । हाल आएर निरक्षरहरुको संख्या ७८ लाख पुगेको अनुमान गर्न सकिन्छ , ( काफ्ले, २०६१) ।

विश्वका विकसित तथा विकासोन्मुख देशहरुमा पनि निरक्षरता उन्मूलनका लागि साक्षरता अभियान सञ्चालन गर्दै आएको पाइन्छ । यसरी अभियान सञ्चालन गर्ने मूलुकहरुमा समाजवादी, साम्यवादी मूलुकहरु पर्दछ । यी राष्ट्रहरुले पटक पटक लामो र छोटो अवधिका साक्षरता अभियानहरु सञ्चालन गरेर साक्षरता हासिल गरेको पाइन्छ । ती विभिन्न मूलुकका साक्षरताको दर निम्नाअनुसार छन् :

| नाम | साक्षरता प्रतिशत |
|---|---|
| जर्जिया | 100 |
| क्युवा | 99.8 |
| इस्टोमिया | 99.8 |
| क्यानडा | 99 |
| डेनमार्क | 99 |
| जापान | 99 |
| यू.के. | 99 |
| यू.एस.ए. | 99 |
| नेपाल | 56.5 |
| नाइजरिया | 28.7 |
| वार्किमोड | 28.7 |
| मालि | 26.4 |

स्रोत : H.D.R,(2009)

विश्वका मूलुकहरुको साक्षरताको अवस्थालाई हेर्दा नेपाल १८० राष्ट्रहरु मध्ये १६० औं स्थानमा रहेको देखिन्छ । सामान्य अर्थमा बुझ्दा सामान्य रुपबाट पढ्न लेख्न जान्नुलाई साक्षरता भनिन्छ । साक्षरता भनेको व्यक्तिलाई सचेत बनाउन दिइने आधारभूत तहको ज्ञान हो । साक्षरता प्रत्येक व्यक्तिका लागि अत्यावश्यक शिक्षण हो । साक्षरता सिकाइको प्रमुख तह हो । साक्षरता शिक्षण

सिकाइको  आधार हो । साक्षरता नयाँ नयाँ ज्ञान र सीप सञ्चार गर्ने प्रभावकारी माध्यम हो । साक्षरताको परिचय विभिन्न तरिकाले दिइएता पनि समय, काल परिस्थिति र आवश्यकता अनुसार साक्षरताको परिभाषा निम्नानुसार गरिएको पाइन्छ :

**क) साक्षरताको परम्परागत परिभाषा**

साक्षरताको परम्परागत धारणाको सबैभन्दा स्पष्ट परिभाषा हो, " अक्षर चिन्नु साक्षर हो भने अक्षर नचिन्नु निरक्षर हो" । सामान्यतया जीवन यापनमा मानिसलाई सामान्य लेखपढ गर्न सक्नु, दैनिक जीवनमा आइपर्ने हर हिसाब, जोडघटाउ, गुणन भाग गर्न सक्नु अति आवश्यक कुराहरु गर्नका लागि चाहिने ज्ञानको सीप प्राप्त गर्नुलाई साक्षर भनिन्छ । यो परम्परागत धारणा हो । परम्परागत धाराणा अनुसार निम्न तीनवटा आरहरु प्राप्त गर्नेलाई साक्षरता मानिन्थ्यो :

क) पढाइ (Reading)

ख) लेखाइ (Writing)

ग) गणितीय सीप(Arthimatic)

त्यसैगरी वृहत नेपाली शब्दकोषका अनुसार अक्षर चिनेको वा अलिकति लेखपढ गर्न सक्ने व्यक्तिलाई  साक्षर भनिन्छ ।

**ख) साक्षरताको आधुनिक परिभाषा**

साक्षरता भनेको अक्षर चिन्न, पढ्न लेख्न जान्नु हो । यही मान्यताका आधारमा युनेस्कोले साक्षरता सम्बन्धी कार्यक्रम अघि सार्दै आएको छ । साक्षरता भनेको आधारभूत आवश्यकता पूरा गर्न सचेत बनाउने एक माध्यम हो । युनेस्को ले देश, समय र परिस्थिति अनुसार साक्षरताको परिभाषालाई विकसित र परिस्कृत गर्दै आएको छ । परम्परागत चिन्तनमा साक्षरताको परिभाषा 3 RS मा सिमित थियो भने अहिले साक्षरतालाई 7 RS मा पुऱ्याएको छ ।

यति मात्र नभई १९८०को दशमा पढाइ, लेखाइ र संख्या सम्बन्धी परम्परागत सीपका अतिरिक्त कार्यमूलक साक्षरता सिकाइ भित्र सामाजिक, आर्थिक र सांस्कृतिक अवश्यकताहरु समेतलाई युनेस्कोले साक्षरता भित्र समेटेको छ ।

**ग) साक्षरताको परितवर्तित परिभाषा**

युनेस्को ले २१ औं शताब्दिको शिक्षाको चारवटा स्तम्भहरु को घोषणा गरेको छ । साक्षरताले ती चारै वटा स्तम्भहरुलाई समेट्नु पर्ने कुरामा जोड दिएको छ ।

क) जान्नका लागि (Learning to know)

ख) गर्नका लागि (Learning to do)

ग) वन्नका लागि (Learning to be)

घ) सहजीवनका लागि (Learning to live together)

यसका साथसाथै युनेस्को ले विज्ञान र प्रविधिको तिव्र विकास र प्रतिस्पर्धा बढी रहेको आजको परिवेशमा २१ औं शताब्दीका साक्षरताका अंगहरु भनी निम्न कुराहरुको बारेमा व्याख्या विश्लेषण गरेको पाइन्छ :

**क) सूचना र प्रविधि**

विज्ञान र प्रविधिको तीव्र विकास भईरहेको आजको परिवेशमा साक्षरता शिक्षालाई आधारभूत शिक्षासँग समायोजन गरेको पाइन्छ । साक्षरतालाई 3 RS र 7 RS मा मात्र सिमित नराखेर बदलिंदो विश्व परिवेशका सूचना र प्रविधिलाई सजिलै बुझ्न सक्ने खालको शिक्षाको आवश्यकता पर्ने हुन सक्छ । पढेलेखेको व्यक्तिलाई पनि कम्प्युटरको साक्षरता सिकाइको आवश्यकता पर्न सक्छ । अतः २१ औं शताब्दिको साक्षरताको एउटा अंग सूचना र प्रविधि हो ।

**ख) शान्तिशिक्षा**

अहिलेको विश्व प्रतिष्पर्धाको विश्व हो । विज्ञान प्रविधि, शिक्षण सिकाइ र ज्ञान सीप जस्ता विषयमा प्रतिष्पर्धा हुनु भनेको स्वस्थ प्रतिष्पर्धा हो जसले मानव जगतको हित हुने कार्य गर्दछ तर विभिन्न सामरिक हातहतियारको प्रयोग र उत्पादनमा समेत होडबाजि सिर्जना भएको अवस्थामा अस्वस्थ प्रतिष्पर्धाको वदलामा स्वस्थ प्रतिस्पर्धामा वृद्धि गर्न साक्षरतालाई शान्ति शिक्षाको रुपमा विकसित गरिएको छ । अतः शान्ति शिक्षा पनि २१ औं शताब्दिको साक्षरताको अंग बनेको छ ।

**ग) विश्वबन्धुत्व, अन्तराष्ट्रिवाद र मानवतावाद**

अहिलेको विश्व द्वन्द्व, अशान्ति, असमझदारी, अविश्वास, विनास, असहिष्णुता र रंग भेद जस्ता चुनौतिहरुको सामना गर्दै गरेको विश्व हो । यी विविध पक्षहरुमा मैत्रीभाव, विश्वबन्धुत्व, मानववाद र भाइचाराको विकास गराउन अति आवश्यक छ । साक्षरताले यी सबै पक्षहरुको

विकास गर्न सहयोग पुऱ्याउनु पर्दछ । अतः विश्वबन्धुत्व, अन्तराष्ट्रियवाद र मानववादको पक्ष पनि २१ औं शताब्दिको साक्षरताको अंग मान्न सकिन्छ ।

**घ) सशक्तिकरण**

अहिलेको विश्व विकसित र अल्प विकसित मूलुकहरुको दर्जामा विभाजित छ । मानिसहरु आर्थिक, सामाजिक, राजनैतिक विविध हिसाबले सम्पन्न र विपन्न वर्गमा विभाजित छन् । यो सम्पन्नता र विपन्नता बीचको दुरीलाई सानो बनाउनु आजको आवश्यकता हो । साक्षरताको माध्यमबाट विपन्न वर्गहरुलाई स-शक्तिकरण प्रदान गर्नु आजको आवश्यकता हो । अतः स-शक्तिकरणलाई पनि २१ औं शताब्दिको साक्षरताको अंग मान्न सकिन्छ ।

**घ) प्रजातन्त्र र यसको विकास**


माथि उल्लेख गरिएका साक्षरताका अंगहरु आजको २१ औं शताब्दिको विश्वमा देखिएका विविधताका उपज हुन् । यी विविधतालाई समाधानको बाटोमा लान सबै मूलुकहरु प्रयासरत छन् । यस्ता प्रयासहरु राजनैतिक प्रयास हुन् । यसको माध्यम भनेको प्रजातन्त्र हो । तसर्थ साक्षरताको माध्यमबाट सबै मूलुकहरुको प्रजातान्त्रिक विकास गराउनु आजको आवश्यकता हो । त्यसैले प्रजातन्त्र र यसको विकास पनि २१ औं शताब्दिको साक्षरताको अंग हो (शर्मा एण्ड शर्मा,२०६३) ।

नेपलमा विगत्का वर्षहरुमा सञ्चालन भएका साक्षरताका कार्यक्रमहरुलाई नियालेर हेर्दा ती कार्यक्रमहरुबाट आसा गरे अनुरुपको सफलता हासिल गर्न सकिएको छैन । यस्तो अवस्थालाई मध्यनजर गरेर देशमा भएको बढ्दो निरक्षरहरुको संख्यालाई कम गर्न वा निरक्षरता उन्मूलन गर्न साक्षरता कार्यक्रमलाई कार्यक्रमको रुपमा नभई अभियानको रुपमा २०६५ देखि सञ्चालन गरिंदै आएको छ । उक्त कार्यक्रमलाई निरन्तरता दिन र आगामी २ वर्ष भित्रमा निरक्षरता उन्मूलन गर्न राष्ट्रिय साक्षरता अभियान (२०६६-०६७) सञ्चालन गरिएको हो । यस अभियानमा स्थानीय स्तर देखि केन्द्रीय स्तर सम्मका सम्पूर्ण निकायहरुको सक्रिय सहभागितामा कार्यक्रम सञ्चालन गरिएको छ ।

गत वर्ष २०६५/०६६ को साक्षरता अभियान कार्यक्रमलाई २ चरणमा सञ्चालन गरिएको थियो । पहिलो कार्यक्रम देशभरी सञ्चालन भएको थियो जसमा ४१४३० कक्षाहरु सञ्चालन भएकोमा

१२१६५९० प्रौढहरु भर्ना भएका थिए । दोस्रो चरणमा देशभरीमा जम्मा ४७८८० कक्षाहरु सञ्चालन भएकोमा जम्मा १३९५३९० व्यक्तिहरु भर्ना भए, (NFE) । उक्त अनौपचारिक शिक्षा कार्यक्रम जिल्ला विकास समिति र स्थानीय निकायको संयुक्त प्रयासमा सञ्चालन गरिएको थियो । यस कार्यक्रमबाट २६ लाख व्यक्तिहरु लाभान्वित भएका थिए तापनि अभियानले अन्तिम अवस्थामा आएर उद्देश्य अनुसारको सफलता प्राप्त गर्न सकेको थिएन ।

अनौपचारिक शिक्षा कार्यक्रम केबल सरकारको जिम्मेवारी मात्र नभएर यस कार्यक्रमको सफल कार्यान्वयनका लागि केन्द्रीय स्तर देखि स्थानीय स्तर सम्मका सम्पूर्ण व्यक्तिहरुको दायित्वको रुपमा लिन जरुरी छ । साक्षरता कार्यक्रमको कार्यान्वयको लागि माथिल्लो निकाय देखि तल्लो तह सम्मका तहगत संरचनाहरु निर्माण गरिएको छ । अनौपचारिक शिक्षा कार्यक्रमको वर्तमान सांगठनिक संरचनालाई तलको चित्रबाट स्पष्ट पार्न सकिन्छ :



**राष्ट्रिय साक्षरता अभियान कार्यक्रम (२०६६-०६७)**

साक्षरता विकासको महत्वपूर्ण सूचक हो । शिक्षा नै हरेक उन्नतिको महान हो । साक्षर बन्न पाउनु हरेक नागरिकको आधारभूत मानव अधिकार हो । साक्षरताले नागरिकलाई आफ्नो अधिकार र कर्तव्य प्रति सचेत बनाउँदछ र स्तरीय जीवनयापनका लागि आधार प्रदान गर्दछ । शिक्षा विना कुनै पनि व्यक्तिले आधुनिक ज्ञान र सीप हासिल गरी आफ्नो व्यक्तिगत, पारिवारिक र सामुदायिक विकासको काममा सघाउ पुऱ्याउन सक्दैन । राष्ट्रिय जनगणना २०५८ ले कूल जनसंख्या मध्ये ६५ प्रतिशत पुरुष र ४३ प्रतिशत महिला गरी जम्मा ५४ प्रतिशत जनसंख्या साक्षर रहेको देखाएको छ । ५४ प्रतिशत साक्षरताको अति रिक्त थप ६ प्रतिशत जनसंख्याले मात्र पढ्न जान्दछन् । भन्ने कुरा उल्लेख गरिएको छ । मानव विकास प्रतिवेदन २००९ ले ५ वर्ष भन्दा माथिको साक्षरता ६३ प्रतिशत देखाएको छ ।

युनेस्को काठमाण्डौले सन् २००६ मा नेपालमा निरक्षरताको संख्या ७८लाख देखाएको छ । यति ठूलो निरक्षरहरुको जमातलाई समान्य र परम्परागत ढाँचाबाट साक्षर बनाउनु प्राय सम्भव देखिंदैन । त्यसैले साक्षरता कार्यक्रम सफल पार्न अभियानको रुपमा जानु जरुरी भएको छ, ( साक्षरता विशेषाङ्क, २०६६) ।

आर्थिक वर्ष २०६५/०६६ मा नेपाल सरकारले आगामी २ वर्षमा निरक्षरता उन्मूलन गर्ने अठोट गरी राष्ट्रिय साक्षरता अभियान कार्यक्रम सञ्चालन गर्ने लक्ष्य लिएको र सोही लक्ष पूरा गर्न शिक्षामन्त्रालय अनौपचारिक शिक्षा केन्द्रले आ.व. २०६५/०६६ मा हरेक गा.वि.स. का प्रत्येक वडामा कम्तिमा ३ वटा कक्षाकेन्द्र सञ्चालन गर्ने गरी पहिलो चरणमा ४१,४३० कक्षा केन्द्रबाट १२,१६,५९० जना गरी जम्मा २५,१५,९६८ जना निरक्षर सहभागीलाई साक्षर गराउने उद्देश अनुरुप देशव्यापी रुपमा कार्यक्रम सञ्चालन गरिएको थियो ।

नेपाल सरकारले गत वर्षको कार्यक्रमलाई निरन्तरता दिंदै चालु आर्थिक वर्ष २०६६।०६७ मा पनि “साक्षर बनौ, क्षमता बढाऔं” भन्ने नारा लिएर साक्षरता कार्यक्रमलाई स्थानीय निकाय, शिक्षक र स्थानीय राजनैतिक दलहरुको सहभागितामा अभियानका रुपमा सञ्चालन गरिने कुरा

स्पष्ट रुपमा उल्लेख गरिएको छ। यस आ.व.मा. कार्यक्रमबाट १२,१०,५६० जना निरक्षरहरुलाई साक्षर बनाउने लक्ष लिएको छ, ( राष्ट्रिय साक्षरता अभियान कार्यक्रम, २०६६)।

यसका लागि एक अर्व चारकरोड रकम छुट्याइएको छ। आगामि २०१५ सम्ममा साक्षरतादर ९० प्रतिशत पुऱ्याउने लक्ष्य अनुरुप साक्षरता अभियान अघि बढेको छ। युनिस्कोले साक्षरता अभियानले निम्नस्तरका जनसमुदायमा प्रत्यक्षरुपले प्रभावपार्ने खालका कार्यक्रमहरु जस्तै वातावरण संरक्षण, आमा र बालबालिकाहरुको स्वास्थ्य सुरक्षा, महिला विकास तथा आयमूलक कार्यक्रमहरुलाई विशेष प्राथमिकता दिएको छ। युनेस्कोले प्रत्येक वर्ष विश्वका विभिन्न मूलूकहरु जसले साक्षरता शिक्षालाई नयाँ नयाँ खोज मूलक र निम्न स्तरका व्यक्तिहरुलाई उपयुक्त हुने खालका कार्यक्रमहरुको सञ्चालन गर्दछ , उसैलाई पुरस्कृत गर्ने व्यवस्था गरेको छ। जुन युनेस्केको United Nation Literacydecated मा उल्लेख गरेको छ। यस वर्ष नेपालले महिलाहरुको मुक्ति र श-शक्तिकरणका लागि साक्षरता भनि “साक्षर बनौं क्षमता बढाउँ”, भन्ने नारा स्वरुप अगाडि बढेको अभियान पुरस्कृित हुन सफल भएको छ। अन्तराष्ट्रिय साक्षरता दिवस 8 September 2010 का दिन युनेस्को इन पेरिसमा शिक्षा मन्त्रालयका सचिव संकर प्रसाद पाण्डेको उपस्थितिमा उक्त पुरस्कार प्रदान गरिएको थियो। इरिना बोकाभाद्वारा उक्त पुरस्कारको घोषणा गरिएको थियो। उत्कृष्ट साक्षरता शिक्षा सञ्चालन गर्ने देशहरुलाई प्रदान गर्ने पुरस्कार रकम विभिन्न मूलुकहरुले प्रदान गर्ने गर्दछन्। त्यस मध्ये चाइना पनि एक हो। चिनद्वारा प्रदान गरिएको यो सहयोग रकम नेपाल र इजिप्टिका लागि वितरण गरिएको थियो, (Literacy for Nepal NFE. boost literacy in Nepal google. com) ।

शिक्षा ऐन तथा नियमावलीमा स्पष्टरुपमा अनौपचारिक शिक्षा सम्बन्धी प्रावधान राखिएको छ। नेपालमा सञ्चालित अनौपचारिक शिक्षा कार्यक्रमहरु प्रौढ साक्षरता, महिला साक्षरता, वैकल्पिक विद्यालय कार्यक्रम, बाल शिक्षा, प्राथमिक विद्यालय कार्यक्रम, अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम, साक्षरोत्तर शिक्षा कार्यक्रम, आयमुलक कार्यक्रम, सामुदायिक अध्ययन केन्द्र सञ्चालनमा रहेका छन्। यसरी राष्ट्रिय साक्षरता कार्यक्रम एउटा प्रमुख कार्यक्रमको रुपमा अघि बढीरहेको छ। सबैलाई साक्षरताको अवसर उपलब्ध गराउने उद्देश्य अनुरुप आ.व. २०६५।०६६ को बजेट वक्तव्य मार्फत अभियानको रुपमा ल्याइएको यस कार्यक्रममा विभिन्न कारणले पढ्ने लेख्ने

मौका नपाएका १५ देखि ६० वर्ष उमेर समूहका निरक्षर महिला तथा पुरुषहरु सहभागि गराइन्छ । यो कार्यक्रम न्यूनतम दैनिक २ घण्टका दरले हप्तामा ६ दिन वा न्यूनतम ७५ दिनमा जम्मा १५० घण्टा संचालन गरी ३ महिनामा सम्पन्न गरिन्छ, (अनौपचारिक शिक्षा केन्द्र एक चिनारी, २०६६) ।

अनौपचारिक शिक्षा नीति २०६३ को नीति १३ मा अनौपचारिक शिक्षा कार्यक्रमको व्यवस्थापनका लागि स्थानीय निकायले परिचालकको भूमिका खेल्नु पर्ने कुरा उल्लेख गरिएको छ । त्यसै गरी अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालकहरुले विभिन्न तरिकाहरु अपनाउन सक्ने छन् । तिनै मध्ये स्थानीय निकाय, गै.स.स., सामुदायिक अध्ययन केन्द्र र शिक्षालय मोडालिटीहरु हुने छन् । यसै गरी शिक्षा नीति १५ मा निरक्षरता उन्मूलन गर्न साक्षरता अभियानलाई प्रमुख आधार बनाइने छ । यस कार्यका लागि स्थानीय निकायलाई जिम्मेवार बनाइने कुरा उल्लेख गरिएको छ । अनौपचारिक शिक्षा केन्द्र २०६५ ले राष्ट्रिय साक्षरता अभियान कार्यक्रम कार्यान्वयन निर्देशिका २०६५ मा साक्षरता अभियान कार्यक्रममा निम्नानुसारका उद्देश्यहरु राखेको छ :

क) देशभर छरिएर रहेका निरक्षहरुको पहिचान गरी तोकिएको समय भित्र कार्यक्रम सञ्चालन गर्ने ।

ख) साक्षरता अभियानका लागि स्थानीय निकाय, सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग समन्वय कायम गरी साक्षरता अभियान सञ्चालन गर्ने सञ्जालको विकास गर्ने ।

ग) राष्ट्रिय साक्षरता अभियानलाई सम्पन्न गर्न सम्पूर्ण राजनीतिक दल, स्थानीय निकाय तथा विद्यालय, पेशागत संघ संगठनहरुलाई अधिकतम परिचालन गर्ने ।

उपरोक्त उद्देश्यहरु लिएर आधारभूत साक्षरता कार्यक्रमलाई व्यवस्थित रुपले व्यवस्थापन, सञ्चालन तथा कार्यान्वयन गर्न वाञ्छनीय भएकोले शिक्षा नियामावली २०४९ को नियम १९२ खण्ड क ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका जारी गरेको छ ।

### साक्षरता अभियान कार्यक्रमका नीति तथा रणनीतिहरु

विद्यालयलाई मौलिक अधिकारको रुपमा स्वीकारिएको सन्दर्भमा जनतालाई शिक्षाको अवसर उपलब्ध गराउनु राज्यको दायित्व हो । अन्तराष्ट्रिय क्षेत्रमा गरिएको प्रतिवद्धता सबैका लागि शिक्षा मा सन् २०१५ भित्रमा सन् २००० को तुलनामा निरक्षरता ५० प्रतिशत न्यून गर्ने

संकल्प तीन वर्षीय अन्तिम योजना २०६४।०६५ र २०६६।०६७ मा व्यक्त गरिएको शिक्षामा सबै नागरिकको पहुँच सु- निस्चित गरी साक्षर बनाउनु सहस्राब्दि विकास लक्षमा उल्लेख गरिएको सन् १०१५ भित्र निरक्षरको संख्या आधा कम गर्ने प्रतिवद्धताको सन्दर्भमा र परिवर्तित राजनैतिक पृष्टभूमिमा नेपाल सरकारद्वारा आ.व. २०६५।०६६ को बजेट वक्तव्य मार्फत अक्षर चिनौ र साक्षर बनौ भन्ने नाराका साथ आगामि २ वर्ष भित्रमा निरक्षरता उन्मूलन गर्ने राष्ट्रिय साक्षरता अभियान कार्यक्रमको घोषणा गरियो ।

पन्ध्र वर्ष देखि साठी वर्ष उमेर समूहका निरक्षर युवा, महिला तथा पुरुषहरुलाई राष्ट्रिय साक्षरता अभियानले लक्षित समूह वनाएको छ । झण्डै ७८ लाख जनसंख्या निरक्षर रहेको विद्यामान परिस्थितिमा थोरै समयमा धेरै उपलब्धि हासिल गर्ने महत्वाकाक्षि कार्यक्रमको रुपमा अभियान अगाडि आएको देखिन्छ । आ.व. २०६।०६७ मा ५२ लाख जनसंख्यालाई साक्षर बनाउने लक्ष यस अभियानको रहेको पाइन्छ ।

आ.व. २०६६।०६७ को बजेट वक्तव्यमा पनि सबै नेपालीलाई २ वर्ष भित्र साक्षर बनाउन निरक्षरता उन्मुलन गर्ने भनी गत आ.व. को कार्यक्रमलाई १ वर्ष देखि निरन्तरता दिएको देखिन्छ, ( बराल, २०६६) ।

**नीतिहरु :**

क) महिला, दलित, आदिवासी, जनजाति, मधेशी समुदाय, उत्पिडित तथा अपाङ्ग, द्वन्द्व प्रभावित लगायतका वर्गहरुलाई लक्षित गरी गैर सरकारी संस्था, स्थानीय निकाय, विद्यालय तथा निजि क्षेत्रको संलग्नतामा साक्षरता कार्यक्रम सञ्चालन गर्ने ।

ख) स्थानीय योग्य महिला एवम् पुरुषलाई आफ्नै घर आगनमा समेत साक्षरता कक्षा सञ्चालन गर्न सक्ने गरी परिचालन गर्ने ।

ग) साक्षरता कार्यक्रममा राजनीतिक दललाई परिचालन गर्ने । स्वास्थ्य, वन, कृषि, सहकारी, महिला विकास आदि निकायसँग समेत सहकार्य गर्ने ।

**रणनीतिहरु :**

क) लक्षित वर्ग विशेषगरी महिला, दलित, आदिवासि जनजाति, मधेशी समुदाय, उत्पिडित तथा अपाङ्ग लगायत द्वन्द्व प्रभावित समुह केन्द्रित साक्षरता, साक्षरोत्तर, आयमूलक र जीवनोपयोगी अनौपचारिक शिक्षालाई अभियानका रुपमा सञ्चालन गर्ने ।

## १.२ समस्याको कथन

शिक्षाको लागि सरकारले हरेक वर्ष ठूलो धनराशी खर्च गरिरहेको छ । शिक्षामा गरिएको कूल लगानी मध्ये औपचारिक शिक्षामा १६ प्रतिशत र अनौपचारिक शिक्षामा २ प्रतिशत रकम विनियोजन गरेको पाइन्छ । जुन औपचारिक शिक्षाको तुलनामा निकै न्यून छ ।

अन्तराष्ट्रिय संस्था युनेस्कोको प्रतिवेदन अनुसार अहिलेको विश्व Haves र Havnots मा विभाजित

छ । अधिकांश निरक्षरहरु गरिवीको रेखामुनि रहेका छन् । हाम्रो देश पनि त्यस्तै अवस्थाबाट गुज्री रहेको छ । पहुँचको कमी, निरक्षरता, निम्न स्तरको स्वास्थ्य, दरिद्रता, कमजोर आत्म सम्मान, न्यून आय आदिका कारण देशको जनसंख्याको ठूलो भाग निरक्षर छ । गरिवीको दुष्चक्रम तोड्न निरक्षरता उन्मूलन गर्नु ठूलो काम ठानिएको छ । यसरी देशमा भएको ७८ लाख निरक्षरहरुलाई आगामी २ वर्ष भित्रमा साक्षर बनाइ निरक्षरता उन्मूलन गर्ने सरकारी प्रयास, राष्ट्रिय साक्षरता अभियान कार्यक्रम सफल हुन सक्छ ? के निरक्षरता उन्मूलनका लागि कार्यरत संघसंस्थाहरु सक्रिय छन् ? के लक्षित वर्गको पहिचान सजिलै गर्न सकिएला ? सरकारको यस अभियानले लक्षित वर्गलाई समेट्न सकेको छ ? के यस अभियान कार्यक्रमले निरक्षरहरुको जीवन स्तर सुधार्न मद्दत गर्ला ? यस कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न कस्तो नेतृत्वको आवश्यकता पर्दछ ? केन्द्रिय निकाय देखि लिएर स्थानीय स्तर सम्मको भूमिका कस्तो भएमा राम्रो हुन्छ । यो अभियान कार्यान्वयनका कमी कमजोरी वा समस्याहरु के कस्ता छन् । ती समस्या समाधानका उपायहरु के के हुन सक्छन् ? ती समस्याहरुको समाधानबाट अभियानले लिएको लक्ष पूरा होला ?

यी सम्पूर्ण प्रश्नहरु समस्याका रुपमा रहेका छन् । सरकारले निरक्षरता उन्मुलनका लागि विभिन्न प्रयासहरु गर्दै आइरहेता पनि चाहे अनुसरको उपलब्धि हासिल गर्न नसकेको जन गुनासोहरु आइरहेको अवस्थामा राष्ट्रिय साक्षरता अभियान कार्यक्रम के कस्तो छ ? यसले

निरक्षरता उन्मूलनमा कस्तो प्राभाव पारेको छ ? जस्ता थुप्रै प्रश्नहरुमा कौतुहलता उत्पन्न भएको कारणले राष्ट्रिय साक्षरता अभियान र कार्यान्यवयन अवस्था शीर्षकमा अध्ययन गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

शिक्षा मानिसको नैसर्गिक अधिकार हो । सभ्य समाजको निर्माण शिक्षा विना असम्भव हुन्छ । समुन्नत राष्ट्रको निर्माण गरी प्रत्येक आगनीमा सुन्दर विहानी ल्याउन सबैका लागि शिक्षाको सुनिश्चतता गर्नु पर्दछ । देशको कूल जनसंख्याको आधा भन्दा बढी व्यक्तिहरु निरक्षर छन् । यति ठूलो संख्यामा रहेका निरक्षरहरुलाई साक्षर बनाउन सरकारी स्तरबाट ठूलो धनराशी खर्चिनु पर्ने देखिन्छ । अहिले विश्वका सम्पूर्ण देशहरु विशेष गरी विकासोन्मूख देशहरु सन् २०१५ सम्ममा सबैलाइ शिक्षाको मूल प्रवाहमा ल्याउने भन्ने कुरामा चिन्तनशील भएर शिक्षा सम्बन्धी राष्ट्रिय कार्य योजना बनाउन जुटेका छन् । नेपाल पनि अहिले त्यहि काममा व्यस्त छ ।

हाम्रो देशको परिवेशमा हेर्ने हो भने ४६ प्रतिशत जनसंख्या निरक्षर छन् । यति ठूलो जनसंख्या निरक्षर हुनुको प्रमुख कारण गरिवी हो । समाजमा रहेका विपन्न वर्ग, अल्पसंख्यक जाति, जनजाति, महिला, दलित वर्गहरुलाई एउटै धारमा समाहित गरी शिक्षा प्रदान गर्नु अत्यन्तै चुनौति पूर्ण कार्य हो । साक्षरता शिक्षाको माध्यमबाट गरिवी निवारण गरी उनीहरुको जीवनस्तर उकास्न साक्षरता अभियान कार्यक्रमले राखेको "साक्षर बनौ क्षमता बढाऔं" भन्ने नारा निकै सकारात्मक छ ता पनि उक्त कार्यक्रमले राखेको लक्षअनुसार अभियानलाई लक्षित वर्गको पहुँच सम्म पुऱ्याउन र अभियानको सफल कार्यान्वयनका लागि स्थानीय स्तरका व्यक्तिहरु समाजसेवी र राजनीतिक दलका कार्यकर्ताहरुलाई सक्रिय रुपमा परिचालन गर्नु अत्यन्त आवश्यक देखिन्छ । विगतका वर्षहरुमा सञ्चालन भएका प्रौढ कक्षाहरुको प्रगती उत्साह वर्द्धक थिएनन् । प्रौढ साक्षरताले नेपाल राष्ट्रिय योजना आयोगको पहलमा तयार भइ कार्यान्वयनमा आएका एघारै ओटा योजनामा स्थान पाएता पनि लक्ष बमोजिमको साक्षरता दर वृद्धि नहुनको कारण केछ ? भन्ने कुराको पत्ता लगाउनु यस अध्ययनको औचित्य रहेको छ ।

केन्द्रि विभागको तथ्यांक अनुसार २००७ सालमा २ प्रतिशत रहेको साक्षरता दर २०५४ मा ५२.६ प्रतिशत, २०५८ मा ५३.७४ प्रतिशत र २०६४ मा ६ वर्ष माथिको साक्षरता ६३ प्रतिशत

मात्र पुगेको ले साक्षरता वृद्धिदर प्रत्यक वर्ष १ प्रतिशतका दरले वृद्धि भएको पाइन्छ । विगतका वर्षहरुमा सञ्चालन हुँदै आएका साक्षरताका कार्यक्रमलाई यस वर्षमा पनि निरन्तरता दिंदै निरक्षरताको विकराल स्थितिलाई न्यूनीकरण गर्न राष्ट्रिय साक्षरता अभियानले चालेका कदमहरु के कस्ता छन् सो को अध्ययन गर्ने भएकोले र यस विषयमा कमै मात्रामा अध्ययन भएको हुँदा यस अध्ययनलाई महत्वपूर्ण मान्न सकिन्छ ।

समाजमा भएका विभिन्न वर्गहरु आदिवाशी, जनजाति, विपन्न वर्ग, दलित महिला, पुरुष, बालबालिका ( १५ देखि ६० वर्ष) उमेर समुहका व्यक्तिहरुलाई एकत्रित गरी उनीहरुको आवश्यकता र चाहनालाई मध्यनजर गरेर उनीहरुकै पायक पर्ने ठाउँमा फुर्सदको समयमा स्थानीय स्तरको पाठ्क्रम अनुसार जीवन स्तर उकास्ने खालका साक्षरताका कार्यक्रमहरु सञ्चालन गर्न राष्ट्रिय साक्षरता अभियान कार्यक्रम कार्यान्वयनका समस्याहरु के के छन् ? ती समस्याहरुको समाधानका उपायहरु के के हुन सक्लान भन्ने बारे अध्ययन गर्नु समय सापेक्ष, सान्दर्भिक र वस्तुगत देखिएकोले साथै यस अध्ययनको निष्कर्षलाई भविष्यमा यसै विषयसँग सम्बन्धित अन्य अनुसन्धानका लागि इच्छुक जिज्ञासुहरुलाई पनि थप सहयोग पुग्ने छ भन्ने उद्देश्यले यस अध्ययनलाई रोजिएको हो ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्न लिखित रहेका छन् :

क) अनौपचारिक शिक्षा केन्द्रद्वारा सञ्चालित राष्ट्रिय साक्षरता अभियानको कार्यान्वयन अवस्थाको लेखा जोखा गर्ने ।

ख) राष्ट्रिय साक्षरता अभियानसञ्चालन गर्दा देखिएका समस्याहरु पहिचान गर्ने ।

ग) राष्ट्रिय साक्षरता अभियान सञ्चालनमा देखिएका समस्याहरुको समाधानका उपायहरु सुझाउने ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यस अध्ययनका निर्धारित उद्देश्यहरू पूरा गर्नको लागि निम्न लिखित शोधप्रश्नहरू निर्माण गरिएका छन् :

क) अनौपचारिक शिक्षा केन्द्रद्वारा सञ्चालित राष्ट्रिय साक्षरता अभियान कार्यान्वयनको वर्तमान अवस्था के छ ?

ख) राष्ट्रिय साक्षरता अभियानले लक्षित वर्गलाई कतिसम्म समेटेको छ ?

ग) सरकारले सञ्चालन गरेको राष्ट्रिय साक्षरता अभियान प्रति जनसमुदायको धारणा कस्तो छ ?

घ) जाति, जनजाति, विपन्न, अल्पसंख्यक महिला आदि व्यक्तिहरुको उपस्थिति कस्तो छ ?

ङ) राष्ट्रिय साक्षरता अभियान सञ्चालनको क्रममा के के समस्याहरु के के कारणले देखिए ?

च) साक्षरता अधियान सञ्चालन गर्दा देखिएका समस्याहरुको समाधानका लागि के कस्ता उपायहरु अपनाउन सकिन्छ ?

## १.६ अध्ययनको परिसीमा

निरक्षरहरुलाई साक्षर बनाउने बाटाहरु वा शिक्षाका प्रकारहरु धेरै छन् । ती मध्ये अनौपचारिक शिक्षा एक हो । अनौपचारिक शिक्षा अन्तर्गत सञ्चालन भइरहेका विभिन्न कार्यक्रमहरु मध्ये साक्षरता शिक्षा कार्यक्रम पनि एक हो । शिक्षाको अध्ययन क्षेत्र धेरै फराकिलो छ । साक्षरताको सन्दर्भमा सरकारले अवलम्बन गरेका सम्पूर्ण माध्यमहरुको बारेमा अध्ययन गर्नु जरुरी छ तर एउटा शोधअध्यनकर्ताले सबै क्षेत्रको अध्ययन गर्न सम्भव हुँदैन । यस अध्ययनको उद्देश्य र क्षेत्र व्यापक र विस्तृत भएता पनि समय स्रोत र साधनको अभावलाई मध्यनजर गरेर निम्न परिसिमाहरुमा केन्द्रित गरिएको छ :

क) यस अध्ययन चितवन जिल्ला भरतपुर नगरपालिका अन्तर्गतका ४ वटा वडाहरुका २/२ वटा कक्षाकेन्द्रहरुमा सञ्चालित साक्षरता अभियान र यसको कार्यान्वयन अवस्थाको अध्ययन र विश्लेषणमा आधारित रहेको छ ।

ख) यो अध्ययनका लागि छनौटमा परेका संयोजक, स्थानीय निरीक्षक साक्षरता स्वयम्सेवक, र सहभागीहरुसँग प्रत्यक्ष अन्तरवार्ता र अवलोकनको माध्यमबाट अध्ययन कार्य गरिएको छ ।

ग) राष्ट्रिय साक्षरता अभियान कार्यक्रमको कार्यान्वयको अवस्थाको अध्यनयका लागि विगतका वर्षहरु २०६४,२०६५ र २०६६ मा सञ्चालित साक्षरता कार्यक्रमको उपलब्धिको अध्ययनमा सिमित गरिएको छ ।

# परिच्छेद दुई :
# सम्बन्धित साहित्यको पुनरावलोकन तथा अध्ययनको सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

पूर्व साहित्यको समिक्षा कुनै पनि विषयको अध्ययन गर्न वा अनुसन्धान गर्नका लागि त्यस विषय वस्तु वा समस्यासँग सम्बन्धित लेखहरु अनुसन्धान प्रतिवेदन तथा शोधपत्रको अध्ययन अनुसन्धान गर्नु पर्दछ । यी विभिन्न लेखहरु शोधपत्र तथा अनुसन्धान प्रतिवेदनको अध्ययनबाट आफूले खोज गर्न लागिएको विषय वा समस्याका बारेमा विभिन्न जानकारी तथा विचारहरुको प्राप्तिले आफ्नो अनुसन्धानलाई आधार प्रदान गर्दछ । यी विभिन्न लेखहरु शोधपत्र तथा अनुसन्धान प्रतिवेदनको अध्ययनबाट खोज गर्न लागिएको विषय वा समस्याका बारेमा विभिन्न जानकारीतथा विचारहरुको प्राप्तिले आफ्नो अनुसन्धानलाई आधार प्रदान गर्दछ । त्यसै गरी अर्को तर्फ एउटै विषय तथा समस्यामा खोजकार्य दोहोरिने सम्भावनालाई न्यूनीकरण गर्दछ । तसर्थ शोधकर्ताले सम्बन्धित विषयको पूर्व साहित्यको संक्षिप्त अध्यापन गर्न अध्यन्तै आवश्यक छ ।

यसै सन्दर्भमा हेर्दा यस शोध विषयसँग सम्बन्धित साहित्यहरुको अत्यन्तै दुर्लभता भएको महशुस गरिएको छ । साक्षरता शिक्षासँग सम्बन्धित लेख तथा दस्तावेजहरु उपलब्ध भएता पनि त्यसको कार्यान्वियन तथा साक्षरता उन्मूलनसँग सम्बन्धित, अन्तराष्ट्रिय पतिवद्धता सम्बन्धी अध्ययन सामग्रीहरु प्रयाप्त मात्रामा नभेटिएकाले साक्षरता अधियान कार्यक्रम सम्बन्धी उपलब्ध भएका जे जति प्रतिवेदन लेख रचना तथा दस्तावेजहरुको समिक्षात्मक अध्ययन गरी शोधअध्ययनलाई गहिराइमा पुऱ्याउने प्रयास गरिएको छ ।

पाण्डे, (२०५९) का अनुसार साक्षरता कार्यक्रमको आवश्यकता किन भन्ने प्रश्न अनुसार शिक्षा नै विकासको पूर्वधार हो । साक्षर हुन पाउनु प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । समाज, परिवार र राष्ट्रको विकासका लागि प्रत्येक व्यक्ति साक्षर हुनु आवश्यक छ । विभिन्न कारणले समाजमा पिछडिएका, थिचोमिचोमा परेका आर्थिक विपन्ताले पिरोलिएका, औपचारिक शिक्षाको पहुँच नपुगेका व्यक्ति एवम् विभिन्न कारणले विद्यालय शिक्षाबाट विमुख हुनु पुगेका

बालबालिकालाई साक्षरता कार्यक्रमले समेट्न सक्ने भएकोले साक्षरता कार्यक्रमको आवश्यकता टड्कारो रहेको देखिन्छ । साथै साक्षरता कार्यक्रमको आवश्यकता निम्न कार्यको लागि समेत देखिन्छ :

क) गरिवी र अशिक्षाको भार कम गर्न ।

ख) कुपोषण र स्वास्थ्य शिक्षाको वारेमा जानकारीहासिल गरी सो बारे सजक रहन ।

ग) सामान्य सूचना र व्यवहारिक हर हिसाव सम्बन्धी समस्या समाधान गर्न ।

घ) आत्म सम्मानकासाथ जीवन यापन गर्न ।

ङ) समाजमा व्याप्त अन्याय, अत्याचार र भ्रष्टाचारको विरुद्धमा जागरुक हुन ।

च) दैनिक तथा व्यवहारिक ज्ञान, सीप हासिल गर्न ।

छ) परिवार नियोजन मातृ शिशुको बारेमा ज्ञान हासिल गरी सो अपनाउन वा सतर्क रहन ।

शिक्षाले मान्छेको ज्ञानको ज्योति खोली दिने भएकाले साक्षर हुन, शिक्षित वन्नु पहिलो आवश्यकता हो । त्यसै गरी विभिन्न कारणले समाजमा पिछडिएका, थिचोमिचोमा परेका र आर्थिक विपन्नताले पिरलिएका व्यक्ति एवम् विभिन्न कारणले विद्यालय शिक्षाबाट विमुख हनु पुगेका बालबालिका, समाज वा समुदायलाई आफ्नो साधनको समुचित प्रयोग गर्न र आत्मविश्वासका साथ सरल ढंगबाट सुखमय जीवन यापन गर्न समेत साक्षरता कार्यक्रमले सहयोग पुऱ्याउँछ । विकासोन्मुख देश जहाँका अधिकांश जनताहरु निरक्षर र पिछडिएका छन् त्यस देशका लागि साक्षरता कार्यक्रम अनिवार्य छ भन्ने कुराको व्यक्त गर्नु भएको छ ।

लोहनी, (२०५४) का अनुसार केन्द्रिय तथ्यांक विभागको तथ्यांक अनुसार साक्षरता २००७ सालमा २ प्रतिशत रहेकोमा उक्त दर २०४८ सालमा ३९.६ प्रतिशत पुगेको छ । सन् १९९०मा सम्पन्न जोमटेन सम्मेलनले सन् २००० सम्ममा साक्षरता प्रतिशत आधाले घटाउन आह्वान गरे अनुरुप छ वर्ष भन्दा माथिको जनसंख्याको साक्षरतालाई ६७ प्रतिशत पुऱ्याउने लक्ष राखियो । यसै अनुरुप आठौ योजनामा साक्षरता ६० प्रतिशत पुऱ्याउने लक्ष राखियो । राष्ट्रिय अनौपचारिक शिक्षा परिषद्ले सन् १९९६मा साक्षरता ४८ प्रतिशत पुगेको कुरा उल्लेख छ । यसैलाई आधार मानि नवौ योजना ( २०५३-०५८) मा साक्षरता ७० प्रतिशत पुऱ्याउने लक्ष राखेको देखिन्छ । नयाँ योजनाले राखेको लक्ष पूरा गर्न रणनीतिको रुपमा अनिवार्य प्राथमिक शिक्षा कार्यक्रम र साक्षरता

अभियानका कार्यक्रमहरु सञ्चालन गर्ने कुरा नवौं योजनाको अवधारणा पुस्तिकामा उल्लेख छ । जसबाट निरक्षरहरुको संख्या घट्छ भन्ने अनुमान गर्न सकिन्छ ।

प्रस्तुत लेखमा साक्षरता अभियान के हो ? र कसरी सञ्चालन गर्न सकिन्छ ? अन्य राष्ट्रहरुको कस्तो अनुभव छ ? आदि विषयमा केन्द्रित छ । नेपालमा साक्षरता अभियालनलाई सस्तो लोकप्रियाता कमाउने साधानका रुपमा प्रयोग गरिंदै आएको छ । करिब १० वर्ष अगाडि सुर्खेमा सञ्चालन गरिएको अभियान कार्यक्रमले सफलता पएको कुरा चर्चामा आएको थियो तर सुर्खेतमा सफल भए भनीएका रणनीतिहरु अन्य जिल्लामा काम लागेनन् । यसबाट के प्रष्ट हुन्छ भने विभिन्न समयमा अभियान भनी सञ्चालन गरिएका कार्यक्रमहरु अभियान नभै कार्यक्रमका रुपमा सञ्चालन गरिएका नियमित साक्षरता कार्यक्रम हुन् भनी आलोचनात्मक रुपमा विश्लेषण गरिएको छ । साक्षरता अभियान कार्यक्रमलाई सञ्चालन गर्नुपूर्व यस्ता कार्यक्रमका आधारभूत तत्वहरु  राजनीतिक प्रतिवद्धता, आर्थिक स्रोत, लक्ष, लक्षित समुदाय, कार्यान्वयनको नेतृत्व, अवधि, तयारी, जनसहभागिता, प्रचार प्रसार, संगठनको ढाँचा,योजना तर्जुमा, व्यवस्थापन, जनशक्ति, पाठ्क्रम, कक्षाको अवधि,तालिम, अनुगमन र मूल्यांकन, साक्षरोत्तर शिक्षा जस्ता सम्पूर्ण तत्वहरुलाई समेटर साक्षरता अभियान कार्यक्रम सञ्चालन गरिनु पर्दछ भनी सुझाव प्रस्तुत गरिएको छ ।

पन्त (२०६६) का अनुसार साक्षरता मानव विकासको महत्वपूर्ण पक्ष हो । साक्षरता शिक्षाको माध्यमबाट व्यक्तिले एक आपसमा सञ्चार गर्ने, सामान्य हरहिसाव गर्ने र विभिन्न विषयको वारेमा ज्ञान प्राप्त गर्न सक्दछ । अझ स्पष्ट भाषामा भन्नु पर्दा साक्षरताको महत्वपूर्ण विशेषता भनेको, यो सामाजिक परिवर्तन र आर्थिक स-शक्तिकरण को महत्वपूर्ण साधन हो । मानव अधिकारको सामान्य सिद्धान्त अनुसार साक्षरत हुन पाउनु प्रत्येक व्यक्तिको जन्म सिद्ध अधिकार हो । साक्षरता अन्य मानव अधिकारहरुको प्राप्ति गर्ने साधन पनि हो । साक्षरता प्राप्त गरेको व्यक्तिले आफ्नो क्षमता तथा सीपलाई कानूनी अधिकारको रुपमा प्रयोग गर्ने गर्दछ तर साक्षरताको सीप नभएका व्यक्तिको लागि भने यो असम्भव हुन्छ ।

साक्षरता विकासको महत्वपूर्ण कडी हो । जसले दिगो विकासका लागि सहयोग गर्दछ, United Nation Literacy Decaded 2003-2012 र Decaded of Education for development 2005-2014

ले साक्षरतालाई सामाजिक र आर्थिक उन्नतिको साधन मानेको छ । साक्षरताले व्यक्तिमा ज्ञान तथा सीपको विकास गरी सम्पूर्ण राष्ट्रको विकासका लागि योगदान दिन सक्छ भनी साक्षरतालाई शक्तिको रुपमा (Literacy as Power) को रुपमा प्रयोग गर्नुपर्ने धारणा उल्लेख गरेको पाइयो ।

अधिकारी (२०५९) ले अहिले संसारका सम्पूर्ण देशहरु विशेष गरी विकासोन्मुख देशहरु, सन् २०१५ सम्ममा सबैलाई शिक्षाको मूल प्रभावमा कसरी ल्याउने भन्ने कुरामा चिन्तनशील भएर आ- आफ्नो राष्ट्रको सबैका लागि शिक्षा सम्बन्धित राष्ट्रिय कार्य योजना बनाउन जुटेका छन् । नेपाल पनि अहिले त्यही काममा व्यस्त छ । सबैका लागि शिक्षाको ६ वटा लक्षहरु छन ती ६ वटा लक्षहरु मध्ये चौथो लक्ष साक्षरता र निरन्तर शिक्षासँग सम्बन्धित छ । सन् २०१५ सम्ममा प्रौढ साक्षरता स्थितिलाई विशेष गरी महिला साक्षरतालाई, हालको अवस्थमा थप ५० प्रतिशत वृद्धि गर्ने । सबै प्रौढहरुको आधारभूत तथा निरन्तर साक्षरतामा पहुँच विस्तार गर्ने भनी सबैका लागि शिक्षाको लक्ष सक्षरता कार्यक्रम सञ्चालन गरी निरक्षरता उन्मूलन गर्न सकिन्छ भन्ने कुरामा जोड दिएका छन् ।

ज्ञवाली ( २०६३) ले देशको सार्वाङ्गीण विकास तब मात्र सम्भव छ जब नागरिक शैक्षिक दृष्टिकोणले सीपयुक्त र स्तरयुक्त हुन्छन् । सिर्जनशील, कर्मठ, दक्ष र स्वावलम्वि, जनशक्ति उत्पादन गर्न मुलुकको शिक्षा प्रणाली सुदृढ हुनु पर्दछ । शिक्षा परिवर्तनको संवाहक हो । यसै कुरालाई मूल्यांकन गरी सन् २००० मा सेनेगलको डकारमा भएको विश्व शैक्षिक सम्मेलनले आधारभूत आवश्यकताको रुपमा परिभाषित गरी प्राथमिक शिक्षालाई "Education for all को रुपमा अंगीकार गऱ्यो । सन् २०१५ सम्म सबै राष्ट्रहरुले आ- आफ्नो देशको जनतालाई शिक्षा दिएर निरक्षरता उन्मूलन गर्ने प्रण गरे यसै अनुरुप नेपालमा पनि सन् २०१५ सम्म आम नेपाली जनतालाई साक्षरताको अवसर प्रदान गर्ने र शिक्षालाई रोजगार मूलक, सीप मूलक, तथा उत्पादन मूलक बनाउने लक्ष अुनरुप राष्ट्रिय साक्षरता अभियान सञ्चालन गरिएको कुरा उल्लेख गरेका छन् ।

अधिकारी (२०६६) का अनुसार हाल आएर साक्षरता दशकले मूक्तिको लागि साक्षरताको अवधारणा अगाडी सारेको छ । साक्षरता दशक साक्षरताको महत्वलाई उत्तर दक्षिण (विकसित र

विकासोन्मुख देश) ग्रामिण, शहरी क्षेत्र विद्यालय भित्र र वाहिर प्रौढ तथा बालबालिका को लागि केटा तथा केटीको लागि, महिला तथा पुरुषको लागि संसारभरी फिजाउने एउटा थप अवसर पनि हो । यसै बीचमा सशक्तिकरणको लागि साक्षरता प्रयास कार्यक्रम पनि आएको छ । नेपालले पनि विगत्मा साक्षरता अभियानको प्रयास गरेको हो । सर्वप्रथम सन् १९८८ मा सुर्खेतमा यो कार्यक्रम लागू गरियो यस्तो कार्यक्रम पहिलोपटक गरिएकाले सबैमा निकै उत्सुकता थियो तर यसले पनि अभियानको २/४ वटा विशेषता पूरा गर्ने र अभियान सञ्चालन गरियो भनेर सन्तुष्टी लिने भन्दा बढी हुन सकेन यो विगत्मा राजाको भ्रमणको सिलसिलालाई मिलाएर तत्कालीन पञ्चायति व्यवस्थाले सञ्चालन गरेको कार्यक्रम थियो । चाखलाग्दो कुरा के छ भने ? भारतामा त्यहि समयको हाराहारि (१९८९) मा केरेलामा सञ्चालन गरेको अभियानले व्यापक उपलब्धि हासिल गऱ्यो । यो सम्पूर्ण भारत र हाम्रो लागि पनि  केही उदाहरण बन्यो । केरेलाको सिकाइलाई सन् १९९० मा लमजुङ्ग र कपिलवस्तुमा सञ्चालन गरिएको अभियान लागू गर्ने असफल प्रयास गरियो । यी र अहिले पनि साक्षरता अभियानको नाममा विभिन्न जिल्लामा एउटा सामान्य साक्षरता कार्यक्रम भन्दा फरक कार्यक्रम सञ्चालन गर्ने गरिएको छैन । २०६५ देखि साक्षरता अभियानको सन्दर्भमा नयाँ आयाम थपियो । अहिले आएर साक्षरताले मूक्ति र स-शक्तिकरणका २ महत्वपूर्ण पक्षहरुलाई समेटेर अगाडि बढ्ने जमर्को गरेको छ । यहाँ यी २ कुरा महत्वपूर्ण छन् । साक्षरतालाई मूक्ति र सशक्तिकरणको माध्यम मानिएको छ । साक्षरताबाट मूक्ति र सशक्तिकरण सम्भव छ । यसको साथै साक्षरता र जिवनोपयोगी सीपको कुरा पनि चलेको छ । साक्षर मात्र होइन अहिलेको साक्षरता कार्यक्रमले यसका सहभागिलाई सशक्त र मुक्ति दिने जिवनोपयोगी सीप प्रदान गर्ने कुरा व्यक्त गरेका छन् ।

के.सी.  (२०५४) का अनुसार साक्षरता कार्यक्रममा स्थानीय आवश्यकता अनुसारको पाठ्यक्रम महत्वपूर्ण हुन्छ । किनभने साक्षरता कार्यक्रम र यसका पाठ्य सामग्रीहरु, लक्षित समूहको अवस्था समस्या र आवश्यकतामा आधारित हुनु पर्दछ  राष्ट्रिय स्तरमा निर्माण गरिएको पाठ्यक्रमले सबै समुदायको र लक्षित समुदायको आवश्यकता र चाहानालाई समेट्न सकेको हुँदैन । कुनै समुदायका वर्गको विशिष्ट खालको आवश्यकता पूरा गर्न विशेष प्रकारको सूचना तथा सीपको आवश्यकता पर्दछ । त्यसरी खास खास समुदाय र वर्गको खास खास समस्या र आवश्यकतालाई समेटर तयार पारिने पाठ्यक्रमलाई स्थानीय आवश्यकता अनुसारको पाठ्यक्रम भनिन्छ । एसिया तथा प्रसान्त क्षेत्रमा सबैका लागि शिक्षा अन्तरगत युनेस्को बैंककले साक्षरता

कार्यकर्ताहरुका लागि तालिम सामग्री ( ATLP) का १२ भागहरु र ATLP- CE का आठ भागहरु तयार गरेका छन् । ती मध्ये कतिपय भागहरुमा पाठ्क्रम निर्माण गर्ने प्रक्रियाहरुलाई व्यवहारिक ढङ्गले प्रस्तुत गरेको छ । राष्ट्रिय साक्षरता अभियानमा पनि प्रसस्त सामग्रीहरुको आवश्यकता पर्दछ । युनिस्कोले साक्षरता कार्यकर्ताहरुका लागि तालिम सामग्री भनि ATLP का भागहरु तयार गरेको छ । यसै अनुसार साक्षरताका स्थानीय पाठ्यक्रम र तालिम सामग्रीहरु निर्माण गरी राष्ट्रिय साक्षरता अभियानमा प्रयोग गरिने कुरा राष्ट्रिय साक्षरता अभियान कार्यक्रम कार्यान्वयन निर्देशिका २०६५ मा उल्लेख गरिएको छ ।

ATLP ले स्थानीय आवश्यकता अनुसारको पाठ्यक्रम निर्माण गर्ने विषयमा पनि प्रसस्त मार्गदर्शन प्रदान गर्दछ भनी यसका चरणहरुलाई निम्न अनुसार उल्लेख गरेको छ :

१) समस्या तथा आवश्यकताको अध्ययन

२) आवश्यकताको विश्लेषण तथा प्राथमिकता निर्धारण

३) उद्देश्य निर्धारण

४) कार्यमूलक विषयवस्तु तथा सीप सिकाइको क्षेत्र निर्धारण

५) शिक्षण निर्देशिका तयारी

६) पाठ्क्रम तथा शिक्षण निर्देशिकाको स्थलगन परीक्षण, परिमार्जन तथा अन्तिम तयारी जस्ता पक्षहरुलाई आधार मानेर स्थानीय स्तरको पाठ्यक्रम निर्माण हुनु पर्दछ भनी जोड दिएको पाइयो ।

बराल (२०६६) का अनुसार निरक्षरता सामाजिक तथा आर्थिक परिवर्तनको वाधक हो । विपन्नता र अल्पविकासका कारण र परिणाम निरक्षरता हो । वदलिंदो परिवेश अनुरुप बाँच्नका लागि, श्रम बजारका निम्ति, गुणस्तरीय जीवनका निम्ति, पनि साक्षरता आवश्यकता पर्दछ । वर्तमान नेपालको वदलिंदो राजनीतिक एवम् सामाजिक परिवेशमा राष्ट्रिय साक्षरता अभियान सान्दर्भिक छ । विश्वका अन्य मुलुकहरुमा पनी परिवर्तित राजनैतिक परिवेशमा साक्षरता अभियान संचालन भएको पाइन्छ । राष्ट्रले संकल्प गरेको आगमी  २ वर्ष भित्र निरक्षरता उन्मुलन गर्ने कार्यक्रमलाई सरकारको कार्यक्रम मात्र नवनाइ समस्त नेपालीले आफ्नो र हाम्रो कार्यक्रम भन्ने सक्ने, महसुस गर्न सक्ने गरी अभियानमा लग्नु स्थानीय निकाय र सरोकारवालाहरुलाई जिम्मेवार बनाउन पर्ने कुरामा जोड दिएको पाइयो ।

शर्मा ( २०६६) का अनुसार गर्त वर्ष २०६५ असोज ३ गते नेपाल सरकारले बजेट वक्तव्य मार्फत झण्डै सरप्राइज प्याकेटको रुपमा २ वर्ष भित्र देशबाट निरक्षरता उन्मुलन गर्ने घोषणा गऱ्यो । "अक्षर चिनौ सभ्य बनौ भन्ने नाराका साथ गरिएको ३ महिना पढाएर साक्षर बनाउने राष्ट्रिय साक्षरता अभियानले शिक्षा क्षेत्र भित्र प्राय वर्ष भरी नै चर्चा पाइरह्यो । त्यो सकारात्मक होस् या नकरात्मकरुपमा । यस वर्ष फेरी सरकारले "साक्षर बनौ क्षमता बढाऔं" भन्ने नाराका साथ साक्षरता अभियानको घोषणा गरेपछि यो अभियानको कार्यान्वयन मोडालिटी कस्तो हुने र विगत एक वर्षको समिक्षाका आधारमा कार्यान्वयनका तहमा के कस्ता सुधारहरु गर्ने भन्ने विषयमा चासो चिन्ता र वहसको अवस्था सिर्जना भएको छ । भावी कार्यक्रम अहिले एउटा संवेदनशील मोडमा उभिएको कुरा व्यक्त गरिएको पाइयो ।

वोगटी (२०५९) का अनुसार प्रौढ शिक्षा कार्यक्रम अन्तर्गत अनौपचारिक शिक्षा केन्द्रद्वारा सञ्चालित साक्षरता कार्यक्रमको लेखाजोखा गर्ने अध्ययनको उद्देश्य रहेको छ । उक्त उद्देश्य बमोजिम प्रौढ शिक्षा कार्यक्रमले जनमानसमा ल्याएको परिवर्तन, प्रौढ शिक्षा लिएका र नलिएका व्यक्तिहरु बीच विकास भएको सीपको बारेमा विश्लेषण गरिएको छ । कुनै पनि कार्यक्रमलाई सुचारु रुपले सञ्चालन गरेतापनि विभिन्न कमी कमजोरीहरु अवश्य नै हुने भएकोले सम्बन्धित निकायलाई सल्लाह र सुझाव दिनु पनि जरुरी हुन्छ । प्रौढ शिक्षा कार्यक्रम सञ्चालन गर्दा समाजमा शैक्षिक चेतनाको जागरण हुन्छ । शैक्षिक जागरणले व्यक्तिको भित्री आँखा खुल्छन् । नयाँ नयाँ सोचको विकास हुन्छ । विकासका पाहिलाहरु अगाडी बढाउँदै आफ्नो भविष्यका रोजी रोटिका अवसरहरु केलाउन थाल्छन् । फलस्वरुप उद्योग धन्दा, वन्द व्यापार आदि आयमूलक कार्यमा अग्रसर हुन्छन् । साक्षरता कार्यक्रमबाट प्रभावित भएर विभिन्न व्यवसायहरु गाई, भैंसी, कुखुरा, मौरी पालन, बाख्रापालन, मत्स्य पालन, तरकारी खेति गरेर जीवन स्तर सुदृढ भएको पाइयो । त्यसै गरी समाजमा महिला तथा पुरुषहरु बचत संकलन गरी विभिन्न समुहहरु गठन गरेका छन् । स-साना घरेलु उद्योगहरुको सञ्चालन, विक्रि वितरणका लागि बजारको खोजि, मूल्य निर्धारण क्षमताको विकास भएको छ भने समाजको पिछडिएको वर्ग पर्जा, बोटे र थारुले प्रौढ शिक्षाले आँखा खुलाएको कुरालाई स्वीकारी आफ्ना सन्तानलाई पढ्न विद्यालय पठाएको समेत पाइयो ।

त्यसैगरी सुझावको रुपमा भन्नु पर्दा प्रौढ शिक्षाको वर्तमान कार्यक्रम तल्लो तह सम्म पुग्न सकेको छैन । प्रौढ शिक्षाको पाठ्क्रम सीपमूलक नभएकोले यसले निरक्षरता उन्मुलनमा त्यति धेरै टेवा पुऱ्याउन सकेको छैन । सम्बन्धित निकायहरु उदाशिन छन् । उनीहरुले कार्यक्रमलाई प्रभावकारी रुपले अगाडी बढाउन कुनै ठोस् धारणा को विकास गर्न सकेका छैनन् । सहयोगी कार्यकर्ता तथा सहभागीहरु शिक्षा प्रदान गर्ने र प्राप्ति गर्ने कार्यमा त्यति प्रोत्साहित देखिंदैनन् । सहयोगी कार्यकतालाई दिइने पारिश्रमिक पनि अत्यन्त न्यून छ  जसले गर्दा आफ्नो कार्यममा त्यति उत्साहित देखिंदैनन्  सहभागिहरुको उपस्थिति पनि जति मात्रामा हुनु पर्ने हो । त्यति हुन सेकेको छैन भनी निरक्षरता उन्मुलन गर्नका लागि भावि कार्यक्रमहरुलाई अझ प्रभावकारी रुपमा अगाडी बढाउँदै लानु पर्ने कुरामा सुझाव दिएको पाइयो ।

शर्मा (२०६३) का अनुसार विकसित र अल्प विकसित समाजमा साक्षरता निर्धारण गर्ने आधार के हो ? कस्तो प्रकारको साक्षरता कार्यन्वयन गर्ने भन्ने सन्दर्भमा साक्षरताका परिसूचकहरुको बारेमा भन्नु पर्दा समाजमा रहेका व्यक्तिहरुको (प्रौढहरु) सामाजिक आर्थिक, राजनीतिक सांस्कृतिक पक्ष नै साक्षरता निर्धारणको आधार हो । विकसित मूलक र अल्पविकसित मुलुकका व्यक्तिहरुका यस्ता आधारहरु नै मिल्दैनन् । कामको माग नै मिल्दैन र काम गर्ने तौर तरिका नै मिल्दैन । त्यसैले साक्षरता निर्धारणका आधारहरुले ती समाजमा कस्तो प्रकृतिको साक्षरता कार्यान्वयनमा ल्याउने भन्ने कुराको निर्धारण गर्दछ । तसर्थ साक्षरताका आधारहरु नै विकसित र अल्पविकसित मुलुकका साक्षरताका सूचकहरु हुन् ।

तसर्थ अल्पविकसित राष्ट्रहरुले यिनै सूचकहरुलाई मध्यनजर राखेर साक्षरताका कार्यक्रमहरु सञ्चालन गर्न सकेको खण्डमा निरक्षरता उन्मुलनमा थप टेवा मिल्ने कुरा उल्लेख गरेको पाइयो ।

काफ्ले ( २०६१) का अनुसार अल्पविकसित देशहरुको विकासमा साक्षरता शिक्षाको महत्वपूर्ण योगदान हुन्छ भनी औंल्याएका छन् । १६ वटा देशहरु ( एसियाका) मा गरिएका खोज अनुसन्धान, प्रभाव अध्ययन को आधारमा साक्षरता पछि प्रौढहरुको प्रवृत्ति र व्यवहारमा सकारात्मक परिवर्तन भएको कुरालाई निम्नानुसार उल्लेख गरेका छन् :

क) समुदाय र परिवार भित्र रहँदा आत्मवल र स्वायत्ततामा वृद्धि भएको ।

ख) बालवच्चाहरुलाई विद्यालय पठाउने र तिनीहरुको उचित हेर विचार गर्ने ।

ग) परिवारको स्वास्थ्य र पोषणमा ख्याल गर्न सक्ने भएको ।

घ) सानो परिवार सुखि परिवारको ढाँचा अंगाल्ने गरेको ।

ङ) आय आर्जनको बाटा पहिल्याउने र उत्पादकत्व बढाउन सक्ने ।

च) सामाजिक सम्बन्धमा सुधार ।

छ) साक्षरतामा निरन्तरता र आत्मसन्तुष्टि ।

ज) सामाजिक, राजनीतिक मामिलामा सक्रियतापूर्वक भाग लिन सक्ने ।

मिश्र (२०६६) ले उल्लेख गरे अनुसार नेपालको परिवेशमा लोकतन्त्रको स्थापना पछि आर्थिक, सामाजिक सुधार हुने अपेक्षा गरिए पनि मान विकासको आधारमा नेपाल दक्षिण एशियामा नै पछाडि छ । भारत, वंगलादेश, श्रीलंका, पाकिस्तान भन्दा नेपाल मानव विकास सूचकमा पछाडि परेको छ । औसत आय, साक्षरता र आय सुचकलाई आधार माने कुनै पनि देशको मानव विकासको अवस्था बारे बुझ्न सकिन्छ । मानव विकास सूचकहरु मुख्यरुपमा औसत आय, साक्षरता र आयसूचकहरु भएकोले साक्षरताले देशलाई अगाडी बढाउन धेरै महत्वपूर्ण योगदान गर्दछ भन्ने प्रष्ट हुन जान्छ । साक्षरता अभियानको आधार राजनीतिक इच्छा र सांस्कृतिक, नैतिक आध्यात्मिक आदि स्रोतलाई परिचालन गर्ने चुनौति दिनाले र उनीहरुलाई राष्ट्रिय लक्ष तर्फ उन्मुख गर्नाले महत्वपूर्ण उपलब्धि हासिल गर्न सकिन्छ । सफल निरक्षरता कार्यक्रम उन्मुलन अभियान संचालन गर्न धेरै कुराको आवश्यकता पर्दछ र ती उत्कृष्ट नै हुनु पर्दछ । अत्यावश्यक पर्ने कुराहरुमा सम्पर्क समन्वय, साझेदारी, स्रोत प्रचार प्रसार, सामाजिकता, स्वतस्फुर्त जनसहयोग र एक शसक्त निकाय प्रमुख रुपामा हुनु पर्दछ । विगतका अनुभवहरुलाई आत्मसात गर्दै समन्वय र प्रतिकूल अवस्था मा पनि साक्षरता अभियान सञ्चालन गर्ने अठोट लिई अगाडी बढ्नु पर्दछ । साक्षरता अभियान सञ्चालन गर्ने गराउने जिम्मेवार निकायको रुपमा अनौपचारिक शिक्षा केन्द्र सानो ठिमि भक्तपुर रहेपनि यस अभियानमा सम्पूर्ण राजनैतिक दल नागरिक समाज स्थानीय निकायहरु, राष्ट्रिय, अन्तराष्ट्रिय गै.स.स. हरु, युवा वर्ग, विद्यार्थी, वुद्धिजिवी, शिक्षक प्राध्यापक सबैको सक्रिय सहयोग आवश्यक हुनजान्छ । किनकि प्रोग्राम र प्रोजेक्ट को काम कुनै एक तोकिएको निकायले गर्न गराउन सक्छ तर अभियान सफल रुपमा स

ञ्चालन गर्न सर्वपक्षीय सदाचारिता र सहयोगको नितान्त आवश्यक हुने कुरा व्यक्त गरेको पाइयो ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

शोध अनुसन्धान कार्यलाई निष्कर्षमा पुऱ्याउन पूर्व स्वीकृत तथ्य वा सिद्धान्तहरुको आधार लिन जरुरी हुन्छ । स्वीकृत भएका तथ्य वा सिद्धान्तमा आधारित कुनै पनि नयाँ तथ्यहरु विश्वासनीय र वास्तविक हुन्छन् । अनुसन्धानबाट पत्ता लगाइएका कुराहरु स्थापित सिद्धान्तहरुबाट प्रमाणित भएकै हुनुपर्दछ । सही र वास्तविक तथ्यहरुको सहयोग बाट नै समस्याको समाधानका उपायहरु पत्ता लगाउन सम्भव हुन्छ ।

नेपालमा साक्षरता कार्यक्रमको सुरुवात २००७ सालबाट भएता पनि यसको योजनाबद्ध थालनी भने २०१३ सालबाट भएको हो । साक्षरता कार्यक्रमले ६ दशक पार गर्दा पनि साक्षरता सम्बन्धमा पूर्व स्वीकृत सिद्धान्तहरुको सिमितता पाइएको छ । "शिक्षा नै हरेक उननतिको मुहान हो" मानव जीवमा शिक्षाको धेरै महत्व छ । शिक्षा मानिसको आधारभूत आवश्यकता हो । यहाँ मानव जीवनसँग सम्बन्धित स्वीकृत मान्यता तथा सिद्धान्तलाई आफ्नो शोध अध्ययनको लागि सैद्धान्तिक आधारको रुपमा प्रयोग गर्न अथवा अध्ययन विषयलाई निष्कर्षमा पुऱ्याउन उल्लेखित सिद्धान्तलाई विभिन्न कोणबाट सम्बन्ध जोड्ने प्रयास गरिएको छ ।

यो अध्ययन साक्षरता शिक्षा कार्यक्रमसँग सम्बन्धित भएकोले १५ देखि ४५ वर्ष सम्मका सम्पूर्ण निरक्षरहरुको पारिवारिक अवस्था, आर्थिक अवस्था, सांस्कृतिक अवस्था उनीहरुको स्तर आधारभूत आवश्यकता, साक्षरता शिक्षाले उनीहहरुमा पार्ने प्रभाव, व्यवहारिक परिवर्तन जस्ता पक्षहरुमा अध्ययन गरिएको छ । आजको २१ औं शताब्दिमा राष्ट्र संघका सम्पूर्ण सदस्यहरुले साक्षरता शिक्षाको माध्यमबाट निरक्षरता उन्मूलन गर्ने प्रतिवद्धता जाहेर गरेका छन् । तसर्थ अहिलेको विश्व परिवेशलाई हेर्दा साक्षरता शिक्षा मानिसको आधारभूत आवश्यकता भित्र पर्ने हुँदा मास्लो (१९४३) मानवतावादी दृष्टिकोणलाई वैचारिक खाका अन्तर्गत राखेर अध्ययनबाट प्राप्त जानकारीलाई विश्लेषण गरिएको छ । अब्राहम मास्लोले आवश्यकताहरु एक पछि अर्को आवश्यकता हुँदै जाँदा आवश्यकताको श्रृखला नै तयार हुन्छ । मानिसले सामान्य आवश्यकताको परिपूर्ति पछि अर्को आवश्यकताको परिपूतिको लागि क्रियाशील हुँदै जान्छ । भनी आवश्यकताको

पूर्णता भने कहिल्यै हुँदैन भनी तल्लो तहको आवश्यकता वा बाँच्ने तह ( Survival level) बाट शुरु हुन्छ जसलाई तल्लो तहका आवश्यकताहरु भनिन्छ । यसरी आधारभूत आवश्यकताबाट माथिल्लो तहका आवश्यकताहरुको उत्पत्ति अनुसार मानिस क्रियाशील हुन्छ र आत्म यथार्थीकरण को तहमा पुग्दछ भनी आवश्यकताहरुको श्रृखंला तयार गरेका छन् । जस्तै : शारीरिक आवश्यकता, सुरक्षा, सहचार्य प्रेम, मानसम्मान र आत्म यथार्थीकरण आवश्यकताहरु । मानिस जब गास, बास र कपासको आवश्यकता नै परिपूर्ति हुन सक्दैन उसले अन्य आवश्यकताको बारेमा कल्पना पनी गर्न सक्दैन । मानिसको आधारभूत आवश्यकता मानिने गास, बास र कपासको लागि क्रियाशील गराउन क्षमता वृद्धि गर्न, मनोबल उच्च राख्न शसक्तिकरणको रुपमा साक्षरतालाई गास, बास, कपास र साक्षरता भनी आधारभूत आवश्यकता मा राख्नु आवश्यक छ । समाजमा रहेका विपन्न जाति, जनजाति, दलित, आदिवासी महिला, अपाङ्गहरु गरिवीको जालोभित्र फसिरहेका छन् । यस्ता व्यक्तिहरुलाई गरिवीको दुस्चक्रबाट माथिउठाउन उनीहरुको आवश्यकताहरुको परिपूर्तिका लागि साक्षरता एउटा हतियार सावित हुन जान्छ । समाजमा रहेका यस्ता निरक्षर गरिव व्यक्तिहरुको आवश्यकताको पहिचान गरेर उनीहरुको को जीवनस्तर उकास्न मद्दत गर्ने खालको कार्यमूलक साक्षरता सञ्चालन गर्न सकेको खण्डमा उनका आवश्यकताहरु स्वतस्फूर्त परिपूर्ति हुँदै जान्छन् । साक्षरता स्तरिय जीवन यापनका लागि मात्र होइन वदलिंदो परिवेश अनुरुप बाँच्नका लागि पनि आवश्यक छ, ( वराल, २०६६) ।

यसरी मास्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्त अनुसार साक्षरता शिक्षा सबै व्यक्तिका लागि आधारभूत आवश्यकता हो, किनभने बदलिंदो परिवेश अनुरुप बाँच्नका लागि पनि साक्षरता आवश्यक छ । मास्लोले बाँच्ने तहलाई तल्लो तहको आवश्यकता मा राखेका छन् । तसर्थ तल्लो तहको आवश्यकता गास, वास र  कपास संगसंगै बाँच्नका लागि चाहिने साक्षरता आधारभूत आवश्यकता हो भनि निरक्षर व्यक्तिहरुको यिनै आधारभूत आवश्यकतालाई बुझेर साक्षर बन्नका लागि अभिप्रेरित गर्न सकेमा सक्रियरुपमा सहभागी गराई निरक्षरता उन्मूलन गर्न र अभियानको लक्ष पूरा हुन सक्दछ भन्ने मान्यता अनुसार सैद्धान्तिक खाकाको निर्माण गर्न खोजिएको छ ।

### २.३ शैक्षिक उपादेयता

माथि उल्लेखित गरिएका साहित्यको अध्ययनलाई आधारमानी विश्लेषण गर्दा पाइयो कि नेपालमा अधिकांश व्यक्तिहरु निरक्षर छन् । समाजमा भएका दलित आदिवासि, जनजाति महिला एवम् पुरुषहरु शिक्षाको पहुँचबाट टाढा छन् । सरकारले सबैका लागि शिक्षाको विभिन्न कार्यक्रमहरु सञ्चालन गरेता पनि अधिकांश व्यक्तिहरु निरक्षर छन् । देश विकासको प्रमुख आधार शिक्षा भएकोले देशका सम्पूर्ण जाति जनजाति, दलित विपन्न र महिला वर्गहरुलाई राष्ट्रको मूल प्रवाहमा ल्याउन र निरक्षरता उन्मूलन गर्न साक्षरता अभियान सञ्चालन गर्नु जरुरी छ । सन् २०१५ सम्ममा हालको साक्षरता दरलाई वृद्धि गरी ९० प्रतिशत पुऱ्याउने लक्ष अनुसार सबैका लगि शिक्षाको लक्षलाई नियालेर हेर्दा हालको अवस्थामा ५० प्रतिशतले वृद्धि गर्ने हो भने पनि सन् २०१५ सम्ममा साक्षरता दर ८१.५५ प्रतिशत पुग्ने अवस्था छ ।

सम्बन्धित साहित्यको सिंहावलोकन गर्दा पाइयो कि नेपालका अधिकांश व्यक्तिहरु निरक्षर छन् । निरक्षर हुनुको प्रमुख कारण गरिवी हो गरिवीका कारण साँझ विहानको छाक टार्न मुस्किल भएका मानिसहरु रोजिरोटीको खोजमा रातदिन निम्न स्तरको ज्याला मजदुरी गरेर जीवन जिउँन बाध्य छन् । सम्बन्धित साहित्यको सिंहावलोकन एवम् सैद्धान्तिक खाकाले यस विषयसँग सम्बन्धित रहेर विभिन्न कारणले गर्दा शिक्षाको पहुँचबाट विमुख भएका निरक्षर व्यक्तिहरुलाई साक्षर बनाउने, सरकारी पक्षबाट बनेका विभिन्न ऐन तथा नियमावली र विभिन्न सिद्धान्तहरुको मूलभूत पक्षको बारेमा अध्ययन गर्दछ । यसैगरी सम्बन्धित साहित्यको पुनरावलोकनबाट निरक्षरता उन्मूलनका लागि सञ्चालन भएका कार्यक्रमहरु, ती कार्यक्रमले समाजमा ल्याएको परिवर्तन र कार्यक्रमको प्रभावकारिताको बारेमा जानकारी प्राप्त गर्न सहयोग पुग्यो । त्यसै गरी निरक्षरता उन्मूलनका लागि बनेका नीति नियमहरुको पालना गरी कार्यक्रम सञ्चालन भएता पनि त्यसको प्रभावकारी रुपमा कार्यान्वयन नभएको कुरा र कमजोर पक्षहरुको बारेमा जानकारी प्राप्त गर्न सहयोग पुऱ्याएको छ । त्यस्तै अध्ययन गरिएको साहित्य तथा खोजमूलक अध्ययनबाट निरक्षरता उन्मूलन गर्न नेपाल सरकारले सञ्चालन गर्दै आएका कार्यक्रमहरु, कार्यक्रम कार्यान्यवनका लागि स्थानीय स्तरको सहयोग, कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्या र ती समस्याहरुको समाधानका उपायहरु र सहभागीहरुको शिक्षा प्रतिको लगाव तथा

उपलब्धिको खोजि गर्ने कुरामा आधार प्रदान गरी यस शीर्षकमा अध्ययन गर्न थप सहयोग सहयोग पुग्यो । यसै गरी सम्बन्धित साहित्यको पुनरावलोकन एवम् सैद्धान्तिक खाकाले साक्षरता शिक्षा आधारभूत आवश्यकता हो भनि पुष्टि गर्नुका साथै निरक्षरता उन्मूलनका लगि कार्यरत अनौपचारिक शिक्षा केन्द्र लगायत यसमा संलग्न वुद्धिजिवीहरुलाई भावि योजना निर्माण गर्न वा खाका तयार पार्न मद्दत पुऱ्याउँछ । त्यसै गरी यस अभियानलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न के कस्ता योजना निर्माण गर्ने र कस्ता मोडालिटीहरु अपनाउनु पर्दछ भन्ने कुरामा दिशा निर्देशन गर्न सहयोग पुग्दछ ।

# परिच्छेद तीन :
# अध्ययन विधि

## ३.१ अनुसन्धानको ढाँचा

अनुसन्धान कार्यका लागि निश्चित योजना तथा रणनीतिको आवश्यकता पर्दछ । पूर्वयोजना वा तयारी विना गरिने अनुसन्धानबाट निश्चित लक्ष सम्म पूग्न सकिंदैन । यो अनुसन्धान वर्णनात्मक भएकोले यस अध्ययनको प्रमुख उद्देश्य राष्ट्रिय साक्षरता अभियानको कार्यन्वयन अवस्थामा मा केन्द्रित भएकोले कार्यक्रम सञ्चालन प्रक्रियाको जानकारीहासिल गनु पर्ने हुन्छ । तसर्थ यस अनुसन्धान कार्यका लागि गुणात्मक ढाँचा अनुसारको शोध बिधि जस्तै साक्षरता अभियानको वर्तमान अवस्था, सहभागीहरुको अनुभव, सहभागीता मूलक अवलोकन, दस्तावेज अध्ययन, कार्यात्मक परिकल्पना, सूचना संकलन गर्दा प्रत्यक्ष, व्यापक र व्याख्यात्मक विधि प्रयोग गरिएको छ ।

## ३.२ जनसंख्या र नमूना छनोट

यस अध्ययनको लागि सम्भावना रहित नमूना छनोट विधि अन्तरगत उद्देश्यपूर्ण नमूना छनोट विधिको आधारमा भरतपुर नगरपालिकामा सञ्चालन भएका विभन्न वडाका कक्षा केन्द्रको छनोट गरिएको छ । यस अध्ययनमा चितवन जिल्ला भरतपुर नगरपालिकाका वडा नं. ९,१०,११ र १२ का २ २ वटा कक्षा केन्द्रहरुको अध्ययन गरिएको छ । अनुसन्धान कार्यका लागि निश्चित जनसंख्यालाई आधार मानेर निष्कर्ष वा नतिजा निकालिएको छ । चितवन जिल्लाका ४० वटै गा.वि.स. र नगरपालिकाहरुमा साक्षरता कार्यक्रम सञ्चालन भएका छन् तर पनि सबै गा.वि.स. र नगरपालिकाका कक्षाहरुलाई समावेश गर्दा विभिन्न कठिनाइहरु झेल्नु पर्ने भएकाले चितवन जिल्ला अन्तर्गत भरतपुर नगरपालिकाका ४ वटा वडाहरुमा राष्ट्रिय साक्षरता अभियान कार्यक्रमको कार्यान्वयनको अवस्थबारे अध्ययन गरिएको छ । छनौटमा परेका प्रत्येक गा.वि.स.बाट १,१ जना स्थानीय निरीक्षक, १,१ जना साक्षरता स्वयम्सेवक १,१ जना सहभागी, १ जना स्वयंयोजक गरी जम्मा २० जनालाई यस अध्ययनको जनसंख्याको रुपमा लिइएको छ ।

यिनै निर्धारित जनसंख्याबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्राप्त प्रतिक्रिया वा अनुभवलाई अध्ययनमा समेटिएको छ ।

## ३.३ तथ्याङ्कका स्रोतहरू

कुनै पनि विषय वा समस्याको वारेमा खोज अनुसन्धान गर्दा विभिन्न स्रोतहरूलाई आधार मानिएको हुन्छ । यसैगरी यस शोध अध्ययनको क्रममा पनि प्राथमिक तथा द्वितीय गरी तथ्याङ्कका दुईवटा स्रोतलाई अबलम्वन गरिएको छ ।

### प्राथमिक तथ्याङ्क

छलफल, अवलोकन, अर्न्तवार्ता, प्रश्नावली, प्रयोगात्मक परीक्षण र स्थलगत परीक्षणहरूलाई तथ्याङ्क संकलन प्रक्रियाको प्राथमिक स्रोत अर्न्तगत लिइएको छ ।

### द्वितीय तथ्याङ्क

द्वितीय तथ्याङ्क अर्न्तगत अनौपचारिक शिक्षाकेन्द्रबाट प्रकाशित अभिलेख, दस्तावेजबाट लिइएका तथ्याङ्कहरू समावेश गरिएको छ ।

## ३.४ अध्ययन साधनको छनोट र परीक्षण

यस अध्ययनका लागि निर्दिष्ट गरिएका उद्देश्यहरू पुरा गर्नको निम्ति निम्न साधनहरूको विकास गरी उपयोगमा ल्याइने छ ।

क) प्रश्नावली : यस अध्ययनको लागि नमूना छनोटमा परेका कक्षाकेन्द्रहरुमा, कार्यक्रम संयोजक, स्थानीय निरीक्षक, साक्षरता स्वयम्सेवक र सहभागीहरुको धारणा बुझ्नको लागि खुला प्रश्नावलीहरू सोधिएको छ जसलाई अनुसूची १,२,३,४ मा प्रस्तुत गरिएको छ ।

ख) असंरचित अन्तरवार्ता : यस अध्ययनलाई पूर्णता प्रदान गर्नको लागि छनोटमा परेका कक्षाकेन्द्रहरुमा, कार्यक्रम संयोजक, स्थानीय निरीक्षक, साक्षरता स्वयम्सेवक र सहभागीहरुको धारणा बुझ्नका असंरचित प्रश्नावलीहरु सोधिएको छ ।

ग) सर्वेक्षण फारम : यस अध्ययनलाई पूर्णता प्रदान गर्नको लागि साक्षरता अभियान कार्यक्रम २०६६/०६७ को समष्टिगत फारम, पारिवारिक साक्षरता लगत संकलनको समष्टिगतफारम, स्थानीय निरीक्षकले अनुगमनका लागि प्रयोग गर्ने फारम र चितवन जिल्लाको पारिवारिक साक्षरता लगत संकलनको समष्टिगत फारमलाई आधार मानि अध्ययन कार्यलाई अगाडि बढाइएको छ । जसलाई अनुसूची ५,६,७,८ र ९ मा राखिएको छ ।

उक्त अनुसन्धान साधनहरू उपयोगी भए नभएको जाँच गर्नको लागि शोधनिर्देशकको सुझाव लिइएको छ । त्यसैको आधारमा आवश्यक सूचनाहरू थपघट गरी अध्ययन अनुसन्धानका साधनहरूको विश्वासनियता र वैधता स्थापित गरी अन्तिम रूप दिइएको छ ।

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

कुनै पनि विषयको अनुसन्धानका लागि अनुसन्धान कर्ताले जुन उद्देश्य अनुसार अनुसन्धान गर्दै छ सो उद्देश्य परिपूर्तिका लागि नमूना छनोट गर्दा संयोगमा आधारित नमूना छनोट भन्दा पनि आफ्नै बुद्धि विवेकद्वारा नमूना छनौट गर्ने विधि नै उद्देश्यपूर्ण नमूना छनौट विधि हो, ( खनाल, २०६२) । यसै विधिका आधारमा नमूना छनोट गरिएको छ । अध्ययनमा प्राथमिक तथा द्वितीय तथ्यांकहरु प्रयोग गरिएको छ । प्राथमिक तथ्यांकहरु अवलोकन फारम, अन्तरवार्ता प्रश्नावलीहरुको आधारमा संकलन गरिएको छ भने द्वितीय तथ्यांकहरुमा जि.शि.का र न.पा.को अभिलेख तथा पत्रपत्रिकाहरुबाट लिइएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

अध्ययनका लागि प्राथमिक र साहायक स्रोतहरुबाट संकलित तथ्यांकहरुलाई जस्ताको त्यस्तै प्रयोग गर्न सार्थक हुँदैन । किनभने सुरुमा संकल भएका तथ्यांकहरु कोरा- अव्यवहारिक र

अस्पष्ट हुन्छन् । त्यस्ता कोरा तथ्यांकहरुलाई आवश्यकता अनुसार प्रशोधन गरेर मात्र प्रयोग गर्नु पर्दछ ।

यस अध्ययन गुणात्मक भएको हुँदा सम्बन्धित न.पा. तथा सहयोगी अनुसन्धानकर्ता र स्थानीय निरीक्षक, साक्षरता स्वयंसेवक र सहभागिहरुबाट प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त गरिएको तथ्यांकहरुलाई वर्णनात्मक तरिकाले व्याख्या र विश्लेषण गरिएको छ ।

## परिच्छेद चार :

## तथ्यांकको व्याख्या तथा विश्लेषण

यस परिच्छेदमा चितवन जिल्ला भरतपुर नगर पालिका अन्तर्गत वडा नं. ९ त्रिपुरेश्वरको शिवमन्दिर, शिवमार्ग टोल र आदर्शटोल, वडा नं. १० को नौ बिगाहा र चित्र सेन प्रा.वि., वडा नं. ११ को साहसी टोल, निलगिरी टोल वडा नं. १२ को नवरत्न टोल (शिवमन्दिर) र आस्था टोलमा सञ्चालन भएको साक्षरता अभियानको कार्यान्वयन अवस्था बारे अध्ययन गरिएको छ । अध्ययनमा नमूना छनौट मा परेका जि.शि.का., नगरपालिका र साक्षरता कक्षा केन्द्रहरुका सम्बन्धित व्यक्तिहरुसँग प्रत्यक्ष अन्तरवार्ता, प्रश्नावलीबाट प्राप्त सूचनाहरु र स्थलगत भ्रमणबाट प्राप्त तथ्यांकलाई प्रस्तुत गरिएको छ । सही तथ्यांकको  आधारमा गरिएको व्याख्या र विश्लेषणबाट कुनै पनि विषय वा समस्याको बारेमा निष्कर्षमा पुग्न सजिलो हुन्छ । तिनै तथ्यांकको आधारमा निरक्षरता उन्मुलनका लागि सरकारले सञ्चालन गरेको साक्षरता अभियान र कार्यान्वयनको अवस्थाको बारेमा व्याख्या र विश्लेषण गरिएको छ ।

### ४.१ राष्ट्रिय साक्षरता अभियानको कार्यान्वयन अवस्था

साक्षरता विकासको महत्वपूर्ण सूचक हो । शिक्षा नै हरेक उन्नतीको मुहान हो । साक्षर बन्न पाउनु हरेक नागरिकको आधारभूत अधिकार हो । राष्ट्रले प्रत्येक नागरिकलाई शिक्षित गनु पर्ने जिम्मेवारीबाट अलग रहन सक्दैन । मातृभाषा वा राष्ट्र भाषामा लेखिएका दैनिक जीवनसँग सम्बन्धित विषयवस्तुहरु बुझेर लेखपढ गर्न सक्ने र सिकेका कुराहरु आपसमा सञ्चार गर्न सक्ने तथा दैनिक जीवनमा काम लाग्ने साधरण हरहिसब गर्न सक्ने सीप भएका व्यक्तिलाई साक्षर भन्न सकिन्छ, (मिश्र, २०६६) ।

देशमाअझैपनि करिव ६० लाख मानिसहरु निरक्षर रहेको देखिन्छ । देशमा भएको निरक्षरताको यस्तो विकराल स्थितिलाई न्यूनीकरण गर्न वि.सं. २०६५।०६६ देखि साक्षरता शिक्षालाई अभियानको रुपमा सञ्चालन गरिएको छ । २००७ सालमा साक्षरता प्रतिशत ५४ मा पुगेको देखिन्छ जसमा ६५ प्रतिशत पुरुष र ४३ प्रतिशत महिलाहरु साक्षर रहेको अवस्था छ र यसै अभियानलाई २०६६।०६७ मा पनि निरन्तरता                ो छ । राष्ट्रिय साक्षरता अभियालनलाई

केन्द्र देखि गाउँ विकास समितिको तहसम्म राजनीतिक र प्रशासनीय प्रतिवद्धता र समन्वयका लागि प्रधान मन्त्रीको अध्यक्षतामा उच्च स्तरीय राष्ट्रिय साक्षरता अभियान समन्वय समिति गठन गरिएको छ । यस अभियानलाई सफल रुपमा कार्यान्वयन गर्नका लागि पनि केन्द्र देखि स्थानीय स्तरसम्मका सम्पूर्ण निकायहरुलाई निर्वाह गर्नु पर्न भूमिका पनि उल्लेख गरिएको छ, ( राष्ट्रिय साक्षरता अभियान कार्यान्वयन निर्देशिका, २०६५) । साक्षरता अभियानको कार्यान्वयन अवस्था अध्ययनका लागि छनौटमा परेको भरतपुर नगरपालिकाका वडाहरुमा सञ्चालन भएका कक्षाहरु र तथ्यंक संकलनका विभिन्न फारमहरुको अध्ययन गर्दा वडा नं. ९ शरदपुरको त्रिपुरेश्वर टोलमा कक्षा सञ्चालनको लागि सामुदायिक अध्ययन केन्द्रको अभाव भएको कारण स्वयम्सेवकहरुले आफ्नै घरको कोठा तथा वरण्डामा कक्षा सञ्चालन गरेको पाइयो । सहभागीहरुका लागि चाहिने पाठ्यसामग्रीहरु समयमा प्राप्त नभएको र कक्षा सञ्चालनका अन्तिम महिनामा वर्षाको समय भएकोले सहभागिको उपस्थिति एकदमै कम हुँदै गएको पाइयो । कक्षा सञ्चालन गर्ने स्थानको अभावका कारण सहभागीहरुले आफू बस्नकालागि चाहिने सुकुल अथवा कम्मल घरबाट नै बोकेर ल्याउनु पर्ने गुनासो सुनियो । समयको माग र बललिंदो परिवेशका कारण सहभागीहरु सिक्नका लागि निकै उत्सुक भएको र सामान्य लेखपढ गर्न जान्ने भइसकेका कुनै कुनै शिक्षार्थीहरुले पाठ्यपुस्तकहरु अझै स्तरीय भइदिए राम्रो हुन्थ्यो भन्ने गुनासो रहेको पाइयो । वडा नं. कै आदर्श टोलमा सहभागीहरुको अत्याधिक चाप भएको, वस्ने स्थानको अभाव भएको र पाठ्यपुस्तकहरु अपुग भएको पाइयो । निरक्षरहरुको वास्तविक संख्या पत्तालगाउन पारिवारिक लगत संकलनको फारम वडाका घरघरमा पुगी सही तथ्यांक संकलन गरेको पाइयो । दिउसोको समयमा कक्ष सञ्चालन भएकोले साक्षरता शिक्षा लिन चाहेर पनि घरको काम काजले गर्दा पढ्न नपाएको कतिपयको गुनासो पनि सुनियो । त्यसैगरी वडा नं. १० को नौ विगाहको वीरेन्द्रक्याम्पस र चित्रसेन प्रा.वि.मा सञ्चालन भएका कक्षाकेन्द्रहरुको अवस्था अध्ययन गर्दा नौ विगाहमा सहभागीहरुको उपस्थिति धेरै पाइएन । दिउसो १२ बजेको समयमा कक्षा सञ्चालन भएको कारणले रोजिरोटिका लागि धेरै जसो महिलाहरु आफ्नो स-सानो बन्द व्यापार सञ्चालन गर्ने भएकाले पढ्ने इच्छा लागेर पनि पढ्न नपाएको गुनासो सुनियो । उपस्थित भएका सहभागीमध्ये धेरै जसोले पढ्न सक्ने तर लेख्न भने निकै गाह्रो हुने बताए । तीन महिनाको छोटो अवधिमा सहभागीलाई लेख्न र पढ्न सक्ने बनाउन गाह्रो हुने स्वयम्सेवकको आसय बुझियो । क्याम्पसको कोठा प्रयोगमा ल्याइएकोले वस्ने स्थानको खासै समस्या नभएको पाइयो । चित्रसेन प्रा.वि.मा भने सहभागीहरुको अत्याधिक चाप भएकाले

स्वयम्सेवकलाई कक्षा सञ्चालन गर्दा अलि गाह्रो भएको र पाठ्यपुस्तक, कलम र कापी पनि अपुग भएको पाइयो । स्वयम् सेकलाई अध्यापन गर्नका लागि दिइएको पुस्तक पनि सहभागीहरुलाई दिंई पठन पाठन गराएको र फेरी पनि अरु ३ महिना पढ्न पाए राम्ररी पढ्न लेख्न र हिसाब गर्न सकिन्थ्यो भनि स्वयम्सेवकलाई आग्रह गरेको पाइयो । सहभागी र स्वयम्सेवक बीचको सम्बन्ध निकै सुमधुर भएको पाइयो । वडा नं. ११ को निलगिरीटोलमा सञ्चालन भएको कक्षा अध्ययन गर्दा सहभागीहरुको उपस्थिति सन्तोषजन भएको पाइयो । कक्षा सञ्चालन गर्नको लागि वडाकार्यालयको भवन प्रयोग गरिएको पाइयो । वस्ने स्थाको समस्या, विजुली वत्तिको समस्या भएको पाइयो । पाठ्य सामग्रीहरु पनि चाहिए जति उपलब्ध नभएको पाइयो । सहभागी र स्वयम्सेवक बीचको सम्बन्ध राम्रो भएको पाइयो । कक्षा सञ्चालनका लागि निरक्षरहरुको वास्तविक संख्या पत्ता लगाउन पारिवारिक लगत संकलन फारम र समष्टिगत फारम वडाकार्यालयको सहयोगमा भरेको पाइयो । यसै गरी वडा नं. ११ को साहसी टोलमा सञ्चालन भएको साक्षरता कक्षा केन्द्रको अध्ययन गर्दा कक्षा सञ्चालन गर्न आफ्नै घरको कोठा प्रयोग गरेको पाइयो । सहभागीहरु पनि धेरै जसो पढ्न लेख्न जान्ने पाइयो । कक्षाकेन्द्रमा भएका सहभागीहरु धेरै जसो साक्षर भएको र अझ धेरै जान्ने इच्छा भएर पढ्न आएको भन्ने भनाई थियो । सहभागीहरुको उपस्थिति धेरै भएकोले पाठ्यपुस्तक र कापिकलमको अभाव भएको पाइयो । व्ल्याकवोर्ड, चक डस्टरको प्रयोग गरेर अध्यापन गरेको पाइयो ।

वडा नं. १२ नवरत्न टोलको शिवमन्दिरमा सञ्चालन भएको साक्षरता कक्षा केन्द्रको अध्ययन गर्दा सहभागीहरुको उपस्थिति सन्तोषजनक भएको, सबै सहभागीहरु सिक्नका लागि उत्सुक भएको, कक्षा सञ्चालनका लागि मन्दिरको वरण्डा प्रयोग गरिएको पाइयो । सहभागी र स्वयम्सेवकको सम्बन्ध अत्यन्त सुमधुर भएको पाइयो । सहभागीहरुले सामान्य कथा र पाठहरु पढ्न आउँछ, अब अंग्रेजी र गणित जस्ता विषयहरु पढ्न पाए राम्रो हुन्थ्यो भन्ने गुनासो पाइयो । पाठ्यपुस्तक समयमा नपाएको पाइयो । दिउसोको १२ बजेको समय सबैलाई उपयुक्त भएको पाइयो । वडा नं. १२ कै आस्था टोलमा सञ्चालन भएको कक्षा केन्द्रको अध्ययन गर्दा सहभागीहरुको उपस्थिति पातलो भएको पाइयो । कक्षा सञ्चालन गर्न वडा कार्यालयको भवन प्रयोग गरेको पाइयो । पाठ्यपुस्तक र कापीकलमहरु समयमा उपलब्ध नभएको, बस्नको लागि राम्रो व्यवस्था नभएको पाइयो । दिउसोको समयमा सानो तिनो वन्द व्यापार गर्नु पर्ने भएकोले

उपस्थित भएका सहभागीहरु पनि कहिले आउने र कहिले नआउने अवस्था देखियो । उपस्थित भएका सहभागी मध्ये धेरै जसो पढ्न लेख्न नजान्ने रहेको पाइयो । स्वयम्सेवक र सहभागीहरु बीचको सम्बन्ध राम्रो भएको पाइयो । कक्षा सञ्चालनको अन्तिम अन्तिम समयमा कक्षाहरु राम्रोसँग सञ्चालन नभएको र सहभागीहरु पठनपाठनमा सक्रिय नभएको पाइयो । यसरी सम्पूर्ण कक्षकेन्द्रहरुको समग्रमा अध्ययन गर्दा निरक्षरता उन्मुलनका लागि सरकारले सञ्चालन गरेको साक्षरता अभियानको कार्यान्वयन अवस्था केहीहदसम्म सफल भएको पाइयो । कक्षाकेन्द्रहरुको अनुगमन र निरीक्षणका लागि नियुक्त भएका स्थानीय निरीक्षकहरुले साक्षारता अभियान कार्यान्वयन निर्देशिका २०६५ ले तोके अनुसार निरीक्षण नगरेको पाइयो । त्यसैगरी स्वयम्सेवकलाई दिइनुपर्ने मासिक भत्ता पनि समयमा उपलब्ध नभएको पाइयो । अध्ययनको क्रममा वडा नं. १० को चित्रसेन प्रा.वि. र वडा नं. १२ को शिवमन्दिरमा सञ्चालन भएका साक्षरता कक्षाहरु भने नमूना कक्षाको रुपमा पाइयो । यसरी साक्षरता अभियान कार्यान्वयनको अवस्थालाई हेर्दा अनौपचारिक शिक्षाकेन्द्रले अभियानका लागि जतिनै राम्रा नीति नियम बनाएता पनि कार्यान्वयनका क्रममा भने जिम्मेवार निकायले त्यति सक्रिय रुपमा भूमिका निर्वाह नगरेको पाइयो ।

### ४.१.१ साक्षरता अभियान कार्यान्वयनको लागि विभिन्न निकायहरुको भूमिका

सफल निरक्षरता उन्मूलन अभियान सञ्चालन गर्न धेरै कुराको अवश्यकता पर्दछ र ती उत्कृष्ठ नै हुनु पर्दछ । साक्षरता अभियान सञ्चालन गर्ने गराउने जिम्मेवार निकायको रुपमा अनौपचारिक शिक्षा केन्द्र सानोठिमी भक्तपुर रहेता पनि यस अभियानमा सम्पूर्ण राजनीतिक दल, नागरिक समाज, स्थानीय निकायहरु, राष्ट्रिय अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु, युवावर्ग, वुद्धिजिवी, शिक्षक प्रध्यापक सबैको सक्रिय सहयोगको आवश्यकता पर्दछ । अभियान सफल रुपमा सञ्चालन गर्न एउटा मात्र निकाय सक्षम हुन सक्दैन यसमा सर्वपक्षीय सदासयता र कार्यान्वयनका लागि जिम्मेवार निकायहरु पनि सक्रियरहनु आवश्यक हुन्छ ।

साक्षरता अभियानको सफल कार्यान्वयनका लागि गठन भएका उच्चस्तरीय राष्ट्रिय साक्षरता अभियान समन्वय समिति, केन्द्रीय समन्वय समिति, जिल्ला साक्षरता अभियान समन्वय समिति, गाउँ तथा नगर स्तरीय साक्षरता अभियान समिति, जिल्ला शिक्षाकार्यालयका संयोजक, स्थानीय

निरीक्षक र साक्षरता स्वयम्सेवकले राष्ट्रिय साक्षरता अभियान कार्यक्रम कार्यान्वयन निर्देशिका २०६५ अनुसार आ-आफ्नो भूमिका निर्वाह गर्न जरुरी छ ।

**क) उच्च स्तरीय राष्ट्रिय साक्षरता अभियान समन्वय समितिको भूमिका**

विभिन्न मन्त्रालयहरुसँग समन्वय कायम गरी यस अभियानमा सक्रिय रुपमा संलग्न गराउनु साथै अन्तर राष्ट्रिय गैर सरकारी संस्थाहरुसँग समन्वयन गरी त्यस्ता संस्थाहरुसँग भएको क्षमता स्रोत तथा साधनहरुको परिचालन गर्नु पर्ने छ । विभिन्न दलहरुबाट राजनैतिक प्रतिबद्धता कायम गराउन समन्वयकारी भूमिका निर्वाह गर्ने कार्य पनि यस समितिले गर्नै पर्दछ ।साक्षरता अभियानका क्रममा केन्द्रिय समिति र स्थानीयस्तरको कार्यक्रम कार्यान्वयन समितिहरुको कार्य समय समयमा अनुगमन गरी निर्देशन दिने जिम्मेवारी पनि उच्चस्तरीय राष्ट्रिय साक्षरता अभियानमा समितिको रहेको छ ।

**ख) केन्द्रीय समन्वय समितिको भूमिका**

साक्षरता अभियान केन्द्रिय समन्वय समितिको भूमिका साक्षरता अभियानलाई प्रभावकारी रुपमा कार्यान्वयनका लागि नीति तर्जुमा गरी साक्षरतासँग सम्बन्धित विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्था तथा नागरिक समाजसँग समन्वय गर्ने जिम्मेवारी पनि केन्द्रिय समन्वय समितिको

पर्दछ । साक्षरता कार्यत्रम सुचारु रुपले सञ्चालन भएको अनुगमन गरी निर्देशन दिने भूमिका पनि समन्वय समिति कै रहेको छ ।

**ग) जिल्ला साक्षरता समन्वय समितिको भूमिका**

राष्ट्रिय साक्षरता अभियानलाई प्रभावकारी रुपमा कार्यान्वयनको लागि जिल्ला स्थित सरकारी तथा गैर सरकारी संघसंस्था, नागरीक समाजसँग समन्वय गर्नु पर्दछ । यस समितिले जिल्ला स्थित सरकारी तथा गैर सरकारी संघसंथा नागरिक समाज गा.वि.स./न.पा. बाट उपलब्ध निरक्षरताको तथ्यांक विश्लेषण गरी गा.वि.स. र नगरपालिकालाई आवश्यक पर्ने कक्षा केन्द्र निर्धारण गर्नु पर्दछ । भावि कार्यक्रम तयार गर्न र कार्यान्वयन गर्नको लागि विभिन्न क्षेत्रहरुबाट स्रोत र साधनको उचित वितरण गर्नु पर्दछ । अभियानलाई सञ्चालन गर्न चाहिने सामुदायिक अध्ययन केन्द्र लगायतका संघसंस्थाहरुसँग समन्वयन गरी कार्यक्रम कार्यान्वयनका लागि प्रभावकारी अनुगमन पनि गर्ने जिम्मेवारी जिल्ला स्तरीय साक्षरता अभियान समिति कै पर्दछ ।

लक्षित समूहले साक्षरताका लागि प्रयोग गर्ने पाठ्य पुस्तकहरुको आवश्यक व्यवस्था मिलाउनका साथै सम्बन्धित गा.वि.स., नगरपालिका तथा जिल्ला शिक्षा कार्यलयसँग समन्वय गरी कार्यको प्रगति प्रतिवेदन सार्वजनिक गरी सम्बन्धित निकायमा पठाउने जिम्मेवारी पनि यसै समितिको रहेको छ ।

### घ) गाउँ र नगरस्तरीय अभियान समितिको भूमिका

साक्षरता अभियान कार्यक्रमको तल्लो निकायको रुपमा रहेको गाउँ तथा नगर स्तरीय सक्षरता अभियान समितिले कक्षा सञ्चालनका लागि साक्षरता स्वयम सेवक नियुक्ति एवम् स्थानीय निरीक्षकको नियुक्ति का लागि सिफारिस गर्दछ । छनौट भएका स्वयमसेवकहरुले तथ्याकं संकलन गर्ने, विश्लेषण गर्ने अभिलेख राख्ने र साक्षरता केन्द्र माग गर्ने गर्दछन् । स्वयम्सेवकहरुको तालिमको व्यवस्था गर्ने, कक्षा सञ्चालनको लागि उपयुक्त स्थान छनौट गर्ने, साक्षरता कक्षाको नियममित अनुगमन गर्ने, गा.वि.स. र नगरपालिका भित्र सञ्चालन भएका कक्षाहरुको मासिक प्रतिवेदन जिशिका र जिविसमा पठाउने, स्वयम्सेवकको प्रोत्साहन भत्ता भुक्तानी गर्ने अभियानका लागि चेतना मूलक जनजागरण कार्यक्रम सञ्चालन गर्ने । साक्षरता अभियानमा खर्च भएको रकमको सामाजिक लेखा परीक्षण गर्ने र साक्षरता अभियान सञ्चालन गर्नका लागि सामूदायिक अध्ययन केन्द्रलाई परिचालन गर्ने जिम्मेवारी यसै समितिको रहेको छ ।

## ४.१.२ साक्षरता अभियानलेजनसमुदायमा यसले पारेको प्रभाव

देशमा भएको बढ्दो निरक्षरताको स्थितिलाई न्यूनीकरण गर्न सरकारले विगत २०६५-०६६ देखि साक्षरता शिक्षालाई अभियानको रुपमा सञ्चालन गर्दै आएको छ । २०६५।०६६ देखि सञ्चालन हुँदै आएको यस अभियानलाई यसवर्षमा पनि निरन्तरता दिँदै आएको छ । दुई वर्ष भित्रमा देशमा भएका निरक्षरहरुको वास्तविक तथ्यांक पत्ता लगाई निरक्षरता उन्मूलन गर्ने सरकारी प्रयास अत्यन्त संवेदनशील विषय वनेको छ । भौगोलिक दृष्टिकोणबाट हेर्दा पनि साक्षरताको अवस्था कहाली लाग्दो देखिन्छ । सुदुरपश्चिम र मध्यपश्चिम विकास क्षेत्र र तराईका विभिन्न ठाउँहरु यस्ता छन् जहाँ निरक्षरता व्याप्त छ । साक्षरताको अवस्था गाउँ र शहर बीच पनि त्यक्तिकै असन्तुलित छ । गाउँको साक्षरता दर शहर भन्दा २० प्रतिशतले कम देखिन्छ । यो एउटा ठूलो फरक हो यसले पनि गाउँ र शहर बीचको दुरी बढाउँछ । जुन ग्रमिण विकासको

सन्दर्भमा नकारात्मक पक्ष हो । यस्ता सम्पूर्ण परिवेशहरुलाई मनन गरेर साक्षरता अभियान सञ्चालन गर्ने सरकारी प्रयासले अवस्य पनि सफलता पाउला भन्न सकिन्छ ।

अनुसन्धानका क्रममा छनौटमा परेको भरतपुर नगरपालिका भित्र रहेका विभिन्न वडा तथा गा.वि.स. हरुमा सञ्चालन भएका साक्षरता कक्षाहरुको अवलोकन गर्ने क्रममा कक्षा सञ्चालन भएका क्षेत्र वरिपरिका व्यक्तिहरुसँग साक्षरता अभियान प्रतिको धारणा के कस्तो छ भनि प्रत्यक्ष भेटघाट गरी अन्तरवार्ता गरिएको थियो । सोधपुछका क्रममा त्यहाँका बुद्धिजिवी एवम् राजनीतिक व्यक्तिहरु, शिक्षक, व्यापारी र अन्य सम्बन्धित व्यक्तिहरुसँग साक्षरता अभियानका सन्दर्भमा बुझ्दा सकारात्मक धारणा पाइयो । सामाजमा रहेका असंख्य निरक्षरहरुलाई साक्षर वनाएर सामान्य हर हिसाब गर्न र साधारण लेखपढ गर्न सक्ने, आवश्यक परेको ठाउँमा आफ्नो सही आफै गर्न सक्ने अरुमा भर पर्न नपर्ने, समाजमा भएको अन्धविश्वास र रुढीवादी परम्परा प्रतिको धारणामा परिवर्तन ल्याउने, प्रचारप्रसार गर्ने, त्यसैगरी समाजका विशिष्ट श्रेणीमा रहेका व्यक्तिहरुको अभिमत यस प्रकारको रहेको पाइयो । सरकारले विगत् २०६५।०६६ देखि निरक्षरता उन्मूलनका लागि साक्षरता शिक्षालाई अभियानका रुपमा सञ्चालन गरी देशको विशम परिस्थितिका वावजुद पनि हालका वर्षहरुमा निरन्तरता दिंदै आउनु अत्यन्त राम्रो पक्ष हो । सर्वप्रथम साक्षरता शिक्षा सञ्चालन गर्नको लागि निरक्षरहरुको वास्तविक तथ्यांक पत्ता लगाउने लक्षित वर्गको सही पहिचान गर्ने, साक्षरता अभियानका बारेमा प्रचार प्रसार गर्न, साक्षर वनि सकेकाहरुलाई साक्षरोत्तर शिक्षा प्रदान गर्ने, विभिन्न सीपमूलक कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक भएको राय अध्ययनका क्रममा प्राप्त भएको थियो । साक्षरता विकासको महत्वपूर्ण सूचक हो । शिक्षा नै हरेक उन्नतिको मूहान हो । साक्षर वन्न पाउनु हरेक नागरिकहरुको आधारभूत मानव अधिकार हो र प्रत्येक नागरिकलाई साक्षर वनाउनु राष्ट्रको दायित्व हो । मास्लोको आवश्यकताको श्रङ्खला सम्बन्धित सिद्धान्तको अध्ययन गर्दा यदि साक्षरता शिक्षालाई व्यक्तिको आधारभूत आवश्यकताका रुपमा लिएर अभियानलाई सञ्चालन गर्न सकेको खण्डमा अभियानले अवस्य पनि सफलता हासिल गर्न सक्दछ ।

तसर्थ देश विकासको पहिलो आधार भनेको त्यस देशको साक्षरताको अवस्था हो । यो आधारभूत आवश्यकता प्राप्त भएपछि मात्र मानिस अन्य माथिल्ला आवश्यकताहरुको खोजि गर्न थाल्दछ र आफ्नो जीवन स्तर माथि उठाउन संधै क्रियाशील रहन्छ ।

### ४.१. ३ सहभागीहरुको जातिय लैङ्गिक र वर्गीय उपस्थिति

निरक्षरता उनमूलन गर्नका लागि सञ्चालन गरिएको साक्षरता अभियानलाई प्रभाकारी रुपमा कार्यान्वयन गर्ने यससँग सम्बन्धित निकायहरुलाई सक्रिय बनाउनु पर्दछ । हाम्रो देशको परिवेशमा हेर्दा केन्द्रीय स्तरमा वनेको योजनाहरु अत्यन्त राम्रा छन् तर कार्यान्वय पक्ष भने निकै फितलो देखिन्छ । यस्तैगरी निर्माण गरिएका कतिपय योजनाहरु केवल योजनामा मात्र सिमित रहेका छन् । यसको प्रमुख कारण भनेको केन्द्रीय देखि स्थानीय स्तर सम्मका विभिन्न निकायहरु बीचको सह सम्बन्ध र पारदर्शिताको अभाव हुनु हो । योजनाहरुले स्थानीय स्तरको आवश्यकता र परिवेशलाई समेट्न सकेको हुँदैन । जसका कारण योजनाहरु असफल हुँदै जान्छन् । यही कुरालाई मध्यनजर गरेर नेपाल सरकारले २०६५।०६६ देखि साक्षरता अभियान प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि स्थानीय निकायहरु गा.वि.स. र नगरपालिकालाई परिचालन गरेको छ । जसको सम्बन्ध प्रत्यक्ष रुपमा स्थानीय स्तरसँग रहेको हुन्छ ।

हाम्रो समाज विभिन्न जाति-जनजाति, दलित महिला, अपाङ्ग र विभिन्न वर्गीय संरचनामा समिश्रण भएको समाज हो । समाजमा अन्धविश्वास, छुवाछुत, उचनिच, धनि गरिव र महिला पुरुष बीच पनि विभेद छ । समाजमा भएका यस्ता कुरुतीहरु हटाउन समाजका सम्पूर्ण व्यक्तिहरु साक्षर हुनु आवश्यक छ । साक्षरताले नै व्यक्तिको व्यवहारमा परिवर्तन ल्याउँछ । देश विकासको पहिलो आधार भनेको त्यस देशको जनताको साक्षरताको स्थिति हो । यी कुराहरुलाई मध्यनजर गरेर सरकारले विगत २०६५ देखि यो अभियान सञ्चालन गर्दै आएको छ । “अक्षर चिनौ सभ्य वनौं” भन्ने नाराका साथ अभियान सञ्चालन गरिएको छ । समाजमा भएका विभिन्न जाति जनजाति तथा विपन्नवर्ग, आदिवासी, महिला जो विद्यालयको शिक्षाबाट विमुख छन्, शैक्षिक पहुँचबाट टाढा रहेका छन् । उनीहरुलाई लक्षित गरेर अभियान सञ्चालन गरिएको छ ।

यस्ता लक्षित वर्गहरुको सही पहिचान हुन जरुरी छ । अभियानले वास्तविक लक्षित वर्गलाई समेट्न सकेको छ कि छैन उनीहरुको उपस्थिति कस्तो छ ? त्यसको जानकारी हुन आवश्यक छ । लक्षित वर्गहरुको आवश्यकता र चाहना के के हुन् त्यो पनि बुझ्नु जरुरी छ । जवसम्म

उनीहरुको आधारभूत आवश्यकता परिपूर्ति गर्न सकिंदैन तवबसम्म उनीहरुलाई साक्षरता शिक्षा लिन उत्प्रेरित गर्न सकिंदैन जसले गर्दा निरक्षरता उन्मूलन गर्नका लागि अभियानले लिएको लक्ष पूरा हुन सक्दैन । तसर्थ लक्षित वर्गको आधारभूत आवश्यकता बुझेर उनीहलाई साक्षर वन्न उत्प्रेरित गर्न सकेको खण्डमा सहभागीहरुको उपस्थिति वृद्धि हुन्छ । मास्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्तले पनि ही कुरालाई ईंकित गरेको छ । यस अध्ययनको क्रममा भरतपुर नगरपालिकाका ४ वटा वडाहरुमा सञ्चालन भएका साक्षरता कक्षा केन्द्रहरुमा सहभागीको उपस्थितिलाई तलको तालिकामा देखाइएको छ :

**तालिका नं. १**

**सहभागीहरुको उपस्थिति**

| क्र.सं. | वडा नं. | कक्षाकेन्द्रको नाम | दलित | | आदिवासी /जनजाति | | अन्य | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| 1 | 9 | त्रिपुरेश्वर टोल र आदर्श टोल | 2 | 0 | 20 | 0 | 23 | 0 | 45 |
| 2 | 10 | चित्रसेन प्रा.वि. र नौविगाह | 6 | 0 | 45 | 0 | 26 | 0 | 77 |
| 3 | 11 | निलगिरी टोल र साहासी टोल | 4 | 0 | 32 | 0 | 28 | 0 | 64 |
| 4 | 12 | नवरत्न टोल र आस्था टोल | 17 | 0 | 15 | 0 | 36 | 0 | 68 |

स्रोत : स्थलगत अध्ययनक्षेत्र: २०६७

यसरी ४ वटा वडाहरुमा सञ्चालन भएको साक्षरता शिक्षाका कक्षा केन्द्रहरुको अवलोकन गर्दा वडा नं. १० का कक्षाकेन्द्रहरुमा सहभागीको उपस्थिति बढी भएको पाइयो । आदिवासी, जनजाति र अन्य जातजातिको तुलनामा दलितको संख्या कम रहेको पाइयो । त्यसैगरी अध्ययनका क्रममा पुरुषको दाँजोमा महिलाको उपस्थिति बढी भएको पाइयो । अन्य वडाको तुलनामा १० नं. वडामा लगातार ३ महिना सम्म कक्षा सञ्चालन भएको र सहभागीहरु उत्सुकाताका साथ उपस्थित भएको पाइयो । त्यसैगरी स्वयम्सेवकले पनि जिम्मेवारीका साथ पठन पाठन गर्ने गरेको पाइयो ।

## ४.१ .४ साक्षरता अभियानको सफल कार्यान्वयनका लागि अभियुक्त धारणा

शोध अध्ययनका लागि वास्तविक सूचनाहरु प्रप्त गर्न छनौटमा परेका संयोजक स्थानीय निरीक्षक र साक्षरता स्वयम्सेवकलाई पनि प्रश्नावली भराई सुचना संकलन गर्ने कार्य गरिएको थियो ।

छनौटमा परेका जिल्ला शिक्षा कार्यालयका संयोजकलाई साक्षरता अभियानको कोटा कुन निकायबाट प्राप्त हुन्छ र जिल्लामा को मार्फत वितरण गरिन्छ भन्ने प्रश्नको उत्तरमा साक्षरता अभियानको कोटा अनौपचारिक शिक्षा केन्द्रबाट प्राप्त हुने गरेको र जिल्लामा कोटा वितरण गर्नका लागि जिल्ला साक्षरता अभियान समितिबाट निर्णय गराएर वितरण गरेको पाइयो । त्यसै गरी साक्षरता शिक्षा सञ्चालन गर्न उपयुक्त समय,स्वयम्सेवकको शैक्षिक योग्यता र साक्षरता अभियानले समाजमा हुन सक्ने परिवर्तनका बारेमा जिज्ञासा राख्दा पौष महिनामा गाउँघरमा कामकाज नहुने, खेतिपातिको बेला नपर्ने भएकाले पौषको पहिलो हप्ता देखि सञ्चालन गर्न उपयुक्त हुने र स्वयम्सेवकको शैक्षिक योग्यता एस्.एल्.सी. पास मात्र भए पनि पुग्ने जानकारी प्राप्त भएको थियो । साक्षरता अभियानबाट समाजमा सकारात्मक प्रभाव परेको र कार्यक्रमको सफल कार्यान्वयनका लागि सम्पूर्ण निकायहरुको सहयोग प्राप्त भएता पनि गा.वि.स. र नगरपालिकाको भूमिका गहन भएका कारण स्थानीय निकायको निर्वाचन नभई जनप्रतिनिधि विहिन भएकोले सोचे अनुसारको सहयोग पाउन गाह्रो भएको पाइयो । लक्षित वर्गका लागि भनेर सञ्चालन गरिएको अभियानले साञ्चिकै लक्षित वर्गलाई समेटेको छ ? २ वर्षको अवधिमा निरक्षरता उन्मूलन हुन सक्दछ ? भन्ने जिज्ञासामा अभियानले धेरै हदसम्म लक्षित वर्गलाई समेटेको र छोटो अवधिमा निरक्षरताको उन्मूलन हुनसक्ने जानकारी प्राप्त भयो ।

साक्षरता कक्षाहरुको निरीक्षण र अनुगमनका बारेमा जानकारी राख्दा न.पा. कै कर्मचारीहरुले स्थानीय निरीक्षकको भूमिका निर्वाह गरेको, प्रत्येक महिनाको अन्त्यमा १ पटक निरीक्षण गर्ने गरेको र निरीक्षणको फारम जि.शि.का मा पठाउने गरेको पाइयो । निरीक्षण अनुगमन प्रतिवेदन मासिक रुपमा जि.शि.का मा पठाउने गरेको पाइयो । स्वयम्सेवकको हाँजिरी र सहभागीहरुको आन्तरिक र वाह्य परीक्षाका सम्बन्धमा के कस्तो भूमिका निर्वाह गर्नु भएको छ भन्ने प्रश्नमा स्वयम्सेवकको हाँजिरी नगरएको र परीक्षाका सम्बन्धमा स्वयम्सेवकसँग सामान्य छलफल मत्र गरेको पाइयो । अनुगमनका क्रममा नमूना कक्षाहरु र मूल्यांकनका साधनको प्रयोग सम्बन्धमा जिज्ञासा राख्दा कुनै पनि नमूना कक्षा नलिएको र मूल्यांकनमा अन्तरक्रिया र सोधपुछका लागि

अवलोकन गरेर निरीक्षण गर्ने गरेको भनिएता पनि निरीक्षकहरुद्वारा कक्षा अवलोकन नगरिएको र जानकारीका लागि स्वयम्सेवकलाई कार्यालयमा बोलाएर सोधपुछ गर्ने गरेको कुरा छनौटमा परेका स्वयम्सेवक तथा सहभागीहरुबाट प्राप्त भयो । कक्षा सञ्चालन गर्दा गरिएको छअवलोकन र निरीक्षणबाट प्राप्त हुने फिडव्याकका सम्बन्धमा जानकारी राख्दा कक्षा अवलोकन नै नहुने भएकाले फिडव्याक नपाएको कुरा स्वयम्सेवकबाट प्राप्त भएको थियो ।

साक्षरता शिक्षाको कक्षा सञ्चालनमा साक्षरता स्वयम्सेवकको महत्वपूर्ण भूमिका हुन्छ । अध्ययनका क्रममा कक्षा सञ्चालनको अभिन्न अंगको रुपमा रहेका साक्षरता स्वयम्सेवकहरुलाई साक्षरता शिक्षा र कक्षा सञ्चालनका विविध कार्यक्रमका बारेमा सोधपुछ तथा प्रश्नावलीका आधारमा विभिन्न सूचनाहरु प्राप्त गरियो । साक्षरता स्वयम्सेवकको नियुक्ति कुन निकाय मार्फत गरिन्छ भन्ने प्रश्नको जवाफमा साक्षरता शिक्षाका कक्षाहरु सञ्चालन गर्ने जिम्मेवार निकाय भ.न.पा.बाट गरिएको पाइयो । त्यसैगरी तथ्यांक संकलन प्रक्रियाका बारेमा जिज्ञासा राख्दा प्रत्येक घरघरमा गएर र वडा कार्यालयको सहयोग लिएर तथ्यांक संकलन गरेको पाइयो । तथ्यांक संकलन गर्दा पारिवारिक साक्षरता लगत संकलन समष्टिगत फारम १५ देखि ६० वर्ष उमेर समूहको प्रयोग गरेको पाइयो । सहभागीहरुको आवश्यकता, चाहना, कक्षाकोठाको वातावरण रमाइलो बनाउन र सहभागीले सजिलै बुझ्न सक्ने बनाउन कुन शिक्षण विधि उपयुक्त ठान्नुहुन्छ भन्दा सहभागीलाई आपसमा छलफल गराउने, वोर्डमा लेख्न लगाउने र किताव पढ्न लगाउने जस्ता विधिहरु अपनाएर कक्षा सञ्चालन गर्ने गरेको पाइयो । कक्षा सञ्चालन गर्न कुन समय उपयुक्त ठान्नुहुन्छ भन्ने प्रश्नको जवाफमा दिउसोको १२ वजे सबैलाई उपयुक्त हुने जानकारी प्राप्त भएको थियो तर कुनै कुनै सहभागीहरुले आफ्नो स-सानो वन्द व्यापार गर्ने भएकाले त्यस्ता सहभागीको लागि साँझको समय उपयुक्त हुने धारणा रहेको पाइयो । शैक्षिक सामग्रीको सम्बन्धमा जानकारी लिंदा कुनै कक्षा केन्द्रहरुमा सहभागीको अत्याधिक चाप भएको र कुनै कक्षा केन्द्रहरुमा सहभागीको कम चाप भएता पनि न.पा. बाट सबै केन्द्रमा वरावरी हिसाबले पाठ्य पुस्तक वितरण भएको, ती पुस्तकहरु पनि समयमा उपलब्ध नभएको र पाठ्यपुस्तकको अभावभएको कुरा न.पा. मा जानकारी गराई माग गर्दा पनि त्यति चासो नदिएको भन्ने गुनासो पाइयो । त्यसै गरी पाठ्यपुस्तक पूरानै ढाँचाको र वर्तमान परिवेश अनुसार त्यति व्यवहारिक नभएको गुनासो स्वयम्सेवक र सहभागीबाट पाइयो ।

स्वयम्सेवकलाई दिइने मासिक प्रोत्साहन भत्ताको बारेमा सन्तोष हुनु हुन्छ भन्ने प्रश्नको जवाफमा देशको वर्तमान परिवेश केन्द्र देखि स्थानीय स्तर सम्मको चुहावट, उपभोग्य सामान लगायत अन्य वस्तुहरुमा भएको मूलय वृद्धि र कक्षा सञ्चालन गर्दा लग्ने समयलाई ख्याल गर्दा

र उक्त भत्ता पनि समयमा नपाएको र तालिमवापत दिइने रकम पनि नीति नियमले तोके भन्दा पनि कमपाएकोले त्यति सन्तुष्ट नरहेको पाइयो ।

यसप्रकार साक्षरता शिक्षाको सफल कार्यान्वयनका लागि नीति र योजनाहरु केन्द्रिय स्तरमा बन्ने भएता पनि अभियान सञ्चालनको कार्यथलो भनेको स्थानीय स्तर हो । स्थानीय स्तरमा भएका संयोजक, स्थानीय निरीक्षक र साक्षरता स्वयम्सेवकको भूमिका महत्वपूर्ण हुन्छ । तसर्थ साक्षरता अभियानलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि काम गर्ने व्यक्तिहरुमा जोस, जाँगर र उत्प्रेरणाको खाँचो रहेको हुन्छ । त्यसैले यी व्यक्तिहरुलाई कार्यप्रति उत्प्रेरित गर्न उनीहरुले भोगिरहेको समस्याहरुलाई समाधान गर्नका साथै मस्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्तलाई आत्मसाथ गर्दै उनिहरुमा भएका अधुरा आवश्यकताहरु क्रमिक रुपले परिपूर्ति गर्न तर्फ सम्बन्धित निकायले कार्य गर्न सकेमा उनीहरु आ-आफ्नो कार्यमा अभिप्रेरित सक्रिय रुपमा आफ्नो भूमिका निर्वाह गरेमा मात्र अभियानले राखेको लक्ष पूरा हुन सक्ने छ ।

### ४.१.५ अध्ययनक्षेत्रका वडाहरुको साक्षरता स्थिति

अध्ययनको छनौटमा परेका भ.न.पा. ९,१०,११ र १२ नं वडामा सञ्चालन गरिएको साक्षरता कक्षाकेन्द्रहरुमा साक्षरताको स्थितिलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

माथि उल्लेख गरिएको विभिन्न वडाहरुको साक्षरताको स्थितिलाई नियाल्दा अभियानको पहिलो र दोस्रो चरण २०६५।०६६ को तुलनामा अभियानको तेस्रो चरण २०६६।०६७ मा निरक्षरको संख्या क्रमशः घट्दै गएको र साक्षरता संख्या बढी हुँदै आएको पाइयो । २०६५।०६६ को तुलनामा २०६६।०६७ मा साक्षरता अभियानलाई अझ प्रभावकारी रुपमा कार्यान्वयन गरेको र साक्षरताको स्थितिलाई हेर्दा अभियानसँग सम्बद्ध निकायहरु, राजनीतिक दलका वुद्धिजिवी, स्थानीय निरीक्षक, साक्षरता स्वयम्सेवक र सिंगो समाज नै निरक्षरता उन्मूलन प्रति जागरुक भएको देखिन्छ । देशमा भएको निरक्षरता उन्मूलन गर्न सम्पूर्ण निकायहरुले चासो देखाएको र सर्वपक्षीय सदासयता पाएका  कारण अभियानको उपलब्धि राम्रो भएको मान्न सकिन्छ ।

यस अध्ययनमा साक्षरताको स्थितिलाई मनन गर्दा साक्षरता अभियानको कार्यान्वयनमा खटिएका सम्पूर्ण संयोजक, साक्षरता स्वयम्सेवक र निरीक्षकहरुको कार्य गर्ने सिलसिलामा के कस्ता समस्याहरु परेका छन् ? त्यसको समयमा नै पहिचान गरी निराकरण गर्नु जरुरी हुन्छ । मास्लोको अभिप्रेसरण सम्बन्धी सिद्धान्तलाई आत्मसाथ गरी अभियान कार्यक्रममा खटिएका व्यक्तिहरुका समस्या एवम् आवश्यकतालाई क्रमिक रुपमा परिपूर्ति गर्न सकेको खण्डमा ती व्यक्तिहरु आफ्नो कार्यप्रति उत्प्रेरित भई कार्यमा प्रभाकारीता आउने देखिन्छ ।

## ४.२ साक्षरता अभियानको कार्यान्वयनमा देखिएका समस्याहरु

अनुसन्धानका क्रममा छनौटमा परेका अभियान संयोजक, स्थानीय निरीक्षक, साक्षरता स्वयम्सेवक र सहभागीसँग साक्षरता अभियानको कार्यान्वयनमा भोग्नुपरेका समस्याहरु के के छन् ? भन्ने प्रश्नबाट प्राप्त सूचना वा जानकारीलाई निम्न रुपमा प्रस्तुत गरिएको छ :

### क) शिक्षा क्षेत्रमा दलगत राजनीतिको बढ्दो हस्तक्षेप :

वर्तमान अवस्थालाई हेर्दा शिक्षा क्षेत्रमा रानीतिक हस्तक्षेप अत्यन्त बढेर गएको पाइन्छ । साक्षरता साक्षरता अभियान पनि राजनैतिक इच्छा शक्तिबाट अगाडी बढेको पाइन्छ । अभियानको सफल कार्यान्वयन र निरक्षरता उन्मूलन गर्ने लक्ष्य भन्दा पनि आ-आफ्ना दलका मानिसहरुलाई रोजगार दिनका लागि अभियानलाई निरन्तरता दिइएको कुरा अध्ययनका क्रममा थाह लागेको थियो । डेढदशक देखि साक्षरता कार्यक्रम चलाएर आएका अनुभवि गै.स.स.

हरुलाई वहिर गरिएको छ । स्थानीय निरीक्षक र साक्षरता स्वयम्सेवकको नियुक्ति पनि दलीय स्वार्थको भरमा भएको पाइयो ।

**ख) समन्वयको अभाव**

केन्द्रमा प्रधान मन्त्रिको अध्यक्षता देखि स्थानीय तहमा गा.वि.स. सचिवले अध्यक्षता गर्ने सम्मका विभिन्न तहगत समितिहरु वनेपनि विभिन्न निकायबीच प्रभावकारी समन्वयको अभाव देखियो । जिल्ला शिक्षा कार्यलयले जि.वि.स. र गा.वि.स.लाई जिम्मा दिएको काम सम्भने र ती निकाय चाहि अरुको काम गरिदिनु परेकोले आफ्नो कार्यलाई अनावश्यक बोझ सम्झने प्रवृत्ति पनि व्याप्त रहेको देखियो । स्थानीय निरक्षक र साक्षरता स्वयम्सेवक बीचको सम्बन्ध र समन्वयको पनि अभाव पाइयो ।

**ग) कार्यक्रम समयमा सञ्चालन गर्न नसकिने**

सञ्चालन गर्ने भनि केन्द्रीय स्तरबाट स्थानीय स्तरमा जिम्मेवारी सुम्पिए पनि कार्यक्रमले समायमा सञ्चालन हुन सकेन जसका कारण अभियन पनि एउटै जिल्लामा एकै समयमा सञ्चालन नभएको पाइयो । केही गा.वि.स. मा फागुन देखि कक्षा सञ्चालन भएको र न.पा.मा जेठ देखि कक्षा सञ्चालन भई श्रावणमा कक्षा समाप्त भएको पाइयो ।

**ङ) प्रचार प्रसारको कमी**

साक्षरता अभियकान कार्यान्वयन गरी निरक्षरता उन्मूलन गर्न साक्षरता अभियान कार्यान्वयन निर्देशिका २०६५ मा उल्लेख गरिएता पनि त्यसको प्रचार प्रसारमा त्यति व्यापकता भने पाइएन । प्रचार प्रसारका लागि विभिन्न क्लव, सामुदायिक संघसंस्था र अध्ययन केन्द्रहरुबाट जनचेतना मूलक कार्यक्रमहरु सञ्चालन गरिएको छ भनिएता पनि कतिपय व्यक्तिहरुलाई अभियान के हो ? कसका लागि हो भन्ने समेत थाहा नभएको कुरा स्थलगत भ्रमणबाट प्रप्त भएको थियो । प्रचार प्रसारको कमीका कारण कतीपय कक्षा केन्द्रहरुमा सहभागीहरुको उपस्थिति ज्यादै न्यून रहेको पाइयो । प्रचार प्रसारमा व्यापकता ल्याउनका लागि साक्षरता कक्षा सञ्चालनको पहिलो दिनलाई उत्सवको रुपमा मनाउन विभिन्न स्थानीय संघ संस्था, गा.वि.स. र जि.वि.स., जि.शि.का, आमा समूह, नागरिक समाज, वुद्धिजिवी, गा.वि.स. तथा नगरपालिकाका शिक्षक एवम् विद्यार्थी, राजनैतिक दललाई परिचालन गर्ने भनिएता पनि अभियान कार्यान्वयनसँग

सम्बन्धित निकायहरु जि.शि.का., गा.वि.स., नगरपालिकाको मात्र सहयोग एवम् सहभागीतामा कक्षा सञ्चालन भएको पाइयो ।

**च) सही तथ्यांक प्राप्त नहुनु**

साक्षरता अभियान सञ्चालन गर्नु भन्दा पहिले वास्तविक निरक्षरहरुको संख्या पत्ता लगाउनु जरुरी हुन्छ । तथ्यांक संकलन प्रक्रिया सबै भन्दा पहिलो कार्य हो । संकलन गरिएको तथ्यांक स्पष्ट, शुद्ध र वास्तविक हुन आवश्यक छ । नत्र अभियानको लक्ष्य पूरा हुन सक्दैन । यस्ता तथ्यांकहरु हचुवाको भरमा संकलन गर्न हुँदैन । प्रचार प्रसार कार्यलाई व्यापक रुपमा प्रवाह गर्न विभिन्न विद्युतीय उपकरण, पत्रपत्रिकाको र स्थानीय एफ.एमलाई प्रयोग गर्ने र साक्षरता स्वयम्सेवकले पनि तथ्यांक संकल गर्दा वडा कार्यालयको सहयोगमा गरेको पाइयो । घर-घरमा गएर तथ्यांक संकलन नगरी वडाकार्यालयमा भएका पूराने डाटाहरुको आधारमा तथ्यांक संकलन गरेको पाइयो जसका कारण प्राप्ततथ्यांकहरुबाट निरक्षरहरु यति नै छन् भन्ने अनुमानित अवस्था देखियो । तथ्यांक संकलनमा कसैको सहयोग नपाएको, न.पा. बाट केवल पारिवारिक साक्षरता लगत संकलन फारम र साक्षरता अभियान कार्यक्रम २०६७८ को समष्टिगत फारम उपलब्ध गराई तथ्यांक संकलनको सम्पूर्ण जिम्मेवारी स्वयम्सेवकमा थुपारिएको गुनासो पनि पाइयो ।

**छ) तालिम अवधि छोटो हुनु**

साक्षरता स्वयम्सेवकलाई दिइने तालिमको अवधि निकै छोटो भएको पाइयो । शिक्षण सिकाइ कार्यमा तालिमको निकै महत्व हुन्छ । तालिमले शिक्षण पेशामा संलग्न सबैलाई मार्गदर्शनको काम गर्दछ । कुनै पनि कार्य पूर्व तयारी विना गर्न नसकिने भएकाले साक्षरता कक्षा के कसरी कुन विधि प्रयोग गरेर सञ्चालन गर्ने भन्ने सम्बन्धमा तालिम हुन जरुरी छ तर तालिम समायमा नै सञ्चालन नभएको १५ दिने तालिमलाई छोट्याएर ५ दिने वनाइएको, तालिम वापत दिइने भत्ता पनि कम भएको समयमा नपाएको जस्ता गुनासोहरु पाइयो ।

**ज) अनुगमन र निरीक्षणको कमी**

साक्षरता कक्षाहरु सुचारु रुपले सञ्चालन भए वा नभएको, साक्षरता स्वयम्सेवकहरु कर्तव्य परायण भए नभएको, सहभागीको शैक्षिक स्तरमा सुधार आए नआएको, मासिक रुपमा

आन्तरिक परीक्षा भए नभएको  जस्ता पक्षहरुमा मूल्यांकन हुनु अत्यन्तै आवश्यक छ । तर स्थानीय निरीक्षकहरु नाममात्रका निरीक्षक भएको, प्रत्येक महिनामा गरिनु पर्ने निरीक्षण नगरिएको पाइयो । यसरी हेदा स्थानीय निरीक्षकलाई दिइने मानिसक प्रोत्साहन भत्ता पचाउनका लागि मात्र नियुक्ति गरेको देखियो ।

**झ) सामुदायिक, अध्ययन केन्द्रको अभाव :**

साक्षरता कक्षा सञ्चालन गर्नको लागि सरकारी तवरबाट कुनै व्यवस्था छैन । साक्षरता कक्षा सामुदायिक अध्ययन केन्द्रमा सञ्चालन गर्ने भनिएता पनि सबै वडा कार्यालय र न.पा.मा. सामुदायिक अध्ययन केन्द्रहरु छैनन् । कक्षा सञ्चालन गर्ने स्थान छनौट गर्नका लागि सम्पूर्ण जिम्मेवारी केवल साक्षरता स्वयम्सेवकको टाउकोमा थुपारेको पाइयो । कसैले मन्दिरको आगनमा, कसैले आफ्नै घरको कोठाहरुमा कक्षा सञ्चालन गरेको पाइयो कक्षासञ्चालन गरेको स्थानको यस्तो दयानीय अवस्था देख्दा सरकारले निरक्षरता उन्मूलनको नाउमा बजेटको दुरुपयोग गरी जनताको आँखामा छारो हाले जस्तो देखिन्छ ।

**ञ) सेवा सुविधामा कमी**

कुनै पनि क्षेत्रमा कार्य गर्ने व्यक्तिका लागि उत्प्रेरणाको आवश्यकता पर्दछ । त्यसैगरी जुनसुकै व्यक्तिले पनि काम गरेबापत त्यसको उचित पारिश्रमिकको अपेक्षा गरेको हुन्छ तर साक्षरता स्वयम्सेवकलाई दिइने मासिक भत्ता निकै न्यून रहेको पाइयो । अत्यन्त महंगी, दैनिक उपभोग्य वस्तुको मूल्य वृद्धिका कारण स्वयम्सेवकलाई दिइने भत्ता अति न्यून भएको गुनासो पाइयो । दिनको २ घण्टाका दरले कक्षा सञ्चालन भनिएता पनि सिक्ने र सिकाउने प्रक्रियामा समय धेरै लाग्ने भएकाले सबै सहभागीहरु एके पटक उपस्थित नभइदिनाले, दिउसोको धेरै जसो समय कक्षामा नै वित्ने भएकाले आफूले दिनपरेको समयको तुलनामा भत्ता ज्यादै कम भएको भन्ने आसय सबै कक्षा केन्द्रहरुका स्वयम्सेवकबाट प्राप्त भएको थियो । उक्त प्रोत्साहन भत्ता पनि सबै स्वयम्सेवकले समयमा नपाएको गुनासो पाइएको ।

**ठ) पाठ्यसामग्री समयमा उपलब्ध नुहुन**

शिक्षाका लागि पाठ्य सामग्रीको अत्यन्त महत्व रहेको हुन्छ । त्यसमा पनि निरक्षरहरु जो उमेरको हिसाबले पनि छिटो बुझ्न सक्दैनन् उनीहरुलाई किताबको सहयोग लिएर पढाउनु

पर्दछ । साक्षरता कक्षा केन्द्रहरुलाई हेर्दा सबै कक्षा केन्द्रमा सहभागीको उपस्थिति निर्देशिकाको मापदण्ड अनुसार पाइएन । कुनैमा सहभागीहरुको अत्यन्त चाप र कुनैमा कम भएको अवस्था रहको र पाठ्यसामग्री वितरणमा एकरुपता भएको पाइयो । पाठ्यपुस्तकहरु पनि समयमा नै उपलब्ध नभएको, थप पाठ्यवस्तुहरु माग गर्दा पनि सम्बन्धित निकायले कुनै चासो नदिंदा पठन पाठनमा बाधा भएको पाइयो ।

ठ) **सीपमूलक कार्यक्रमको अभाव**

"साक्षर बनौ र क्षमता बढाऔं" भन्ने अभियानको नारालाई नियालेर हर्दा अत्यन्त मार्मिक देखिन्छ तर सहभागीलाई वितरण गरिएको छ । पुस्तकहरु त्यति व्यवहारिक छैनन् । पाठ्यपुस्तकहरु पूरानै ढाँचाका छन् । धेरै पहिले देखि अनौपचारिक कक्षाहरुमा पढाउँदै आएको "नयाँ गोरेटो" नै साक्षरता अभियान मा पनि प्रयोग गरिएको छ । केवल अक्षर चिन्ने र अंक चिनाउने माध्यमका लागि मात्र पुस्तक प्रयोग भएको देखिन्छ । ज्ञानदिने र सीप सिकाउने खालका पाठहरु छैनन् । सामान्य लेखपढ गर्न जान्ने सहभागीहरुका लागि अलि स्तरीय पाठ्यपुस्तकहरुको अभाव भएको पाइयो । साक्षरता अभियान सञ्चालन गरिएता पनि सहभागीहरुको जीवनस्तरसँग मेल खाने र जीवनस्तरमा सुधार आउने खालका सीपमूलक कार्यक्रमको अभाव भएको पाइयो

समग्रमा हेर्दा साक्षरता अभियानको कार्यान्वयनको लागि खटिएका जिम्मेवार निकाय र त्यसमा कार्यरत व्यक्तिहरुले कार्यान्वयनका क्रममा विभिन्न समस्याको सामना गर्नु परेको यथार्थ अवस्थाको पुष्टि गर्दछ । अभियान दलीय स्वार्थबाट अगाडी बढ्नु, माथिल्लो निकायबाट अनुगम र निरीक्षण नहुनु, समयमा कार्यक्रम प्राप्त नहुनाले एकै समयमा कार्यक्रम सञ्चालन गर्न नसकिनु, आवश्यक स्रोत साधनको अभाव हुनु, समन्वयको अभाव हुनु, वास्तविक तथ्यांकहरुको अभाव, जस्ता पक्षहरुले कार्यान्वयका क्रममा समस्याहरु सिर्जना भएको पाइयो । समाजकै लागि र समाजकै व्यक्तिहरुको कार्यक्रम सञ्चालन गर्न स्थापना गरिएको सामुदायिक अध्ययन केन्द्रलाई कक्षासञ्चालन गर्न प्रयोग गरिएको छभनिएता पनि सबै वडाहरुमा अध्ययनकेन्द्रहरु नभएको पाइयो । तसर्थ मास्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्तलाई आत्मसाथ गर्दा कार्यन्वयनका समस्याहरुको समयमा नै अध्ययन गरी ती समस्या समाधान गर्न के के कुराको

आवश्यकता पर्दछ ती कुराहरुको समयमा नै पहिचान गर्न सकिएन भने समस्याहरु समस्याकै रुपमा यथावत रहने अवस्था देखिन्छ ।

### ४.३ साक्षरता अभियान कार्यान्वयनको सफलताका लागि सुझावहरु

अनुसन्धानका क्रममा अनुसन्धानकर्ताले छनौटमा परेका व्यक्तिहरु, संयोजक, स्थानीय निरीक्षक, साक्षरता स्वयम्सेवक र सहभागीहरुसँग प्रश्नावली भराई राय तथा सुझाव लिने कार्य गरिएको थियो । साक्षरता अभियानको सफल कार्यानवयन गर्न सुधारका उपाय के के छन् ? भन्ने प्रश्नको उत्तरमा प्राप्त विकल्पहरुलाई बुँदागत रुपमा उल्लेख गर्ने प्रयास गरिएको छ ।

**क) शिक्षालाई राजनैतिक हस्तक्षेपबाट मुक्त गरिनु पर्ने :**

शिक्षा क्षेत्र राजनैतिक हस्तक्षेप बाट मुक्त हुन आवश्यक छ । अभियान सञ्चालन गर्दा दलीय स्वार्थमा मात्र नभएर देशको वर्तमान परिवेश, समाजिक माग र लक्षित वर्गको इच्छा र आवश्यक तालाई मनन गरेर अभियान सञ्चालन गर्नु पर्दछ । राजनैतिक लाभ लिने उद्देश्यले अभियान सञ्चालन गर्नु हुँदैन ।

**ख) सम्पूर्ण निकायबीच समन्वय हुनु पर्ने :**

केन्द्र देखि स्थानीय स्तरका सम्पूर्ण निकायहरु बीच समन्वय हुनु जरुरी छ । अभियान सञ्चालन गर्दा स्थानीय स्तरमा केवल जिम्मेवारी मात्र थुपार्ने कार्य गर्नु हुँदैन । आवश्यकता अनुसार सल्लाह, सुझाव सहयोग र सञ्चार गर्नु पर्दछ ।

**ग) स्थानीय निकायमा जनप्रतिनिधिको व्यवस्था हुनुपर्ने :**

स्थानीय निकायमा कार्यगर्ने जनप्रतिनिधिहरु छन् वा छैनन् भन्ने कुराको जनकारी केन्द्रीय तहमा पहिले नै हुनु पर्दछ । एउटा सचिवले २,३ वटा वडा हेर्न असम्भल हुनुका साथै कार्यमा स्तरीयता पनि नहुने भएकाले कार्य सञ्चालन गर्नु भन्दा पहिले काम गर्ने व्यक्ति चयन गनु पर्ने देखिन्छ ।

**घ) कार्यक्रम एकै समयमा सञ्चालन गरिनु पर्ने :**

साक्षरता अभियान सञ्चालन गर्दा एउटा जिल्लामा एकै पटक सञ्चालन हुनु पर्दछ । केन्द्रवाट कार्यक्रम समयमा नै प्राप्त हुनु पर्दछ  र पूरै जिल्लामा एकै पटक संचालन गर्न पाएको खण्डमा त्यसको उपलब्धि पनि आसा गर्ने अवस्था रहन्छ । कामगर्ने व्यक्तिमा पनि जोस र जाँगर पहिलो पटक कामगर्दा जति हुन्छ त्यति जोस र जाँगर दोस्रो पटक काम गर्दा नहुन सक्छ । आर्थिक हिसाबले पनि कार्यक्रम एकै समयमा सञ्चालन गर्नु पर्ने हुन्छ ।

**ङ) व्यापक प्रचारप्रसार गर्नुपर्ने**

कुन कार्यक्रम, कुन ठाउँमा र कासका लागि संचालन गर्न लागिएको हो त्यसको बारेमा सम्बन्धित पक्षलाई जानकारी हुनु पर्दछ । अभियान सञ्चालन गर्दा प्रत्येक टोलटोलमा, प्रत्येक लक्षित वर्गमा र समाजका सम्पूर्ण व्यक्तिहरुलाई थाहा हुनेगरी विभिन्न सञ्चार माध्यमहरु रेडियो, टि.भि. पत्रपत्रिकाहरु मार्फत प्रचार प्रसारलाई तीव्र बनाउनु जरुरी छ । प्रचार प्रसारमा व्यापकता ल्याएर जनसहभागीतामा वृद्धि गर्न सकेको खण्डमा मात्र अभियानको लक्ष पूरा हुने देखिन्छ ।

**च) तथ्यांक शुद्ध र वास्तविक हुनु पर्ने**

निरक्षरहरुको संख्या कति छ भनेर पत्ता लगाउने भरपर्दो माध्यम तथ्यांक भएकाले यस्ता तथ्यांकहरु शुद्ध र वास्तविक हुनु आवश्यक छ । तथ्यांक संकलन हचुवाका भरमा गरिने प्रवृत्तिलाई सुधार गनु पर्ने हुन्छ । तथ्यांक संकलन गर्ने व्यक्तिले आफ्नो कार्यलाई बोझको रुपमा लिनु हुँदैन भने सही तथ्यांक प्राप्त भए वा नभएको थाहा पाउन सम्बन्धित पक्षले पनि चासो राख्नु जरुरी छ ।

**छ) नीति नियम अनुसार तालिमको व्यवस्था गनु पर्ने**

कुनै पनि शिक्षक तथा कर्मचारीको कार्यदक्षता वृद्धि गर्ने माधयम तालिम भएकोले साक्षरता स्वयम्सेवकहरुलाई आवश्यकता अनुसार र निर्देशिकामा उल्लेख भए अनुसारको तालिम प्रदान गर्न आवश्यक छ  । तालिमले व्यक्तिलाई सक्षम बनाउने र काममा जोश जाँगर वृद्धि गर्ने भएकाले तालिमको उचित व्यवस्था हुनु जरुरी छ ।

**ज) अनुगमन र निरीक्षण कार्यमा वृद्धि गर्नु पर्ने**

कुनै पनि कार्यको लागि सही मूल्यांकन भएन भने त्यसको प्राप्ति पनि के कति भयो त्यसको जानकारी पाउन गाह्रो पर्दछ । साक्षरता कक्षाहरुको निरीक्षण कार्य तीव्र हुनु जरुरी छ । निरीक्षकले आफ्नो जिम्मेवारी सम्झनु पर्ने हुन्छ । साक्षरता स्वयम्सेवकसँग सोधपुछ गरेर जानकारी राख्नु भन्दा कक्षा सञ्चालन भएकै ठाउँमा गई निरीक्षण गरेमा कक्षा सञ्चालनमा प्रभावकारीता आउने देखिन्छ ।

**झ) सामुदायिक अध्ययन केन्द्रको व्यवस्था गरिनु पर्ने**

साक्षरता अभियान सञ्चालन गर्ने थलो समाज भएकोले प्रत्येक वडामा १ १ वटा सामुदायिक अध्ययन केन्द्र हुनु पर्ने हुन्छ । सामुदायिक अध्ययन केन्द्रले मुख्य गरी समुदायका मानिसहरु खासगरी महिला, पिछडिएको वर्ग जनजाति एवम् अल्प संख्ययक वर्गलाई लक्षित गरी उनीहरुको व्यक्तिगत, सामाजिक र आर्थिक विकासमा मद्दत पुऱ्याउने भएकाले साक्षरता सम्बन्धी कक्षा पनि यहि केन्द्र मार्फत सञ्चालन गर्दा प्रभावकारी हुने देखिन्छ । तसर्थ प्रत्येक वडाहरुमा यस्ता सामुदायिक अध्ययन केन्द्रहरु स्थापना गर्न सरकारले दिने अनुदान वृद्धि गर्नु पर्ने हुन्छ ।

**ञ) सेवा सुविधामा वृद्धि गर्नु पर्ने**

काम गर्ने व्यक्तिका लागि उसले गरेको काम र दिएको समयका आधारमा पारिश्रमिक प्रदान गर्ने कुरा न्याय संगत देखिन्छ । साक्षरता अभियानका लागि छुट्याइएको १ अर्व ४ करोड बजेटलाई नियाल्दा साक्षरता स्वयमसेवकलाई दिइने सेवा सम्बन्धी भत्ता अत्यन्त न्यून छ । अभियानलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि स्वयम् सेवकको सेवा सुविधामा वृद्धि गर्नु पर्ने देखिन्छ ।

**ट) पाठ्य सामग्रीहरु समयमा नै उपलब्ध गराइनु पर्ने**

शिक्षण सिकाइको महत्वपूर्ण पाटो भनेको शैक्षिक सामग्रीहरु हुन् । साक्षरता शिक्षाका लागि सहभागीहरुलाई दिइने पाठ्यपुस्तक कापी, कलम समयमा नै उपलब्ध गराउनु पर्ने हुन्छ । पाठ्य सामग्रीहरुलाई शिक्षण सिकाईका साधनका रुपमा प्रयोग गरिने भएकाले यस्ता साधनहरु आवश्यकता अनुसार समयमा नै उपलब्ध गराउन सम्बन्धित पक्षले ध्यान दिनु पर्ने देखिन्छ ।

### ठ) सीपमूलक कार्यक्रम संचालन गरिनु पर्ने

साक्षरता अभियानले केवल साधरण पढ्न लेख्न सक्ने र गणितीय हरहिसाव राख्न सक्ने कुरालाई जोड दिइएको छ । वर्तमान परिवेशलाई हेर्दा प्रत्येक व्यक्तिलाई आफ्नो दैनिक गुजारा गर्न सीपमूलक कार्यको खाँचो छ । साक्षरताका अलवा अभियानले सीपमूलक कार्यक्रमहरु पनि सञ्चालन गर्नु पर्ने देखिन्छ । त्यसमा पनि साक्षरताका पुस्तकहरुमा घरेलु कामकाज, सीपमूलक व्यवसाय सम्बन्धी पाठहरु भएको खण्डमा सहभगीहरुको जीवन स्तरमा केही हद सम्म सुधार हुने देखिन्छ ।

कुनै पनि क्षेत्रमा विभिन्न समस्याहरु रहेकै हुन्छन् ती समस्याहरुलाई समस्याकै रुपमा नराखि त्यसको समाधानको उापय पनि खोज्नु जरुरी छ । तसर्थ साक्षरता अभियानको कार्यान्वयनका क्रममा देखिएका समस्याहरु समयमा नै पहिचान गरी सुधार गर्नु पर्ने देखिन्छ । अर्थात साक्षरता अभियाान कार्यान्वयनका लागि खटिएका विभिन्न निकाय र व्यक्तिहरुको माथिल्लो निकायबाट अनुगमन निरीक्षण हुनु नितान्त आवश्यक छ । अभियान के कसरी कार्यान्वयन भइरहेको छ ? के कस्ता समस्याहरु देखिएका छन् ? त्यसमा संलग्न व्यक्तिहरुका आवश्यकताहरु के के छन् ? ती समस्या र अधुरा आवश्यकताहरु के के हुन् ? ती समस्या र अधुरा आवश्यकताहरुको समयमा नै पहिचान गरी सूधार गर्न जरुरी हुन्छ । मास्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्तले पनि यही कुरालाई जोड दिएको छ ।

## परिच्छेद पाँच :

## प्राप्ति, निष्कर्ष र सुझावहरु

### ५.१ प्राप्ति

यस अध्ययनबाट प्राप्त तथ्यांकको व्याख्या तथा विश्लेषण अन्तरवार्ता प्रश्नावली लगतसंकलन फारम, समष्टिगत फारम, अभियान संयोजक, स्थानीय निरीक्षक, साक्षरता स्वयम्सेवक र सहभागीहरुबाट प्राप्त तथ्यांकको आधारमा निम्न लिखित प्राप्तिहरु पाइएको छ :

यस अध्ययनको नमूना छनौटमा परेका ४० वटा वडाहरु मध्ये वडा नं. ९ को त्रिपुरेश्वर टोल र आदर्श टोलमा सामूदायिक अध्ययन केन्द्रको अभाव रहेको पाइयो । कक्षासञ्चालनका लागि घरको कोठा र वरण्डा प्रयोग गरेको पाइयो । सहभागीहरुका लगि चाहिने पाठ्य सामग्रीहरु समयमा उपलब्ध नभएको पाइयो । कक्षा सञ्चालनका अन्तिम समया वर्षाको समय भएकोले सहभागीहरुको उपस्थिति कम हुदै गएको पाइयो । उपस्थित भएका सहभागीहरु सिक्नकालागि उत्सुक भएको पाइयो । कुनै कुनै सहभागीहरुबाट पाठ्यपुस्तकहरु अलि परिमार्जन गरिनु पर्ने स्तरीय भैदिए हुन्थ्यो भन्ने गुनासो पनि प्राप्त भयो । आदर्श टोलमा सहभागीहरुको उपस्थिति बढी भएकोले वस्ने स्थानको अभाव भएको र पाठ्यपुस्तकहरु अपुग भएको पाइयो । पारिवारिक साक्षरता लगत संकलनको समष्टिगत फारम र साक्षरता अभियानको समष्टिगत फारम वडा कार्यालयको सहयोगमा तथा स्वयम् आफै पनि सक्रिय भएर संकलन गरेको पाइयो ।

वडा नं. १० को चित्रसेन प्रा.वि. नौविगाहमा कक्षा सञ्चालनका लागि स्कूल र क्याम्पसको कोठा प्रयोग गरेको पाइयो । पाठ्यपुस्तकहरु समयमा नै उपलब्ध नभएको, सामुदायिक अध्ययनकेन्द्रहरुको अभाव रहेको पाइयो । सहभागीहरुको चाप बढी भएकोले थप पाठ्यपुस्तक र कपीको माग गर्दा सम्बन्धित पक्षले खासै चासो नदिएको पाइयो । साक्षरता स्वयम्सेवक र सहभागी बीचको सम्बन्ध सुमधुर भएको पाइयो । दिउसोको समयमा वन्द व्यापार गर्नु पर्ने भएकोले कक्षा सञ्चालनको समय त्यति उपयुक्त नभएको बताए । नौविगाहको तुलनामा चित्रसेन प्रा.वि.मा सहभागीहरुको अत्याधिक चाप रहेको पइयो । पढ्नका लागि ३ महिनाको समय छोटो भएको र अरु ३ महिना थप भईदिए राम्रो हुन्थ्यो भन्ने आसय बुझियो ।

वडा नं. ११ को निलिगिरी टोलमा र सहासि टोलमा सहभागीहरुको उपस्थिति सन्तोषजनक रहेको पाइयो । पढाउनका लागि वडाकार्यालयको भवन र आफ्नै घरको वरण्डाको प्रयोग गरेको पाइयो । सामूदायिक अध्ययन केन्द्रको अभाव भएको पाइयो । पाठ्यपुस्तक र अन्य सामग्रहरु समयमा नै उपलब्ध नभएको र उपलब्ध भएका सामग्रीहरु पनि आवश्यकता भन्दा कम भएको पाइयो । साहासी टोलमा सहभागीहरुको उपस्थिति निकै बाक्लो भएको र धेरैजसोले राम्ररी पढ्न लेख्न सक्ने भएको पाइयो । अझ धेरै कुरा जान्न र सिक्न पाए हुन्थ्यो भनि पढाइप्रति अत्यन्त सकारात्मक भएको पाइयो । सहभागी र शिक्षक बीचको सम्बन्ध गुरु र शिष्यको जस्तो पाइयो ।

वडा नं. १२ को नवरत्न टोलको शिवमन्दिरमा र आस्था टोलमा सञ्चालन भएका साक्षरता कक्षाकेन्द्रहरुको अध्ययन गर्दा सहभागीहरुको उपस्थिति सन्तोषजनक भएको पाइयो । सबै सहभागीहरु सिक्नका लागि उत्सुक भएको पाइयो । सहभागीहरु अनुसारको कापीकलम उपलब्ध नभएको पाइयो । पठन पाठनका लागि मन्दिरको बरण्डा र वडाकार्यालयको भवन प्रयोग गरेको पाइयो । सहभागीहरु धेरै जसो लेखपढ गर्न जान्ने भएको पाइयो । सहभागी र स्वयम् सेवकको सम्बन्ध सुमधुर रहेको पाइयो । कक्षा सञ्चालनको दिउसोको समय त्यति उपयुक्त नभएको पाइयो । शिवमन्दिरको कक्षाकेन्द्रको तुलनामा आस्थाटोलमा सहभागीहरुको संख्या कम भएको र पढ्न लेख्न त्यति उत्सुक नभएको पाइयो । यसरी सबै कक्षाकेन्द्रहरुको समग्रमा अध्ययन गर्दा साक्षरता अभियानको कार्यान्वयनको अवस्था केहीहदसम्म सन्तोषजनक रहेको पाइयो ।

## ५.२ निष्कर्ष

साक्षर हुन पाउनु हरेक नागरिकको आधारभूत अधिकार हो । सबै नागरिकलाई शिक्षा प्रदान गर्नु राज्यको कर्तव्य पनि हो । साक्षरता शिक्षा विगत ६ दशक देखि विभिन्न कार्यक्रमको साथ सञ्चालन हुँदै आएता पनि निरक्षरता उन्मूलन हुन सकेको छैन । साक्षरता शिक्षालाई विगत २०६५ देखि२ वर्ष भित्रमा निरक्षरता उन्मूलन गर्ने महत्वाकाक्षी अभियानको रुपमा सञ्चालन गरिएको छ । अभियानलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि केन्द्रिय स्तर देखि स्थानीय स्तरसम्म विभिन्न समिति तथा उप समितिहरु गठन गरिएको छ । यसै सन्दर्भमा साक्षरता अभियानको कार्यान्वयनको अवस्था कस्तो रह्यो, कार्यान्वयनका क्रममा के कस्ता समस्याहरु देखिए र त्यसका समाधानका उपायहरु के के होलान् भन्ने विषयमा जानकारी प्राप्त गर्ने सिलसिलामा यस अध्ययनलाई अगाडि बढाइएको थियो ।

अध्ययनको क्रममा छनौटमा परेका साक्षरता शिक्षा कार्यक्रम हेर्ने संयोजक, स्थानीय निरीक्षक साक्षरता स्वयम्सेवक र सहभागीहरुसँग अभियानको कार्यान्वयको अवस्थाका वारेमा वुझ्ने प्रयास गरिएको थियो । साक्षरता अभियानको सफल कार्यान्वयनको लागि यससँग सम्बिन्धित सम्पूर्ण निकायहरु सक्रियरुपले लाग्नु पर्ने, सबै निकाय बीच समन्वय हुनुपर्ने अभियानमा निरक्षरता उन्मूलन गर्नुका अलावा वास्तविक लक्षित वर्गको पहुँच हुने तथा अभियानले आयआर्जन गरी जीवन स्तर उकास्ने खालका सीपमूलक कार्यक्रमहरु सञ्चालन गर्ने , अभियान कार्यान्वयन गर्ने थलो स्थानीय स्तर भएकाले स्थानीय स्तरमा जनचेतना जगाउने र गा.वि.स. र नगरपालिकालाई सक्रिय रुपमा परिचालन गर्नु पर्दछ ।

साक्षरता अभियानको कार्यान्वयनमा खटिएका सम्बन्धित निकायका व्यक्तिहरुले अभियानलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने क्रममा देखिएका र भोगेका समस्याहरुलाई निराकरण गर्नेतर्फ सम्बन्धित निकायले ध्यानु पुऱ्याउनु पर्ने देखिन्छ । यस अध्ययनका सिलसिलामा साक्षरता कक्षा संचालन र निरीक्षण गर्न नियुक्त भएका स्थानीय निरीक्षक, संयोजक र साक्षरता स्वयम्सेवकले भोगेका समस्याहरुको बारेमा साक्षरता अभियान राजनैतिक इच्छाशक्तिबाट परिचालन हुनु, तालिम अवधि छोटो हुनु, सीपमूलक कार्यक्रमको अभाव सामुदायिक अध्ययन केन्द्रको अभाव, पाठ्यपुस्तकहरु प्रयाप्त मात्रामा उपलब्ध नहुनाले पठन पाठनमा बाधा पुगेको , समय समयमा अनुगमन र निरीक्षण नभइदिनाले काममा जोस र जाँगर नभएको र पृष्ठपोषण नपाएको जस्ता विविध समस्याहरु रहेको देखियो । साक्षरता अभियानलाई प्रभाकारी रुपमा अगाडि बढाउनका लागि यसका जिम्मेवार निकायहरु र अभियानमा कार्यरत व्यक्तिहरुले भोगेका समस्याहरुको राम्ररी पहिचान गरी समाधान गर्न तर्फ ध्यान दिनु पर्ने देखिन्छ । मास्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्तको अध्ययनबाट पनि यो कुरा थाहा पाउन सकिन्छ कि व्यक्तिलाई कुनै पनि कार्य गर्नको लागि उत्प्रेरणाको आवश्यकता पर्दछ । उत्प्रेरणाले व्यक्तिको कार्य क्षमतामा वृद्धि भई जोस र जाँगर बढाउँछ र काममा थप हौसला प्राप्त हुने भएकाले अभियानमा कार्यरत व्यक्तिहरुका समस्या र आवश्यकताहरु समयमैं पहिचान गरेर समाधान गर्न सकेको खण्डमा अभियानले राखेको लक्ष पूरा हुने अपेक्षा राख्न सकिन्छ ।

## ५.३ **सुझावहरु**

समग्र अध्ययनको निष्कर्षको आधारमा साक्षरता अभियानलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि निम्न अनुसारका सुझावहरु प्रस्तुत गरिएको छ :

**नीतिनिर्माण तह**

क) अनौपचारिक शिक्षा नीति २०६३ मा सबैका लागि शिक्षाका लक्षहरु प्राप्त गर्न निजी सरकारी एवम् गैर सरकारी क्षेत्रलाई  परिचालन गरिने छ भनिएता पनि हालका वर्षहरुमा साक्षरता अभियान नितान्त कर्मचारीतन्त्रबाट सञ्चालन गरिएको छ र वर्षौदेखि कार्यरत, अनुभवी गै.श.स. हरुलाई यस अभियानमा समावेश गरिएको छैन । तसर्थ अभियानलाई सफलरुपमा सञ्चालन गर्न अनुभवी संघसंस्था तथा सम्बन्धित सम्पूर्ण निकायहरुलाई परिचालन गर्नु पर्ने दखिन्छ ।

ख) देशको विषम् परिस्थिति, अस्थितर राजनैतिक अवस्था, प्राकृति विपत्ति, वैदेशिक रोजगारमुखी शिक्षित युवा जमात जस्ता समस्यामूलक सूचकहरु रहेको अवस्थामा राष्ट्रिय साक्षरता अभियान घोषणा गरिएको छ । देशको परिस्थिति र साक्षरता अभियान बीच तालमेल नमिलेको अवस्था देखिन्छ । यसका लागि ठाउँ र आवश्यकता अनुसारको योजना साथ साथै साक्षरता योजना पनि सञ्चालन गर्नुपर्ने देखिन्छ ।

ग) केन्द्रीय स्तर देखि स्थानीय स्तर सम्म विभिन्न समिति तथा उपसमितिहरु निर्माण गरेता पनि यस्ता समितिहरु बढी औपचारिकमात्र भएको देखिन्छ । जसले गर्दा साक्षरता शिक्षा कार्यान्वयनमा त्यति सक्रिय भएको देखिंदैन । साक्षरता अभियानकै लागि गठन भएका यस्ता समिति तथा उपसमितिहरुलाई सक्रिय रुपमा परिचालन गर्नुपर्ने हुन्छ ।

घ) विगत् २०६५/०६६ देखि २०६६/०६७ को साक्षरता अभियानको स्वरुपलाई हेर्दा यो राजनीतिक दलको दलीय स्वार्थबाट अगाडि बढेको देखिन्छ । आफ्ना पार्टिका कार्यकर्तालाइ रोजगार दिनका लागि राष्ट्रिय साक्षरता अभियान सञ्चालन गरेको अवस्था देखिन्छ । अभियान  सञ्चालन गर्दा राजनैतिक पूर्वाग्रह नराखि सबै दलको प्रतिनिधित्व हुन जरुरी छ ।

ङ) राष्ट्रिय साक्षरता अभियान सञ्चालन गर्ने प्रमुख संस्था अनौपचारिक शिक्षा केन्द्र देखि लिएर स्थानीय स्तरको गाउँ र नगर स्तर सम्मका सम्पूर्ण निकाय बीच समन्वय हुनुपर्दछ । यी निकाय बीच समन्वय र पारदर्शीताको अभावका कारण अभियानले सोचे

अनुसारको उपलब्धि हासिल गर्न नसकेको देखिन्छ । साक्षरता अभियान कार्यक्रमसँग सम्बन्धित सम्पूर्ण सूचनाहरु पारदर्शी हुनुपर्ने देखिन्छ ।

**कार्यान्वयन तह**

क) विकेन्द्रीकरणको भावना अनुरुप साक्षरता अभियानको कार्यान्वनका लागि जिल्ला स्तरका गा.वि.स. तथा नगरपालिकालाई अभियान सञ्चालनको जिम्मेवारी सुम्पिएको भनिएको छ तर ती निकायहरु जनप्रतिनिधि विहिन अवस्थामा छन् । एउटा सचिवले २/३ वटा वडाहरु हेर्नुपर्ने अवस्था छ । यस्तो अवस्थामा अभियान सञ्चालन गरिएको छ । स्थानीय स्तरको चुनाव गरेर जनप्रतिनिधिहरुको चयन गरेर मात्र अभियान सञ्चालन गर्नु उपयुक्त देखिन्छ ।

ख) माथिल्लो निकायबाट तोकिएको समयमा कार्यक्रम प्राप्त नभएको हुनाले एउटा जिल्लामा एकैपटक सञ्चालन गरिने साक्षरता अभियानलाई पहिले केही गा.वि.स हरुमा र दोस्रोपटक नगरपालिका र अन्य गा.वि.स.मा सञ्चालन गरिएको छ । यसरी एउटै अभियानलाई दुई पटक सञ्चालन गर्दा काममा प्रभावकारीता नआउने र आर्थि दृष्टिकोणले पनि भार बढी पर्ने देखिन्छ । तसर्थ कार्यक्रम समयमा उपलब्ध हुनुपर्ने र एउटा जिल्लामा एकैपटक सञ्चालन गर्नुपर्ने देखिन्छ ।

ग) साक्षरता कक्षा  संचालन गर्नु भन्दा १ महिना अगाडि साक्षरता स्वयम्सेवकबाट आफ्नो वडाको तथ्यांक संकलन गर्ने भनिएता पनि वडा कार्यालयको सहयोगमा हचुवाको भरमा तथ्यांक संकलन गर्ने प्रवृत्ति देखियो । यसबाट के जानकारी प्राप्त हुन्छ भने निरीक्षरहरुको संख्या यति नै छ भनि भन्न नसकिने अवस्था छ । तसर्थ वास्तविक र शुद्ध तथ्यांक संकलन गर्न पारिवारिक लगत संकलन फारम र साक्षरता अभियान समष्टिगत फारम को प्रयोग गरी घरघरमा गएर तथ्यांक संकलन गर्न जरुरी छ ।

घ) कुनै पनि कार्यको उपलब्धि मूल्यांकन हुन जरुरी छ । यसका लागि अनुगमन, निरीक्षण कार्यलाई तीव्रता दिनु पर्ने हुन्छ । स्थानीय निरीक्षक हरुले प्रत्येक महिनाको अन्तिममा मूल्यांकन फारम सहित साक्षरता कक्षाको निरीक्षण गरी सहभागीहरुको उपलब्धिलाई अध्यावधिक गर्नु जरुरी छ ।

ङ) साक्षरता अभियान कार्यक्रमको प्रचार प्रसार त्यति व्यापक रुपले नभएको देखिन्छ । यसका लागि रेडियो, टि.भि, पत्रपत्रिका र स्थानीय एफ. एम. हरुबाट व्यापक रुपमा प्रचार प्रसार

गरिनु

पर्दछ । साक्षरता अभियान सम्बन्धमा प्रवचन तथा अन्तरक्रिया सञ्चालन गर्ने र सामूदायिक अध्ययन केन्द्रहरुबाट जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गुर्न पर्दछ ।

**अनुसन्धान तह**

क) सामाजिक, आर्थिक र सांस्कृतिक रुपमा पिछडिएका, शिक्षाको पहुँचबाट टाढा भएका, विपन्न, दलित, जाति जनजाति, महिला एवम् अल्पसंख्यक व्यक्तिहरुका लागि भनेर सञ्चालन गरिएको साक्षरता अभियान वास्तविक लक्षित वर्गको पहुँच सम्म पुगेको देखिंदैन । वास्तविक निरक्षरहरु ग्रामिण भेग, कलकारखाना, उद्योग, दलित तथा आदिवासी जनजाति वस्ति, गरिव तथा पिछडिएका दुर्गमा क्षेत्रका वस्तिहरुमा बढी हुने भएकाले यही क्षेलाई दिशाबोध गरी अभियान सञ्चालन गरिनु पर्दछ । साक्षरताका कक्षाहरु सहभागीहरुको पायक पर्ने ठाउँ भनि धेरै जसो घरको बरण्डा र स्कूलको कक्षाहरुमा सञ्चालन गरेको देखिन्छ । साक्षरता कक्षाहरु सञ्चालन गर्ने उद्देश्यले स्थापना भएका सामूदायिक अध्ययन केन्द्रहरुमा नै कक्षाहरु सञ्चालन गर्नुपर्दछ ।

ग) स्थानीय निरीक्षकहरुबाट प्रत्येक महिनाको अन्तिममा अनुगम निरीक्षण गरिनु पर्ने भनिएतापनि निर्धारित समयमा अनुगमन निरीक्षण नभएको देखिएन्छ । तसर्थ निरीक्षकहरुले कक्षा सञ्चालनको अवस्था, शैक्षिक सामग्रीका अवावश्यकता, सहभागीको उपस्थिति र कक्षा सञ्चालनगर्दा आइपर्ने समस्याको बारेमा जानकारी राख्न समय समयमा निरीक्षण गर्नुपर्ने देखिन्छ ।

घ) साक्षरताका पाठ्यपुस्तकहरु निकै पूराना छन् । यी पुस्तक परिवर्तन गर्नुपर्ने देखिन्छ । आजको २१ औं सताब्दिलाई मनन गर्दा समाज धेरै परिवर्तनको मोडमा छ । विज्ञान र प्रविधिको बढ्दो विकास र प्रयोगले गर्दा पढ्न लेख्न नसक्ने निरक्षरहरु पनि धेरै कुरा जानि सकेका छन् । तसर्थ निरक्षरहरुलाई सिकाइने पाठहरु परिस्कृत गर्नुपर्ने देखिन्छ ।

ङ) तीन महिनाको छोटो अवधिमा निरक्षरहरुलाई लेख्ने पढ्ने र हरहिसाब राख्न सक्ने बनाउन मुस्किल पर्ने देखिन्छ । सहभागीहरुको शैक्षिक स्तरलाई हेर्दा साक्षरता शिक्षा सञ्चालन अवधिलाई ३ महिनाबाट ६ महिनाको बनाउनु पर्ने अवस्था देखिन्छ ।

च) साक्षरता स्वयम् सेवक भनि निर्देशिका २०६५ ले साक्षरता कक्षा सञ्चालन गर्ने शिक्षकलाई सम्बोधन गरेको छ । तर पारिश्रमिक भने ज्यादै न्यून (रु २००० मात्र ) प्रदान गरेको छ ।

कित शिक्षकलाई बराबर सेवा सुविधा प्रदान गरी शिक्षकको सम्बोधन गर्नु उपयुक्त हुन्छ, कित नितान्त स्वयम्सेवककै रुपमा सम्बोधन गरी विनाशुल्कमा सेवामा कार्यरत गराएको हुनु पर्दछ ।

## सन्दर्भग्रन्थहरू


अधिकारी प्रकाश सिंह (२०५९), **सबैकालागि शिक्षाको सन्दर्भमा साक्षरता,** साक्षरता समाचार विशेषाङ्क, सानोठिमी भक्तपुर ।

अधिकारी, प्रकाशसिंह (२०६६), **साक्षरता अभियानको राष्ट्रिय र अन्तराष्ट्रिय परिपेक्ष,** साक्षरता विशेषाङ्क सानोठिमी भक्तपुर ।

अनौपचारिक शिक्षाकेन्द्र (२०६३), **अनौपचारिक शिक्षा नीति,** सानोठिमी भक्तपुर : नेपाल सरकार शिक्षा मन्त्रालय अनौपचारिक शिक्षाकेन्द्र ।

अनौपचारिक शिक्षाकेन्द्र (२०६५), **राष्ट्रिय साक्षरता अभियान कार्यान्वयन निर्देशिका,** सानोठिमी भक्तपुर, नेपाल सरकार शिक्षा मन्त्रालय अनौपचारिक शिक्षा केन्द्र ।

अनौपचारिक शिक्षाकेन्द्र (२०६६), **राष्ट्रिय साक्षरता अभियान एक परिचय,** सानोठिमी भक्तपुर ।

काफ्ले, बासुदेव र अन्य ( २०६१), **शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा,** कमलपोखरी काठमाण्डौ : विद्यार्थी पुस्तक पसल ।

के.सी., भोला (२०५४), **साक्षरताका लागि स्थानीय पाठ्क्रम निर्माण प्रक्रिया,** सोनोठिमी भक्तपुर ।

खनाल, पेशल (२०६०), **शैक्षिक अनुसन्धान पद्धति,** कीर्तिपुर काठमाण्डौ : सनलाइट पब्लिकेशन ।

तिमिल्सिना, विनोद खण्ड (२०६१), **शैक्षिक अनुसन्धान पद्धिति सहायक,** किर्तिपुर काठमाण्डौ : क्षितिज प्रकाशन ।

पाण्डे, रामप्रसाद (२०५९), **साक्षर, साक्षरताको स्थिति र साक्षरता अभियान** सानोठिमी भक्तपुर : शिक्षा मन्त्रालय अनौपचारिक शिक्षा केन्द्र ।

मिश्र, जीवछ् (२०६६), **अभियान साक्षरतामा सर्वपक्षिय सदासयता,** साक्षरता विशेषाङ्क सानोठिमी भक्तपुर ।

लोहनी, शिवराज (२०५४), **साक्षरता अभियान किन र कसरी,** सानोठिमी भक्तपुर काठमाण्डौ ।

वराल, खगराज (२०६६), **राष्ट्रिय साक्षरता अभियान चुनौति र सम्भावना,** साक्षरता विशेषाङ्क सानो ठिमी भक्तपुर ।

वोगटी, मोहन नर्सिंह (२०६५), **प्रौढ शिक्षा अभियान र चितवन जिल्लाका प्रौढहरुमा ल्याएको परिवर्तनको एक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र महेन्द्र रत्न क्याम्पस, ताहाचल काठमाण्डौ ।

शर्मा, दिपक (२०६६), **राष्ट्रिय साक्षरता अधियान आगामी अभियानका लागि वहसका विषयहरु,** सानोठिमी भक्तपुर ।

शर्मा एण्ड शर्मा (२०६३), **शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा,** भोटाहिटी काठमाण्डौः एम. के. पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स ।

शर्मा एण्ड शर्मा (२०६३), **कक्षाकोठामा मनोविज्ञान,** भोटाहिटी काठमाण्डौः एम. के. पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स ।

शैक्षिक, समाचार (२०६६), **जि.शि.का. चितवनको समाचार बुलेटिन,** भरतपुर चितवन ।

ज्ञवाली, मूक्तिप्रसाद ( २०६३), **साक्षरता अभियानका नीति र रण्नीतिहरु,** साक्षरता विशेषाङ्क सानोठिमी भक्तपुर ।

Kafle Basudav (2066) **Literacy is for life,** Sanothimi Bhgaktapur.

Khanal, Hari (2066) **NFE Program shifting towards decentralized mode,** Sanothimi Bhgaktapur.

Pant,Tap Raj (2066), **Literacy for all Issues and Challenge,** Sanothimi Bhgaktapur.

UN, HRD (2009), **List of Countries By literacy Rate,** www.google.com.

**Literacy for Nepal, NFE to boost Literacy in** www. google.com.

UN, HRD (2009), List of Countries By literacy Rate, www. google. com.

## राष्ट्रिय साक्षरता अभियानको कार्यान्वयन अवस्था

## अनुसूची १

## साक्षरता अभियान हेर्ने संयोजकलाई सोधिने प्रश्नावली

**नामः** **लिङ्गः**

**कक्षकेन्द्रको नाम :** **ठेगानाः**

1. साक्षरता अभियानको कोटा कहाँ र कुन निकायबाट प्राप्त हुने गरेको छ ?

.......................................................................................................

.

2. तपाईंको जिल्लामा साक्षरता शिक्षाको कोटा को मार्फत वितरण गरिन्छ ?

.......................................................................................................

.

3. साक्षरता शिक्षाको कक्षा कुन समयमा सञ्चालन गर्दा उपयुक्त हुन्छ जस्तो लाग्छ ?

.......................................................................................................

.

4. साक्षरता स्वयम् सेवकको योग्यता कति हुनु पर्दछ जस्तो लाग्छ ?

.......................................................................................................

.

5. अभियान संचालन गर्नु भन्दा पहिले र अभियान सञ्चालन गर्दाको वखत समाजमा के कस्तो परिवर्तन भएको पाउनु भएको छ ?

.......................................................................................................

.

6. अभियानको सफल कार्यान्वयनका लागि अभियानसँग सम्बन्धित सम्पूर्ण निकायहरु कतिको जिम्मेवार भएको पाउनु भएको छ ?

.......................................................................................................

.

7. साक्षरता अभियान कार्यान्वयनमा के कस्ता समस्याहरु रहेका छन् ?

.......................................................................................................

.

8. साक्षरता अभियान कार्यान्वयनका क्रममा देखिएका समस्याहरुको समाधान कसरी गर्न सकिन्छ ?

.........................................................................................................

.

9. लक्षित वर्गका लागि भनेर सञ्चालन गरिएको साक्षरता अभियान साँच्चिकै लक्षित वर्गको पुहुँच सम्म पुगेको देख्नु भएको छ ?

.........................................................................................................

.

10. यति ठूलो संख्यामा रहेको निरक्षरताको उन्मूलनका लागि २ वर्षको छोटो अभियान तपाईंलाई कस्तो लाग्छ ?

.........................................................................................................

....

११. के निरक्षरता उन्मूलनका लागि साक्षरता अभियानले राखेको लक्ष पूरा हुन्छ जस्तो लाग्छ ?

.........................................................................................................

१२. राष्ट्रिय साक्षरता अभियान अभियानका सवल पक्षहरु के के हुन् ?

.........................................................................................................

....

१३. साक्षरता अभियानको सफल कार्यान्वयका लागि सर्वपक्षिय सदासयता पाउनु भएको छ कि छैन ?

# राष्ट्रिय साक्षरता अभियानको कार्यान्वयन अवस्था

## अनुसूची २

## स्थानीय निरीक्षकका लागि प्रश्नावली

**नामः** **लिङ्गः**

**कक्षकेन्द्रको नाम :** **ठेगानाः**

1. साक्षरता शिक्षा कक्षा महिनामा कतिपटक निरीक्षण गर्ने गर्नु भएको छ ?

   ...................................................................................................................

2. कक्षा निरीक्षण गरेको फारम भरेर गा.वि.स. मा पठाउनु हुन्छ कि जि.शि.का.मा पठाउनु हुन्छ ?

   ...................................................................................................................

3. स्वयं सेवकको वैठक महिनामा कति पटक बोलउने गर्नु हुन्छ ?

   ...................................................................................................................

4. निरीक्षणका क्रममा साक्षरता स्वयं सेवकले संचालनमा आइपर्ने समस्याहरु देखाउने गरेका छन्?

   ...................................................................................................................

5. त्यस्ता समस्याहरुको समाधान स्वयं आफै गर्नु हुन्छ कि ? माथिल्लो निकायसँग समन्वयन गरी समाधान गर्नुहुन्छ ?

   ...................................................................................................................

6. निरीक्षण अनुगमन प्रतिवेदन गा.वि.स., न.पा. र जि.शि.का. मा मासिक रुपमा पठाउनु हुन्छ कि ? अभियानको अन्त्यमा पठाउनु हुन्छ ?

   ...................................................................................................................

7. साक्षरता स्वयं सेवकको हाजिरी गराउनु हुन्छ ?

   ...................................................................................................................

8. सहभागिको आन्तरिक र वाह्य परीक्षामा कस्तो भूमिका निर्वाहा गर्नु भएको छ ?

   ...................................................................................................................

9. आफ्नो सेवा क्षेत्र भित्र रहेका कक्षा केन्द्रहरु लगायत अनौपचारिक शिक्षाका अन्य अभियानहरुको अनुगमन निरीक्षण गर्नुहुन्छ ?

.........................................................................................................

.

10. नमुना कक्षाहरु लिने गर्नु भएको छ कि छैन ?

.........................................................................................................

....

११. निरीक्षणका क्रममा मूल्यांकाका कुन साधनहरु प्रयोग गर्नुहुन्छ ?

.........................................................................................................

....

## राष्ट्रिय साक्षरता अभियानको कार्यान्वयन अवस्था

## अनुसूची ३

## साक्षरता स्वयम् सेवकका लागि प्रश्नावली

**नामः** **लिङ्गः**

**कक्षकेन्द्रको नाम :** **ठेगानाः**

1. तपाईंको नियूक्तिको लागि कुन निकायद्वारा सिफारिस गरिन्छ ?

.........................................................................................................

2. तथ्यांक संकलन गर्दा एक्लैले गर्नुहुन्छ कि अन्य कसैको सहयोग लिनुहुन्छ ?

.........................................................................................................

3. तथ्यांक संकलन गर्दा के स्तता फारमहरुको प्रयोग गर्नु भएको छ ?

.........................................................................................................

4. कक्षा संचालनमा कुन विधि उपयुक्त ठान्नु हुन्छ ?

.........................................................................................................

5. साक्षरता कक्षामा सहभागीहरुको उपस्थिति कस्तो छ ?

.........................................................................................................

6. कक्षा संचालनका लागि कुन समय उपयुक्त ठान्नुहुन्छ ?

.........................................................................................................

7. साक्षरता शिक्षाका पाठ्य सामग्रीहरु सहभागीहरुका लागि कत्तिको व्यवहारिक छन् ?

.........................................................................................................

8. साक्षरता स्वयंसेवक र सहभागिहरु बीचको सम्बन्ध कस्तो भएमा कक्षाकोठामा सहभागीहरुको उपस्थिति वृद्धि हुन सक्छ ?

.........................................................................................................

9. साक्षरता शिक्षा प्रदान गरिसकेपछि सहभागिहरुको जीवनस्तरमा सुधार होला जस्तो लाग्छ ?

.........................................................................................................

10. तपाईंलाई दिइने मासिक प्रोत्साहन भत्ताबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

.........................................................................................................

11. कक्षा सञ्चालनका गर्दा के कस्ता समस्याहरु आउने गर्दछन् ?

# राष्ट्रिय साक्षरता अभियानको कार्यान्वयन अवस्था

## अनुसूची ४

## सहभागीलाई सोधिने प्रश्नावली

**नामः** **लिङ्गः**

**कक्षाकेन्द्रको नाम :** **ठेगानाः**

1. साक्षरता अभियान कस्तो लाग्छ ?

.....................................................................................................................

2. साक्षरता कक्षा सञ्चालन गर्न कुन समय ठीक मान्नुहुन्छ ?

.....................................................................................................................

3. नियमित रुपमा उपस्थित हुनका लागि कुन पक्षलाई बाधक ठान्नुहुन्छ ?

.....................................................................................................................

4. सरकारी स्तरबाट संञ्चालन भएका विभिन्न अभियानहरु मध्ये कुन अभियान बढी प्रभावकारी मान्नु हुन्छ ?

.....................................................................................................................

5. साक्षरता शिक्षाको अध्ययनबाट आफ्नो जीवन स्तरमा सुधार होला जस्तो लाग्छ ?

.....................................................................................................................

6. अहिले सञ्चालन भइरहेको साक्षर बनौं क्षमता बढाऔं भन्ने नारा कत्तिको व्यवहारिक छ ?

.....................................................................................................................

7. सीपमूलक अभियानमा कुन अभियान बढी रुचाउनु हुन्छ ?

.....................................................................................................................

8. पढ्नको लागि परिवारबाट कत्तिको सहयोग पाउनु भएको छ ?

.....................................................................................................................

9. साक्षरता शिक्षा पछि अरु थप शिक्षा लिनका लागि इच्छुक हुनुहुन्छ ?

……………………………………………………………………………………………………
…..

10. साक्षरता अभियान पछि समाजमा हुने अन्धविश्वास र रुढीवादी परम्परा प्रतिको धारणामा केही परिवर्तन आएको छ ?

……………………………………………………………………………………………………
…..


11. साक्षरता शिक्षा अभियान कार्यान्वयन गर्दा के कस्ता समस्याहरु आइ परेका छन् ?

……………………………………………………………………………………………………
…..

## राष्ट्रिय साक्षरता अभियानको कार्यान्वयन अवस्था

## अनुसूची ५

## केन्द्र देखि स्थानीय स्तर सम्मको अनौपचारिक शिक्षाको साङ्गठनिक संरचना




*स्रोत : साक्षरता विशेषाङ्क : २०६६*

## राष्ट्रिय साक्षरता अभियानको कार्यान्वयन अवस्था

## अनुसूची ६

### अनौपचारिक शिक्षा सञ्जालको अन्तराष्ट्रिय सरलीकरण नमूना

Modality for the Facilitation of NFE Networks




Source : *Literacy for Nepal, NFE to boost literacy in www. google. com.*

## राष्ट्रिय साक्षरता अभियानको कार्यान्वयन अवस्था

## अनुसूची ७

## नेपाल सरकार
### साक्षरता अभियान कार्यक्रम २०६६/०६७
### समष्टीगत फारम

जिल्ला: चितवन
भरतपुर नगरपालिका कार्यालय

| वडा नं. | कुल सहभागी संख्या | | | दलित | | | आदिवासी/जनजाती | | | अन्य | | | अनुपस्थिति | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | ९३ | | ९३ | ६ | | ६ | १६ | | १६ | २७ | | २७ | | | |
| २ | ११२ | | ११२ | ६ | | ६ | ६८ | | ६८ | १३ | | १३ | | | |
| ३ | ४१ | | ४१ | ४ | | ४ | ८ | | ८ | ८ | | ८ | | | |
| [illegible] | ५८ | | ५८ | १० | | १० | ३ | | ३ | ७ | | ७ | | | |
| [illegible] | १६ | | १६ | १ | | १ | ९ | | ९ | ६ | | ६ | | | |
| [illegible] | २५ | | २५ | १ | | १ | ६ | | ६ | २५ | | २५ | | | |
| [illegible] | ५९ | १ | ६० | १ | १ | [illegible] | २३ | | २३ | ३५ | | ३५ | | | |
| [illegible] | ९६ | ३ | ९९ | २० | ३ | २३ | १४ | | १४ | ५९ | | ५९ | | | |
| [illegible] | ६४ | | ६४ | २ | | २ | २८ | | २८ | ३४ | | ३४ | | | |
| १० | १६३ | | १६३ | ८ | | ८ | ७५ | | ७५ | ५७ | | ५७ | | | |
| ११ | १०८ | | १०८ | ५ | | ५ | ५८ | | ५८ | ४५ | | ४५ | | | |
| १२ | १११ | | १११ | २४ | | २४ | २७ | | २७ | ६० | | ६० | | | |
| १३ | ८३ | ६ | ८९ | ११ | ३ | १४ | ९ | | ९ | ६४ | | ६४ | | | |
| १४ | ८१ | १ | ८२ | २४ | १ | २५ | १४ | ४ | १८ | २९ | | २९ | | | |

अनिता श्रेष्ठ
समुदाय परिचालक
तयार गर्ने

रामजी प्रसाद कँडेल
कार्यकारी अधिकृत
प्रमाणित गर्ने

## राष्ट्रिय साक्षरता अभियानको कार्यान्वयन अवस्था
## अनुसूची ७

## राष्ट्रिय साक्षरता अभियानको कार्यान्वयन अवस्था
## अनुसूची ८


## राष्ट्रिय साक्षरता अभियानको कार्यान्वयन अवस्था
## अनुसूची ७

## राष्ट्रिय साक्षरता अभियानको कार्यान्वयन अवस्था
## अनुसूची ८

# राष्ट्रिय साक्षरता अभियानको कार्यान्वयन अवस्था

## अनुसूची ९

**नेपाल सरकार**

**साक्षरता अभियान २०६.....**

**स्थानीय निरीक्षकले अनुगमनका समयमा प्रयोग गर्ने फारम**

**गा.वि.स./न.पा.**

**साक्षरता स्वयम् सेवकको नाम :**

**सहभागीहरुको उपस्थिति विवरण :**

| सहभागीहरु | भर्ना | उपस्थिति संख्या | अनुपस्थित संख्या | अनुपस्थित हुनुका कारणहरु |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

साक्षरता स्वयंसेवकले शिक्षणमा के के काम गर्ने गरेको पाउनु भयो ? ✓ चिन्ह लगाउनुहोस् ।

| गरेको कार्यहरु | धेरै राम्रो | राम्रो | सुधार गर्नुपर्ने | तपाइले के सुझाव दिनुभयो |
|---|---|---|---|---|
| समुह शिक्षण र समुह कार्य | | | | |
| मुख्य शब्द विधिको प्रयोग | | | | |
| सिकारुको अनुभवसँग जोडेर उदाहरणको प्रस्तुति दिने गरेको | | | | |
| सहभागी प्रति आदरपूर्वक व्यहार गरेको | | | | |
| शिक्षण कौशल | | | | |
| पाठको प्रस्तुतीकरण | | | | |
| तालिममा सिकेको सीपको प्रयोग | | | | |

| | |
|---|---|
| सुकारका लागि सुझावहरु | |
| पहिलो अनुगमनबाट भएको सुधार | |

साक्षरता स्वयंसेकको नाम :
दस्तखत :
मिति :

स्थानीय निरीक्षकको नम
दस्तखत :
मिति :